# अपाङ्गता स्रोत पुस्तिका २०७१

अपाङ्गता भएका व्यक्तिका लागि उपलब्ध सेवा, सुविधा, अवसर तथा महत्वपूर्ण कानुनी प्रावधान सम्बन्धी

**सहजिकरण पुस्तिका**

महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय

सिंहदरवार, काठमाडौं

अपाङ्गता स्रोत पुस्तिका २०७१

सल्लाहकार समिति :

निर्माण तथा प्रकाशन कार्यदल

**यस संस्करणको लागि**

**प्रकाशक :** महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय

स्रोत पुस्तिका अध्यावधिक : राष्ट्रिय अपाङ्ग महासंघ नेपाल

अध्यावधिक गर्न सहयोग : युनिसेफ unicef

प्रथम संस्करण : ६००० प्रति, २०६६ मंसीर

दोस्रो संस्करण : ६००० प्रति २०६८

तेस्रो संस्करण : १०००० प्रति २०६९ ज्येष्ठ

चौथो संस्करण : .......... प्रति २०७१ ........

सर्वाधिकार : प्रकाशकमा

# विषय-सूची

**खण्ड एक : अपाङ्गताको परिभाषा तथा वर्गीकरण्ा**

**खण्ड दुई : कानुनी प्रावधान तथा सेवासुविधा र प्राप्त गर्ने प्रक्रिया**

(१). अपाङ्गता पहिचान (Disability Identification)

(२). शिक्षा (Education)

(३) स्वास्थ्य (Helath)

(४) रोजगारी तथा आय आर्जन (Employment and Income Generation)

(५) तालिम (Training)

(६) आवागमन (Mobility)

(७) भौतिक पहुँच (Accessibility)

(८) पुनर्स्थापना, शसक्तिकरण तथा समाजिक सुरक्षा (Rehabilitation, Empowerment and Social Security)

(९) खेलकुद तथा मनोरञ्जन (Sports and Entertainment)

(१०) कानुनी सेवा (Leagel Service)

(११) अपाङ्गता भएका व्यक्तिका लागि विभिन्न सेवा सुविधा, अधिकार तथा अवसर समानीकरणका लागि काम गर्ने संघ संस्था आदिका लागि कानुनमा गरिएका केहि व्यवस्था

(१२) नेपाल सरकारद्वारा सञ्चालित समुदायमा आधारित पुन:स्थापना (सी.बी.आर.) कार्यक्रम

(१३) अपाङ्गता सम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजना २०६३ ले तय गरेका केहि महत्वपूर्ण कार्ययोजनाहरु

(१४) अपाङ्गता भएका व्यक्तिका विभिन्न सवालहरुलाई सम्बोधन गर्ने राष्ट्रिय कानुनका बारेमा संक्षिप्त जानकारी

(१५) महत्वपूर्ण अन्तराष्ट्रिय दस्तावेज ।

(१६) सन्दर्भ सामग्रीहरु

**प्रकाशनको उद्देश्य तथा अपेक्षित उपलब्धी**

**प्रमुख उद्देश्यहरू :**

क) अपाङ्गता भएका व्यक्ति तथा उनीहरूका अभिभावकलाई राज्य तथा गैरसरकारी क्षेत्रबाट प्रदान गरिएका सेवा, सुविधा, अवसर र यससँग सम्बन्धित कानुनी व्यवस्थाका बारेमा सुसूचित गराई अधिकार उपभोगमा सघाउ पुर्याउने ।

ख) अपाङ्गता अधिकारका लागि पैरवीमा सहयोग पुर्याउने ।

ग) अपाङ्गता भएका व्यक्तिहरूलाई सेवासुविधामा पहुँच पुर्याउन कार्यरत संघसंस्था, निकाय, व्यक्तिलाई आवश्यक र अद्यावधिक सूचना प्रवाह गर्ने ।

घ) अपाङ्गता भएका व्यक्तिका लागि सेवासुविधा प्रवाह गर्ने स्थानीय सरकारी निकायमा आवश्यक वातावरण तय गर्ने ।

ङ) अपाङ्गता विषयको मूल प्रवाहीकरणमा सघाउ पुर्याउने ।

**अपेक्षित उपलब्धिहरू :**

क) अपाङ्गता विषयसँग सम्बन्धित सम्पूर्ण सेवासुविधा र कानुनी व्यवस्थाहरू एउटै पुस्तकमा समेटिने ।

ख) सेवा/सुविधाग्राहीलाई राज्यबाट पाउने सेवा, सुविधा र अवसरका बारेमा जानकारी लिन र सम्बन्धित निकायबाट सुविधा उपभोग गर्न सहज हुने ।

ग) स्थानीय स्तरका सेवाप्रदायक निकायहरूलाई आवश्यक सूचना प्रदान गरी पर्याप्त मार्ग निर्देश गर्ने ।

घ) अपाङ्गता अधिकारका लागि काम गर्ने स्वावलम्बी संस्था, सीबीआर कार्यकर्ता, अपाङ्गता अधिकारकर्मी र यससँग सम्बद्ध संघसंस्थालाई अपाङ्गता भएका व्यक्तिका विभिन्न विषयमा पैरवी गर्न सहज हुने ।

ङ) सेवासुविधा र कानुनी व्यवस्थाका बारेमा स्थानीय सरोकारवाला र लक्षित समूहहरू सूसुचित हुने ।

च) सेवासुविधाको उपभोग र यसमा देखिएका समस्याका बारेमा पृष्ठपोषण हुने ।

**यस पुस्तकको प्रयोग ककसले गर्न सक्छन् ?**

यस पुस्तकको प्रयोग निम्न सरोकारवाला समूह वा व्यक्तिले गर्न सक्छन् ।

- ✓ अपाङ्गताका क्षेत्रमा काम गर्ने सामुदायिक अपाङ्गता सहयोगी कार्यकर्ता, सीबीआर कार्यकर्ता ।
- ✓ अपाङ्गता भएका व्यक्ति र उनीहरूका परिवारका सदस्यहरू ।
- ✓ अपाङ्गता भएका व्यक्तिहरूद्वारा संचालित संघसंंस्था र अपाङ्गताका क्षेत्रमा काम गर्ने अन्य संघसंस्था ।
- ✓ नेपाल सरकार र नेपाल सरकारका क्षेत्रीय, जिल्ला तथा गाउँ तथा नगरपालीकास्तरीय निकायहरू ।
- ✓ अपांगता अधिकारकर्मी, मानव अधिकारकर्मी तथा नागरिक समाज ।
- ✓ अपाङ्गताका सबालमा चासो राख्ने वा यस विषयमा अध्ययन अनुसन्धान गर्न चाहने व्यक्ति तथा संस्थाहरू ।

## खण्ड एक : अपाङ्गताको परिभाषा तथा वर्गीकरण
## DEFINITION AND CLASSIFICATION OF DISABILITY

अपाङ्गताको परिभाषा तथा अपाङ्गपनको निर्धारण नेपाल राजपत्र, नेपाल सरकारद्वारा प्रकाशित, खण्ड ५६, काठमाडौं, भदौ २ गते २०६३ साल (अतिरिक्तांक ३३ ख + २), भाग ३ नेपाल सरकार, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयको सूचना नेपाल सरकारले अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ को दफा ३ को उपदफा (१) को प्रयोजनका लागि सोही दफाको उपदफा (२) बमोजिम गठित समितिको सिफारिसबमोजिम "अपाङ्गताको परिभाषा तथा अपाङ्गपनको निर्धारण" सम्बन्धमा देहायबमोजिमको मापदण्ड तोकेको छ ।

**१. अपाङ्गताको परिभाषा :** शरीरका अङ्गहरू र शारीरिक प्रणालीमा भएको समस्याका कारण भौतिक, सामाजिक, सांस्कृतिक वातावरणका साथै सञ्चारसमेतबाट सिर्जना भएको अवरोधसमेतले दैनिक क्रियाकलाप सामान्यरूपमा सञ्चालन गर्न एवं सामाजिक जीवनमा पूर्ण सहभागी हुन कठिनाइ हुने अवस्थालाई अपाङ्गता भनिन्छ ।

**२. अपाङ्गताको वर्गीकरण :** शारीरिक अङ्गहरू र शारीरिक प्रणालीमा भएको समस्या एवं कठिनाइका प्रकृतिअनुसार अपाङ्गतालाई निम्नबमोजिम सात प्रकारमा वर्गीकरण गरिएको छ ।

**२.१ : शारीरिक अपाङ्गता :** स्नायु, मांसपेसी र जोर्नीहरू तथा हड्डीको बनावट एवं सञ्चालन कार्यहरूमा भएको समस्याका कारणबाट व्यक्तिमा शारीरिक अङ्गहरूको सञ्चालन, प्रयोग र हिँडडुलमा आएको समस्या शारीरिक अपाङ्गता हो । जस्तै : बाल पक्षाघात (पोलियो), मस्तिष्क पक्षाघात (Cerebral Palsy) मांसपेसी विचलन (Muscular Dystrophy), जोर्नी र मेरुदण्डसम्बन्धी स्थायी समस्या, क्लबफिट, पैताला फर्केको, रिकेटस, हड्डीसम्बन्धी समस्याका कारण उत्पन्न अशक्तता इत्यादि शारीरिक अपाङ्गता हो । होचापुड्का व्यक्तिहरू पनि परिभाषा अनुसार यस वर्गीकरणमा पर्दछन् ।

**२.२ : दृष्टिसम्बन्धी अपाङ्गता :** दृष्टिसम्बन्धी समस्याका कारण व्यक्तिमा कुनै पनि वस्तुको आकृति, आकार, रूप र रङ्गको ज्ञान नहुने स्थिति दृष्टिसम्बन्धी अपाङ्गता हो । यो निम्न दुई प्रकारको हुन्छ ।

***क) दृष्टिविहीनता (Blind) :*** कुनै व्यक्ति औषधी, शल्यचिकित्सा तथा चस्मा प्रयोगजस्ता उपचारबाट पनि दुवै आँखाले हातको औंला १० फिटको दूरीबाट छुटयाउन सक्दैन अर्थात् स्नेलेन (Snellen) चार्टको पहिलो लाइनको अक्षर (३/६०) पढ्न सक्दैन भने त्यस्तो व्यक्तिलाई दृष्टिविहीन मानिनेछ ।

***ख) न्यून दृष्टियुक्त (Low Vision) :*** कुनै व्यक्ति औषधी, शल्यचिकित्सा तथा चस्मा प्रयोगजस्ता उपचारबाट पनि २० फिटको दूरीबाट हातको औंला छुटयाउन सक्दैन अर्थात् स्नेलेन (Snellen) चार्टको चौथो लाइनको अक्षर (६/१८) पढ्न सक्दैन भने त्यस्तो व्यक्तिलाई न्यून दृष्टियुक्त मानिनेछ ।

**२.३ : सुनाइसम्बन्धी अपाङ्गता :** सुनाइका अंगहरूको बनावट एवं स्वरको पहिचान, स्थान, उतारचढाव तथा स्वरको मात्रा र गुण छुट्याउने कार्यमा व्यक्तिमा भएको समस्या सुनाइसम्बन्धी अपाङ्गता हो । यो निम्न दुई प्रकारको हुन्छ :

***२.३.१ : बहिरा (Deaf) :*** नसुन्ने, अस्पष्ट बोल्ने वा बोल्न नसक्ने र सञ्चारका लागि साङ्केतिक भाषा प्रयोग गर्नुपर्ने व्यक्ति बहिरा हो । ८० डेसिबल (80 db) भन्दा माथिको ध्वनि पनि सुन्न नसक्ने व्यक्तिलाई बहिरा मानिनेछ ।

***२.३.२ : सुस्त-श्रवण (Hard of Hearing) :*** कान कममात्र सुन्ने तर कम सुनेर सफासँग बोल्नसक्ने, सुन्नलाई कानमा श्रवणयन्त्र राख्नुपर्ने व्यक्ति सुस्त श्रवण व्यक्ति हो । ६५ डेसिबल (65 db) देखि ८० डेसिबल (80 db) सम्मको ध्वनि सुन्नसक्ने व्यक्तिलाई सुस्त श्रवण मानिनेछ ।

**२.४ : श्रवणदृष्टिविहीन (Deafblind) :** श्रवण र दृष्टिविहीनता दुवै भएको व्यक्ति श्रवणदृष्टिविहीन (Deaf-blind) अपाङ्ग मानिनेछ ।

**२.५ : स्वर बोलाइसम्बन्धी अपाङ्गता :** स्वर र बोलाइसम्बन्धी अङ्गहरूमा उत्पन्न अप्ठ्यारोको कारण तथा बोल्दा स्वरको उतारचढावमा कठिनाइ, बोली स्पष्ट नहुनु, बोल्दा शब्द वा अक्षर दोहोरिनुलाई स्वर र बोलाइसम्बन्धी अपाङ्गता मानिनेछ ।

**२.६. मानसिक अपाङ्गता :** मस्तिष्क र मानसिक अङ्गहरूमा आएको समस्या तथा सचेतन, अभिमुखीकरण, स्फ'र्ति, स्मरणशक्ति, भाषा, गणनाजस्ता बौद्धिक कार्य सम्पादनका सन्दर्भमा आउने समस्याका कारण उमेर र परिस्थितिअनुसार व्यवहार गर्न नसक्नु तथा वौद्धिक सिकाइमा ढिला हुनुलाई मानसिक अपाङ्गता मानिनेछ । यो निम्न तीन प्रकारको हुन्छ ।

***२.६.१. बौद्धिक अपाङ्गता/सुस्त मनस्थिति*** १८ वर्षको उमेरअगावै बौद्धिक विकास नभएको कारणले उमेर वा वातावरणसापेक्ष क्रियाकलापहरू गर्न कठिनाइ हुने व्यक्तिलाई बौद्धिक अपाङ्ग/सुस्त मनस्थिति मानिनेछ ।

***२.६.२ मानसिक अस्वस्थता (Mental Illness) :*** मानसिक अस्वस्थता वा कमीकमजोरी वा विकृतिका कारण दैनिक जीवनयापन गर्न कठिनाइ हुने अशक्ततालाई मानसिक अस्वस्थता मानिनेछ ।

***२.६.३ अटिज्म (Autism) :*** जन्मजातरूपमा कुनै व्यक्तिको उमेरको विकाससँगै सामान्य व्यवहार नदेखिनु, अस्वाभाविक प्रतिक्रिया देखाउनु, एउटै क्रिया लागातार दोहोर्याइरहनु, अरूसँग घुलमिल नहुनु वा तीव्र प्रतिक्रिया गर्नुलाई अटिज्म मानिनेछ ।

**२.७. बहुअपाङ्गता :** माथि उल्लेख गरिएकामध्ये एउटै व्यक्तिमा दुई वा दुईभन्दा बढी प्रकारका अपाङ्गताको समस्यालाई बहुअपाङ्गता मानिनेछ ।

**३. अशक्तताको गम्भीरताका आधारमा अपाङ्गताको वर्गीकरण :**

**क) पूर्णअशक्त अपाङ्गता :** दैनिक क्रियाकलाप सम्पादन गर्न निरन्तर अरूको सहयोग लिँदा पनि कठिनाइ हुने अवस्थालाई पूर्ण अशक्त अपाङ्गता मानिनेछ ।

**ख) अतिअशक्त अपाङ्गता :** वैयक्तिक क्रियाकलापहरू सम्पादन तथा सामाजिक क्रियाकलापमा संलग्न हुन निरन्तर अरूको सहयोग लिनुपर्ने स्थितिलाई अति अशक्त अपाङ्गता मानिनेछ ।

**ग) मध्यम अपाङ्गता :** भौतिक सुविधा, वातावरणीय अवरोधको अन्त्य, शिक्षा र तालिम भएमा अरूको सहयोग लिएर वा नलिईकन निरन्तर दिनचर्या र सामाजिक क्रियाकलापहरूमा सहभागी हुन सक्ने अवस्थालाई मध्यम अपाङ्गता भनिन्छ ।

**घ) सामान्य अपाङ्गता :** सामाजिक तथा वातावरणीय अवरोध नभएमा आफैँ नियमित दिनचर्या र सामाजिक क्रियाकलापमा सहभागी हुन सक्ने अवस्थालाई सामान्य अपाङ्गता मानिनेछ ।

**द्रष्टव्य :**

१. **"व्यक्तिको शारीरिक अङ्गहरूको बनोट र कार्यहरू"** भन्नाले शरीर सञ्चालनसम्बन्धी, दृष्टिसम्बन्धी, स्वर र सुनाइसम्बन्धी, मानसिक, मांसपेशी र स्नायुसम्बन्धी र अन्य प्रणालीका अङ्ग र कार्यहरूलाई जनाउनेछ ।

२. **"नियमित दिनचर्याका कार्यहरू र सामाजिक जीवन क्षेत्रमा सहभागिता"** भन्नाले व्यक्तिको सिकाइ, दैनिक कामहरू, सञ्चार, चलफिर, स्वयं हेरचाह, घरेलु जीवन, अन्तरक्रिया, समाहित शिक्षा, रोजगारी, सामुदायिक एवं नागरिक जीवनका क्षेत्रहरूका कार्यहरू र सहभागितालाई जनाउँछ ।

३. **"विद्यमान सामाजिक एवं भौतिक वातावरणबाट सिर्जित अवरोध"** भन्नाले मनोसामाजिक, प्रविधि, प्राकृतिक तथा मानव निर्मित वातावरण, धारणागत, सेवा प्रणाली र नीतिहरूबाट सिर्जना भएको अवरोधलाई जनाउँछ ।

४. सहभागिता, सुविधा तथा प्रतिनिधित्वसमेतका लागि सुस्त मनस्थिति  र पूर्ण अशक्तता भएका अपाङ्गका हकमा आमाबाबु वा प्रत्यक्ष रूपमा पालनपोषणमा संलग्न व्यक्तिलाई अभिभावक वा सरोकारवाला मानिनेछ ।

**खण्ड दुई :**
**कानुनी प्रावधान तथा सेवासुविधा र प्राप्त गर्ने प्रक्रिया**

*(जानकारी : यस प्रकाशनमा विभिन्न कानुनमा उल्लेखित प्रावधानलाई लेख्ने क्रममा नेपालको अन्तरिम संविधान, २०६३ को मर्म र भावनाको सम्मान गर्दै "श्री ५ को सरकार" भन्ने शब्दावलीको सट्टा "नेपाल सरकार" भन्ने शब्दावली राखिएको छ ।)*

## (१). अपाङ्गता पहिचान (Disability Identification)

### १.१. अपाङ्गता परिचयपत्र (कानुन र नियमावलीमा व्यवस्था गरिएको)

सरकारी तथा गैरसरकारी निकायहरूबाट अपाङ्गता भएका व्यक्तिहरूका लागि प्रवाह गरिने सेवासुविधा, अवसर र अधिकारको न्यायपूर्ण र प्रभावकारी वितरण होस् भन्ने हेतुले तथा अपाङ्गता भएका व्यक्तिहरूलाई अधिकारको धारकका रूपमा स्वीकार गरी नेपाल सरकारले अपाङ्गता परिचयपत्रको व्यवस्था गरेको हो । कुनै पनि उमेरका अपाङ्गता भएका सबै व्यक्तिले आफ्नो जिल्लाको महिला विकास कार्यालयबाट परिचयपत्र प्राप्त गर्न सक्नेछन् । परिचयपत्र प्राप्त गर्न आवश्यक कागजपत्र र पूरा गर्नुपर्ने प्रक्रियाका बारेमा अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरणसम्बन्धी निर्देशिका, २०६५ मा स्पष्ट उल्लेख गरिएको छ । परिचयपत्र प्राप्त गर्ने ठाउँ/निकाय : सम्बन्धित जिल्लाको महिला विकास कार्यालय ।

**परिचयपत्रको प्रकार :**
अपाङ्गताको परिभाषा र वर्गीकरण, २०६३ अनुसार अपाङ्गता परिचयपत्रलाई गम्भीरताका आधारमा चार भागमा वर्गीकृत गरिएको छ । हरेक परिचयपत्रलाई छुट्टाछुट्टै रंग दिइएको छ र परिचयपत्र लिन आउने अपाङ्गता भएका व्यक्तिलाई अपाङ्गताको गम्भीरताअनुसार निजलाई उपयुक्त ठहर गरिएको परिचयपत्र प्रदान गरिन्छ । यस्तो परिचयपत्र "क" वर्गमा पर्ने अपाङ्गता भएका व्यक्तिका लागि रातो रंगमा, "ख" वर्गमा पर्नेका लागि निलो रंगमा, "ग" वर्गमा पर्नेका लागि पहेँलो रंगमा र "घ" वर्गमा पर्नेका लागि सेतो रंगमा उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

**गम्भीरताका आधारमा गरिएको वर्गीकरण :** (नेपाल राजपत्र खण्ड ५६, २०६३ भदौ २)
**क) पूर्णअशक्त अपाङ्गता :** व्यक्तिको शारीरिक वा मानसिक प्रणालीमा भएको कार्यगत विचलनका कारण अरूको सहारा लिएर पनि दैनिक जीवन सम्पादन गर्न नसक्ने अवस्थाका व्यक्तिहरू, तीव्र बौद्धिक अपाङ्गता भएका व्यक्तिहरू, पूर्ण रूपमा श्रवण-दृष्टिविहीन व्यक्तिहरू तथा आफैँ हलचल गर्न नसक्ने गरी पूर्ण रूपमा अशक्त भई अपाङ्गता भएका व्यक्तिहरूलाई "क" वर्गको अपाङ्गताको परिचयपत्र वितरण गरिनेछ । यो रातो रंगमा सुनौला अक्षरले स्पष्ट पहिचान हुने गरी जारी गरिनेछ ।

**ख) अतिअशक्त अपाङ्गता :** निरन्तर अरूको सहयोग लिएरमात्र दैनिक जीवन सम्पादन गर्न, आवागमन

गर्न, सञ्चार गर्न, लेखपढ गर्न सक्षम हुने व्यक्तिहरू, पोलियो वा अन्य कारणले शरीरको तल्लो भाग पूर्ण सक्रिय नभई वा मेरुदण्डमा चोट वा पक्षाघात भई वा मांशपेसी विचलन भई वा मस्तिष्क पक्षाघात भई कम्मरभन्दा मुनिको भाग क्रियाशील हुन नसकी ह्विलचियरको प्रयोग गर्नुपर्ने अवस्थाका व्यक्तिहरू, दुवै हातको पाखुरामुनिको अङ्ग नभएका वा नचल्ने, कम्मरभन्दा मुनिका अङ्ग नभएका वा नचल्ने व्यक्तिहरू, दुवै खुट्टा पूर्ण क्रियाशील नभई बैसाखीको प्रयोग गर्ने व्यक्तिहरू, पूर्ण दृष्टिविहीन व्यक्तिहरू, बहिरा व्यक्तिहरू, दैनिक जीवन सम्पादन आफैँ गर्न सक्ने तर सिकाइमा समस्या भएका बौद्धिक अपाङ्गता भएका व्यक्तिहरू, निरन्तर अरूको सहयोग लिइरहनुपर्ने बहुअपाङ्गता भएका व्यक्तिहरूलाई, "ख" वर्गको परिचयपत्र उपलब्ध गराइनेछ । यो नीलो रंगमा सुनौला अक्षरले स्पष्ट पहिचान हुने गरी जारी गरिनेछ ।

**ग) मध्यम अपाङ्गता :** कृत्रिम अङ्गको प्रयोग वा सहायक सामग्रीको प्रयोगबाट दैनिक जीवन सम्पादन आफैँ गर्नसक्ने, पोलियो भई घुँडामुनिको अङ्गमामात्र प्रभाव परेको, स्वतन्त्र रूपमा हिँड्डुल गर्नसक्ने शारीरिकरूपमा अपाङ्गता भएका व्यक्तिहरू, हत्केलाभन्दा मुनिका कम्तीमा बूढीऔँला र चोरऔँला नभएका तथा कुर्कुच्चाभन्दा मुनिको भाग नभएका, मेरुदण्डमा समस्या भई ढाड कुप्रिएको, सिकाइमा ढिला भएका बौद्धिक अपाङ्गता भएका व्यक्तिहरू, श्रवणयन्त्रको प्रयोगबाट मात्र सुन्नसक्ने सुस्त श्रवण व्यक्तिहरू, शल्यक्रियाबाट स्वरयन्त्र झिकी घाँटीको नलीबाट मात्र बोल्नसक्ने व्यक्तिहरू, तीव्र भकभके व्यक्तिहरू, तीन फिटमुनिका पुड्का व्यक्तिहरू, चस्मा र श्रवणयन्त्र दुवै प्रयोग गर्ने श्रवण-दृष्टिविहीन व्यक्तिहरू, लेन्स वा म्याग्निफायरको प्रयोगबाट मात्र पढ्नसक्ने न्यून दृष्टियुक्त व्यक्तिहरू, समूह "ग" को अपाङ्गता वर्गमा पर्दछन् । यस वर्गको परिचयपत्र पहेँलो रंगमा नीलो अक्षरले स्पष्ट पहिचान हुने गरी जारी गरिनेछ ।

**घ) सामान्य अपाङ्गता :** शारीरिक अङ्गहरूमा सामान्य विचलन भए तापनि दैनिक जीवन सम्पादनमा कुनै कठिनाइ नहुने, हात वा खुट्टा केही छोटो भएका, ठूलो अक्षर पढ्नसक्ने, न्यून दृष्टियुक्त व्यक्तिहरू, हत्केलामुनिका कम्तीमा बूढीऔँला र चोरऔँला भएका, खुट्टाको औँलाका भागहरू नभएका, श्रवणयन्त्र लगाई वा नलगाई ठूलो आवाज सुन्ने तर बोली स्पष्ट भएका सुस्त श्रवण व्यक्तिहरू, स्मरणशक्ति ज्यादै कम भई सिकाइमा कठिनाइ हुने बौद्धिक अपाङ्गता भएका व्यक्तिहरू "घ" वर्गमा पर्दछन् । यस वर्गको परिचयपत्र सेतो रंगमा कालो अक्षरले स्पष्ट पहिचान हुने गरी जारी गरिनेछ ।

**परिचयपत्रको उपयोग कसरी गर्ने ?**

अपाङ्गता भएका व्यक्तिहरूलाई भनेर राज्यलगायत अन्य गैरसरकारी निकायद्वारा प्रदान गरिएका विशेष सेवा तथा सुविधा, विशेष प्राथमिकता, सहुलियत, आरक्षणलगायत अन्य अवसरहरू उपभोग गर्न यो परिचयपत्र आवश्यक पर्छ ।

**सुविधा ( अपाङ्गता परिचयपत्र) प्राप्त गर्ने प्रक्रिया**

अपाङ्गता भएका व्यक्तिहरूका लागि परिचयपत्र वितरण निर्देशिका, २०६५ ले तय गरेको प्रक्रियाका

आधारमा यो परिचयपत्र वितरण गरिन्छ । हाल यो परिचयपत्र सम्बन्धित जिल्लाको महिला विकास कार्यालयबाट उपलब्ध गराइने व्यवस्था गरिएको छ । अपाङ्गता भएका व्यक्तिहरूको परिचयपत्र वितरण निर्देशिका, २०६५ यस प्रकारको छ ।

**अपाङ्गता भएका व्यक्तिहरूको परिचयपत्र वितरण निर्देशिका, २०६५**

**१. परिचय**

अपाङ्गता भएका व्यक्तिहरूको हितको संरक्षण र संवर्द्धन गर्न, तिनका स्वास्थ्य, शिक्षा, रोजगारी, तालिम, पुनर्स्थापना तथा अवसर समानीकरण गराउँदै विकास प्रक्रियाहरूमा समावेशीकरण गराउन तथा राज्यद्वारा तोकिएका सेवा, सुविधा र अवसरको उचित व्यवस्थापन गराउन अपाङ्ग संरक्षण तथा कल्याण नियमावली २०५१ को नियम ५ अनुसार अपाङ्गता भएका व्यक्तिहरूको परिचयपत्र वितरण निर्देशिका, २०६५ जारी गरिएको छ ।

***२. परिचयपत्र वितरणका आधार***

नेपाल सरकारद्वारा प्रकाशित नेपाल राजपत्र खण्ड ५६ (२०६३ भाद्र २ ) मार्फत् गरेको अपाङ्गताको परिभाषा र वर्गीकरण एवं संयुक्त राष्ट्र संघले पारित गरी नेपाल सरकारले हस्ताक्षरसमेत गरिसकेका अपाङ्गता भएका व्यक्तिहरूका अधिकारसम्बन्धी महासन्धिको उद्देश्य, मर्म र भावना यस परिचयपत्र वितरणका आधार हुनेछन् ।

***३. उद्देश्य***

क) विभिन्न प्रकारका अपाङ्गता भएका नेपाली नागरिकहरूको पहिचान गर्न, स्थानीय निकायदेखि नै त्यस्ता व्यक्तिहरूको लगत राख्न ।

ख) नेपाल सरकारले २०६३ सालमा जारी गरेको अपाङ्गतासम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजनामुताबिक एवं अपाङ्गतासम्बन्धी अन्य प्रचलित नीति तथा कार्ययोजना र नेपाल सरकारको अध्यावधिक विकास योजनाहरूका आधारमा अपाङ्गता भएका व्यक्तिहरूलाई उपलब्ध गराइनुपर्ने सेवासुविधाहरू व्यवस्थितरूपमा प्रदान गर्न ।

ग) प्रचलित ऐन, नियमअनुसार अपाङ्गता भएका व्यक्तिहरूलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी उपयुक्त अनुकूलता *(Resonable Accmmodation)* सहित विकास प्रक्रिया र राज्यका संयन्त्रहरूमा समावेशीकरण गराउन ।

घ) अपाङ्गताको प्रकृति र मात्राको आधारमा अपाङ्गता भएका व्यक्तिहरूले पाउने सेवा, सुविधा र अवसरको प्राथमीकरण गर्नु ।

***४. लक्षित वर्ग***

नेपाल राजपत्र खण्ड ५६ (२०६३ भाद्र २) अनुसार निर्धारण गरिएका सात प्रकारका वर्गीकरणमा रहेका सबै अपाङ्गता भएका व्यक्तिहरू (अनुसूची - १ अनुसार)

***५. परिचयपत्र वितरणका मापदण्ड***

नेपाल राजपत्र खण्ड ५६ (२०६३ भाद्र २) अनुसार अपाङ्गताको मात्राको आधारमा गरिएको वर्गीकरणलाई मुख्य मापदण्ड बनाई चार समूहका परिचयपत्रहरू वितरण गरिनेछ जस अनुसार :-

**क) पूर्णअशक्त अपाङ्गता :** व्यक्तिको शारीरिक वा मानसिक प्रणालीहरूमा भएको कार्यगत विचलनका कारण अरूको सहारा लिएर पनि दैनिक जीवन सम्पादन गर्न नसक्ने अवस्थाका व्यक्तिहरू, तीव्र बौद्धिक अपाङ्गता भएका व्यक्तिहरू, पूर्णरूपमा श्रवण-दृष्टिविहीन व्यक्तिहरू तथा आफैं हलचल गर्न नसक्ने गरी पूर्णरूपमा अशक्त भई अपाङ्गता भएका व्यक्तिहरूलाई "क" वर्गको अपाङ्गताको परिचयपत्र वितरण गरिनेछ । यो रातो रंगमा सुनौला अक्षरले स्पष्ट पहिचान हुने गरी जारी गरिनेछ ।

**ख) अतिअशक्त अपाङ्गता :** निरन्तर अरूको सहयोग लिएर मात्र दैनिक जीवन सम्पादन गर्न, आवागमन गर्न, सञ्चार गर्न, लेखपढ गर्न सक्षम हुने व्यक्तिहरू, पोलियो वा अन्य कारणले शरीरको तल्लो भाग पूर्ण सक्रिय नभई वा मेरुदण्डमा चोट वा पक्षाघात भई वा मांशपेसी विचलन भई वा मस्तिष्क पक्षाघात भई कम्मरभन्दा मुनिको भाग क्रियाशील हुन नसकी ह्विलचियरको प्रयोग गर्नुपर्ने अवस्थाका व्यक्तिहरू, दुवै हातको पाखुरामुनिको अङ्ग नभएका वा नचल्ने, कम्मरभन्दा मुनिका अङ्ग नभएका वा नचल्ने व्यक्तिहरू, दुवै खुट्टा पूर्ण क्रियाशील नभई बैसाखीको प्रयोग गर्ने व्यक्तिहरू, पूर्ण दृष्टिविहीन व्यक्तिहरू, बहिरा व्यक्तिहरू, दैनिक जीवन सम्पादन आफैं गर्न सक्ने तर सिकाइमा समस्या भएका बौद्धिक अपाङ्गता भएका व्यक्तिहरू, निरन्तर अरूको सहयोग लिइरहनुपर्ने बहुअपाङ्गता भएका व्यक्तिहरूलाई, "ख" वर्गको परिचयपत्र उपलब्ध गराइनेछ । यो नीलो रंगमा सुनौला अक्षरले स्पष्ट पहिचान हुने गरी जारी गरिनेछ ।

**ग) मध्यम अपाङ्गता :** कृत्रिम अङ्गको प्रयोग वा सहायक सामग्रीको प्रयोगबाट दैनिक जीवन सम्पादन आफैं गर्नसक्ने, पोलियो भई घुँडामुनिको अङ्गमा मात्र प्रभाव परेको, स्वतन्त्र रूपमा हिँड्डुल गर्नसक्ने शारीरिकरूपमा अपाङ्गता भएका व्यक्तिहरू, हत्केलाभन्दा मुनिका कम्तीमा बूढीऔँला र चोरऔँला नभएका तथा कुर्कुच्चाभन्दा मुनिको भाग नभएका, मेरुदण्डमा समस्या भई ढाड कुप्रिएको, सिकाइमा ढिला भएका बौद्धिक अपाङ्गता भएका व्यक्तिहरू, श्रवणयन्त्रको प्रयोगबाट मात्र सुन्नसक्ने सुस्त श्रवण व्यक्तिहरू, शल्यक्रियाबाट स्वरयन्त्र झिकी घाँटीको नलीबाट मात्र बोल्नसक्ने व्यक्तिहरू, तीव्र भकभके व्यक्तिहरू, तीन फिटमुनिका पुड्का व्यक्तिहरू, चस्मा र श्रवणयन्त्र दुवै प्रयोग गर्ने श्रवण-दृष्टिविहीन व्यक्तिहरू, लेन्स वा म्याग्निफायरको प्रयोगबाट मात्र पढ्नसक्ने न्यून दृष्टियुक्त व्यक्तिहरू, समूह "ग" का अपाङ्गता वर्गमा पर्दछन् । यो पहेँलो रङमा नीलो अक्षरले स्पष्ट पहिचान हुने गरी जारी गरिनेछ ।

**घ) सामान्य अपाङ्गता :** शारीरिक अङ्गहरूमा सामान्य विचलन भए तापनि दैनिक जीवन सम्पादनमा कुनै कठिनाइ नहुने, हात वा खुट्टा केही छोटो भएका, ठूलो अक्षर पढ्नसक्ने, न्यून दृष्टियुक्त व्यक्तिहरू, हत्केलामुनिका कम्तीमा बूढीऔँला र चोरीऔँला भएका, खुट्टाको औँलाका भागहरू नभएका, श्रवणयन्त्र लगाई वा नलगाई ठूलो आवाज सुन्ने तर बोली स्पष्ट भएका सुस्त श्रवण व्यक्तिहरू, स्मरणशक्ति ज्यादै कम भई सिकाइमा कठिनाइ हुने बौद्धिक अपाङ्गता भएका व्यक्तिहरू "घ" वर्गमा पर्दछन् । यो सेतो रङमा कालो अक्षरले स्पष्ट पहिचान हुने गरी जारी गरिनेछ ।

**६. अपाङ्गता भएका व्यक्तिहरूको परिचयपत्रको ढाँचा**

परिचयपत्र वाहक व्यक्तिको व्यक्तिगत विवरण स्पष्ट हुने एवं निजलाई सरकारी तथा गैरसरकारी निकायहरूबाट उपलब्ध गराइएका सेवा सुविधा उपभोगका अभिलेखहरू एवं उपलब्ध अवसरको उपभोग गरिएका अभिलेखहरूसमेत स्पष्ट हुने गरी पासपोर्टको ढाँचामा अनुसूची ३ मा उल्लेख भएअनुसारको २० पृष्ठको परिचयपत्र चार फरक रङ्गमा उपलब्ध गराइनेछ ।

**७. परिचयपत्र वितरण प्रक्रिया**

क) सम्बन्धित गाविस वा नगरपालिकामार्फत् समाजकल्याण अधिकृतलाई परिचयपत्रका लागि अपाङ्ग स्वयं वा निजको अभिभावक/संरक्षकले अनुसूची २ बमोजिम निवेदन दिनुपर्नेछ ।

ख) सम्बन्धित गाविस वा नगरपालिकाले स्पष्ट नदेखिने अपाङ्गताका हकमा स्थानीय निकायको सिफारिससहित समाजकल्याण अधिकृतसमक्ष पठाउनुपर्नेछ ।

ग) दरखास्तमा आˆनो उमेर, अपाङ्गता खुलेको लिखित प्रमाणित नक्कल, अशक्तताको गम्भीरताको आधारमा स्थायीरूपले काम गर्न सक्षम नभएको विवरण संलग्न हुनुपर्नेछ । यस प्रयोजनका लागि जन्मदर्ता प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र, जग्गाधनी प्रमाण पुर्जा, विद्यालयको प्रमाणपत्र, जिप्रकामा दर्ता भएका अपाङ्गसम्बन्धी कार्य गर्ने संघसंस्थाले गरेको सिफारिसमध्ये कुनै एक वा यस्तै अन्य प्रमाणित लिखतलाई आधार मानिनेछ ।

घ) परिचयपत्र सिफारिस समिति : परिचयपत्रका लागि पर्न आएका निवेदनहरू छानबिन गरी समाजकल्याण अधिकृतसमक्ष सिफारिस गर्न निम्नबमोजिम एक परिचयपत्र सिफारिस समिति रहनेछ ।

*१. संयोजक - सहायक प्रमुख जिल्ला अधिकारी*

*२. सदस्य - योजना अधिकृत, जिल्ला विकास समिति*

*३. सदस्य - जिल्ला जनस्वास्थ्य अधिकृत*

*४. सदस्य - राष्ट्रिय अपाङ्ग महासंघ, नेपालमा आबद्ध संघसंस्थाका प्रतिनिधि वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको अपाङ्गता क्षेत्रमा काम गर्ने संस्थाको प्रतिनिधि*

*५. सदस्य सचिव - महिला विकास अधिकृत*

*ङ) समितिको बैठक आवश्यकताअनुसार समाजकल्याण अधिकृतले बोलाउन सक्नेछ । तर यस्तो बैठक वर्षमा कम्तीमा ६ पटक बस्नुपर्नेछ ।*

च) प्रत्यक्षरूपमा अपाङ्गता देखिने अपाङ्गता भएका व्यक्तिहरू, जस्तै : अङ्गभङ्ग भएका, पूर्ण दृष्टिविहीन, पूर्णअशक्त अपाङ्ग, अतिअशक्त बौद्धिक अपाङ्ग (सुस्त मनस्थिति ) र अतिअशक्त बहिराआदिलाई परिचयपत्र वितरण गर्न समितिले अनुमोदनमात्र गर्ने गरी परिचयपत्र बैठकअगाडि तत्काल नै दिन सकिनेछ ।

छ) गाउँघरमा रहेका माथि “च” अनुसारका अपाङ्गता भएका व्यक्तिहरूलाई परिचयपत्र उपलब्ध गराउन गाविसबाट सिफारिस गराई समाजकल्याण अधिकृतले अभिभावक वा संरक्षकको रोहबरमा सोझै उपलब्ध गराउन सकिने र नदेखिने खालका वा अपाङ्गता मात्राका आधारमा चिकित्सकको सिफारिस लिनुपर्ने भएमा समितिले निर्णय गरेर परिचयपत्र उपलब्ध गराउनुपर्नेछ ।

ज) सामान्यतया परिचयपत्र अपाङ्गता भएको व्यक्ति स्वयं उपस्थित भई बुझेर लानुपर्नेछ । तर पूर्णअशक्त अपाङ्गता भएका कारण आफैँ उपस्थित हुन नसक्ने भएमा त्यस्तो अवस्थाको विवरण र जिल्लास्थित अपाङ्गता क्षेत्रमा कार्य गर्ने संस्थाको सिफारिससहित आएमा निजको संरक्षक वा अभिभावकले बुझेर लान सक्नेछ ।

झ) दुर्गम गाउँमा रहेका अपाङ्गता भएका व्यक्तिहरूलाई गाविसको समन्वयमा घुम्ती टोली खटाई वा समाजकल्याण अधिकृतको उपस्थिति गराई यथास्थानमै परिचयपत्र वितरण गराउने । यसरी यथास्थानमै परिचयपत्र वितरण गराउँदा जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि, महिला विकास अधिकृत, जनस्वास्थ्य कार्यालयको प्रतिनिधि, स्थानीय विद्यालयका शिक्षक प्रतिनिधि र स्वावलम्बी संस्थाको प्रतिनिधिसमेत उपस्थिति गराई गाविसले समन्वय गर्नुपर्ने ।

ञ) परिचयपत्र प्राप्त गर्न योग्य व्यक्तिहरूबाट प्रतिव्यक्ति तीन प्रति (सम्भव भएसम्म अपाङ्गता स्पष्ट देखिने) फोटो सङ्कलन गरी सम्बन्धित गाविस/नपामा एक प्रति र महिला विकास कार्यालयमा एक प्रति, समाजकल्याण अधिकृतको कार्यालयमा एक प्रति राख्नुपर्नेछ ।

ट) परिचयपत्र प्राप्त व्यक्तिहरूको लगत अनुसूची ४ बमोजिमको ढाँचामा वा तोकिएबमोजिमको सँटवेयरमा कम्प्युटराइज गरी समाजकल्याण अधिकृतको कार्यालय र महिला विकास कार्यालयमा राखी अर्धवार्षिकरूपमा महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयमा जानकारी गराउनुपर्नेछ ।

ठ) समाजकल्याण अधिकृतको कार्यालयले अनुसूची ३ बमोजिमको परिचयपत्र (अपाङ्गता भएका व्यक्तिहरूलाई) नि:शुल्क उपलब्ध गाराउनुपर्नेछ ।

ड) परिचयपत्रको प्रतिलिपि लिन सम्बन्धित प्रहरी कार्यालयको सिफारिस वा नपा/गाविसको सिफारिससहित अपाङ्गता परिचयपत्र सिफारिस समितिमा पेस गर्नुपर्नेछ ।

**८. विविध**

क) परिचयपत्र सिफारिस समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

ख) परिचयपत्र वितरण सम्बन्धमा माथि उल्लेखित व्यवस्थाबाहेक अन्य बिषयमा मन्त्रालयले दिएको निर्देशनको अधिनमा रही समाजकल्याण अधिकृत र महिला विकास अधिकृतले काम गर्नुपर्नेछ ।

ग) परिचयपत्र वितरणको अनुगमन अपाङ्ग सेवा राष्ट्रिय समन्वय समितिले गर्नेछ ।

घ) यो निर्देशिका लागू हुनुअगाडि प्राप्त अपाङ्गता परिचयपत्र सम्बन्धित निकायमा बुझाई यस निर्देशिका बमोजिमको परिचयपत्र लिनुपर्नेछ ।

ङ) अपाङ्ग परिचयपत्र वितरण निर्देशिका, २०५७ खारेज गरिएको छ ।

सुविधा प्राप्त गर्ने कानुनी आधार :

क) अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९, अपाङ्ग संरक्षण तथा कल्याण नियमावली, २०५१ को नियम नं. ५ (समाजकल्याण अधिकृतले अपाङ्गता भएका व्यक्तिलाई ऐन तथा नियमावलीबमोजिम सुविधा दिने प्रयोजनका लागि मन्त्रालयले तोकिदिएबमोजिमको ढाँचामा परिचयपत्र प्रदान गर्न सक्नेछ ।) को व्यवस्थाअनुसार जारी गरिएको अपाङ्गपन परिचयपत्र वितरण निर्देशिका, २०६५ ।

नोट : अपाङ्गता परिचयपत्र लिनको लागि आवेदन गर्नुपर्ने आवेदन फारमको नमुना अनुसूची - ११ मा राखिएको छ ।

## (२). शिक्षा (Education)

### २.१. निँशुल्क उच्च शिक्षाको व्यवस्था (कानुनद्वारा व्यवस्था गरिएको)

**सुविधा :** कानुनका आधारमा अपाङ्गता भएका व्यक्तिहरूले निशुँल्क उच्च शिक्षा हासिल गर्न पाउने व्यवस्था छ ।

**सुविधाका हकदार** : नेपाल सरकारद्वारा गरिएको अपाङ्गताको परिभाषा र वर्गीकरणअन्तर्गत पर्ने उच्च शिक्षाका लागि योग्यता पुगेका सम्पूर्ण अपाङ्गता भएका व्यक्तिहरू ।

**सुविधा प्राप्त गर्ने ठाउँ/निकाय** - त्रिभुवन विश्वविद्यालयका आङ्गिक क्याम्पसहरू ।

**सुविधा प्राप्त गर्ने प्रक्रिया :** आफूले प्राप्त गरेको अपाङ्गता परिचयपत्रको प्रतिलिपिसहित नि:शुल्क अध्ययनका लागि आफूले अध्ययन गर्न चाहेको क्याम्पस प्रशासनमा आवेदन दिने वा क्याम्पस प्रशासनले आवेदनको लागि कुनै ढाँचा वा प्रकृया तोकेको भएमा सोहि अनुसार गर्ने ।

**सुविधा प्राप्त गर्ने कानुनी तथा नीतिगत आधार**

क) अपाङ्ग संरक्षण तथा कल्याण ऐनको दफा ६ को उपदफा १ : "कुनै अपाङ्गले शिक्षा प्राप्त गर्नका लागि कुनै शिक्षण संस्थामा भर्ना हुने भएमा निजलाई त्यस्तो शिक्षण संस्थामा शुल्क लिइने छैन ।"

ख) २०६० साल कात्तिक २८ गते कामनपा वडा नं. ३२ बस्ने सुदर्शन सुवेदी र ललितपुर जिल्ला हरिसिद्धि गाविस - ५ बस्ने बाबुकृष्ण महर्जनले अपाङ्गता भएका व्यक्तिहरूका लागि ऐनमा भएको नि:शुल्क शिक्षासम्बन्धी व्यवस्था कार्यान्वयन गराउन सर्वोच्च अदालतमा दिएको रिटको पक्षमा सम्मानित सर्वोच्च अदालतले गरेको फैसला ।

फैसलाको महत्वपूर्ण अंश : ***(...... ....... ......तसर्थ अन्धा, अपाङ्ग, बहिरा तथा सुस्त मन: िस्थति भएका व्यक्तिहरूलाई नेपाल अधिराज्यभरिका सम्पूर्ण सार्वजनिक विद्यालय, विश्वविद्यालय तथा तालिम केन्द्रहरूमा नि:शुल्क भर्ना गरी गराई निजहरूबाट भर्ना भएपछि कुनै पनि किसिमको सेवा शुल्क नलिनु, लिन नलगाउनु भनी विपक्षीहरूका नाउँमा निर्देशनात्मक आदेश जारी हुने ठहर्छ...........)***

ग) अदालतको फैसलाको सम्मान गर्दै त्रिभुवन विश्वविद्यालय, रजिस्ट्रारको कार्यालय, सामान्य प्रशासन महाशाखाले मिति २०५९/१२/०४ मा आˆना देशभरिका आङ्गिक क्याम्पसहरूलाई सोहीअनुसार गर्नेगराउने निर्देशनसहित जारी गरेको परिपत्र ।

**२.२. विद्यालयमा निँशुल्क शिक्षाको व्यवस्था (कानुनमा व्यवस्था गरिएको)**

**सुविधा :** कानुन अनुसार देशका हरेक सरकारी वा सामुदायिक विद्यालयहरूमा अपाङ्गता भएका बालबालिकालाई नि:शुल्क शिक्षा प्रदान गरिनुपर्ने व्यवस्था छ ।

**सुविधाका हकदार :** नेपाल सरकारको परिभाषा र वर्गीकरणअन्तर्गत पर्ने विद्यालय जाने उमेरका हरेक अपाङ्गता भएका बालबालिका ।

**सुविधा प्रदान गर्ने निकाय :** स्थानीय स्तरमा रहेका सरकारी वा सामुदायिक विद्यालयहरू

**सुविधा प्राप्त गर्ने प्रक्रिया :** अपाङ्गता परिचयपत्रको प्रतिलिपिसहित आफूले अध्ययन गर्न चाहेको विद्यालयमा नि:शुल्क शिक्षाका लागि आवेदन दिने ।

**सुविधा प्राप्त गर्ने कानुनी तथा नीतिगत आधार :**
अपाङ्ग संरक्षण तथा कल्याण ऐनको दफा ६ को उपदफा १ : "कुनै अपाङ्गले शिक्षा प्राप्त गर्नका लागि कुनै शिक्षण संस्थामा भर्ना हुने भएमा निजलाई त्यस्तो शिक्षण संस्थामा शुल्क लिइने छैन ।"

**२.३. शैक्षिक छात्रवृत्ति (शिक्षा विभागले वार्षिक नीति तथा कार्यक्रममार्फत् प्रदान गरिँदै आएको) :**

**२.३.१. कक्षा १ देखी ८ सम्मका अपाङ्गता भएका वालवालिकाको लागि छात्रवृत्तिको व्यवस्था ।**
**सुविधा :** विद्यालय स्तरमा छात्रवृत्तिको व्यवस्था गरी अपाङ्गता भएका बालबालिकाहरूको शिक्षामा पहुँच अभिवृद्धि गर्ने व्यवस्था गरिएको छ । यस्तो छात्रवृत्ति उनीहरूका लागि छात्रावासको सुविधा, विद्यालय पोसाक, शैक्षिक सामग्री (कापी, कलम, मसी, यातायात भाडा तथा अन्य मसलन्द आदि) खरिदका लागि प्रदान गरिन्छ । आर्थिक वर्ष २०६८/०६९ को नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम र वजेट मार्फत कक्षा १ देखी ८ सम्मका देशभरिका सबै अपाङ्गता भएका विद्यार्थीहरुलाई शैक्षिक छात्रवृत्ति प्रदान गर्ने व्यवस्था गरिएको छ ।

**शैक्षिक सत्र २०७०/०७१ का लागि शिक्षा विभागले श्रेणी विभाजन गरी प्रतिव्यक्ति छात्रवृत्तिको रकम निम्नानुसार तोकेको छ ।**
**"क" श्रेणी :** आˆनो घरबाट दैनिक आवतजावत गर्न नसक्ने एवं अध्ययनका लागि डेरा गरी बस्नुपर्ने अपाङ्गता भएका विद्यार्थीलाई दार्चुला, हुम्ला, मुगु, जुम्ला, डोल्पा, कालिकोट, मुस्ताङ्ग, मनाङ्ग, रसुवा, सोलु, ताप्लेजुङ्गमा प्रतिमहिना रु. ३००० का दरले १० महिनाका लागि रु. ३०,००० अन्य जिल्लाहरुका लागि प्रतिविद्यार्थी प्रतिमहिना रु. २५०० का दरले १० महिनाका लागि रु. २५,००० ।

**"ख" श्रेणी :** घरबाट आउँदाजाँदा र विद्यालयमा रहँदा निरन्तररूपमा अरूको सहयोग र साधन आवश्यक पर्ने अपाङ्ग बालबालिकालाई प्रतिविद्यार्थी प्रतिमहिना रु. ५०० का दरले १० महिनाको रु. ५०००

**"ग" श्रेणी :** घरबाट आउँदाजाँदा यातायातको साधन वा अन्य उपकरण प्रयोग गर्नुपर्ने अपाङ्ग बालबालिकालाई प्रतिमहिना प्रतिविद्यार्थी रु. ३०० का दरले १० महिनाको रु. ३०००

**"घ" श्रेणी :** घरबाट आउनजान सक्ने सामान्य अपाङ्ग बालबालिकालाई प्रतिमहिना प्रतिविद्यार्थी रु. १०० का दरले १० महिनाको रु. १००० ।
सुविधाका हकदार नेपाल सरकारले गरेको अपाङ्गताको परिभाषा र वर्गीकरण अन्तर्गत समेटिने विद्यालय जाने उमेरका अपाङ्गता भएका बालबालिकाहरू ।

**सुविधा प्रदान गर्ने निकाय :**
क) जिल्ला शिक्षा कार्यालयमार्फत् स्थानीय सरकारी प्राथमिक, निम्नमाध्यमिक, माध्यमिक विद्यालयहरू (

द्रष्टव्य : स्थानीय स्तरमा कार्यरत गैरसरकारी संस्थाहरूमार्फत् पनि सुविधाजनक छात्रवृत्ति कार्यक्रमहरू सञ्चालन गरिने गरिएको छ ।)

***ख) केन्द्रीय सरोकारवाला निकाय :*** शिक्षा मन्त्रालय/शिक्षा विभाग

**सुविधा प्राप्त गर्ने प्रक्रिया**
क) छात्रवृत्ति अपाङ्गता भएका विद्यार्थीले आफूले पढ्दै गरेको विद्यालयबाट प्राप्त गर्नेछन । यसको लागि विद्यार्थीले आफ्नो अपाङ्गता परिचयपत्र सहित विद्यालयमा सो छात्रवृत्तिको लागि दावी गर्न सक्नेछ ।
ख) हरेक विद्यालय प्रशासनले आफ्नो विद्यालयमा भएका अपाङ्गता भएका विद्यार्थीको संख्याको आधारमा सम्बन्धित जिल्ला शिक्षा कार्यालयबाट निकासा माग्नुपर्ने र विद्यार्थीलाइ छात्रवृत्ति उपलब्ध गराउनुपर्ने
घ) जिल्ला शिक्षा कार्यालयको लागि माग भए अनुसारको छात्रवृत्तिको बजेट शिक्षा विभागले उपलब्ध गराउनेछ ।

**सुविधा प्राप्त गर्ने आधार**
क) आर्थिक वर्ष २०६७/०६८ तथा २०६८/०६९ को सरकारको नीति तथा कार्यक्रम
ख) विशेष शिक्षा सञ्चालनसम्बन्धी निर्देशिका, २०६०
ग) कार्यक्रम कार्यान्वयन पुस्तिका, आ.ब. २०६८/०६९, नेपाल सरकार, शिक्षा मन्त्रालय, शिक्षा विभाग ।

**२.३.२. छात्रवृत्ति सम्वन्धी अन्य व्यवस्था**

**सुविधा :** कक्षा १ देखी ८ सम्मका विद्यार्थीहरु वाहेक पनि विद्यालयमा अपाङ्गता भएका विद्यार्थीहरुलाई शिक्षा सम्वन्धि नीति र कानूनमा छात्रवृत्तिको व्यवस्था गरिएको छ । संस्थागत विद्यालयहरुले कूल विद्यार्थी संख्याको ५ प्रतिशत अपाङ्गता भएका विद्यार्थि, गरिव, महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ भने विश्वविद्यालय स्तरमा पनि यस्ता छात्रवृत्तिको व्यवस्था गरिएको छ ।

**सुविधाका हकदार :** संस्थागत विद्यालयमा अध्ययन गरिरहेका वा गर्न चाहने अपाङ्गता भएका विद्यार्थीहरु र उच्च शिक्षा हासिल गरिरहेका वा गर्न चाहने अपाङ्गता भएका विद्यार्थीहरु ।

**सुविधा प्रदान गर्ने निकाय :** संस्थागत विद्यालयहरु

**सुविधा प्राप्त गर्ने आधार :**

क) शिक्षा नियमावली, २०५९ को परिच्छेद २६ को "छात्रवृत्ति तथा नि:शुल्क शिक्षासम्बन्धी व्यवस्था" अन्तर्गत नियम १५१ को उपनियम २ : संस्थागत विद्यालयले कुल विद्यार्थी संख्याको कम्तीमा ५ प्रतिशत गरिब, अपाङ्ग, महिला, दलित र जनजाति विद्यार्थीहरूलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्नेछ ।

ख) विश्वविद्यालय अनुदान आयोगले जारी गरेको छात्रा शिक्षा कोष, छात्रवृत्ति सञ्चालन निर्देशिका, २०६३ को परिच्छेद ३, दफा ३.१, ३.२.३, ३.३, ४.१

**२.४. विशेष शिक्षाको व्यवस्था (कानुन तथा नीतिमा व्यवस्था भएअनुसार सञ्चालित कार्यक्रम)**

**सुविधा :** यो विशेष पद्धति र ढाँचामा शिक्षा दिन आवश्यक पर्ने अपाङ्गता भएका बालबालिकाको सिकाइसम्बन्धी आवश्यकता सम्बोधन गर्दै उनीहरूलाई शिक्षाको समान अवसर प्रदान गर्नका लागि सञ्चालित शिक्षा कार्यक्रम हो ।

**सुविधाको हकदार :** नेपाल सरकारले गरेको अपाङ्गताको परिभाषा र वर्गीकरणअन्तर्गत समेटिने विशेष शिक्षाको सुविधा दिन आवश्यक भएका (खास गरेर बहिरा, दृष्टिविहीन, बौद्धिक अपाङ्गता भएका) बालबालिका/व्यक्तिहरू ।

**सुविधा प्रदान गर्ने निकाय**

***स्थानीय स्तरमा :*** विशेष शिक्षा सञ्चालन गर्न विभिन्न जिल्लामा शिक्षा विभागबाट अनुदान प्राप्त गैरसरकारी संस्थाहरूमार्फत् विशेष शिक्षा सञ्चालन गरिएको छ । यसरी सञ्चालित विशेष शिक्षा कार्यक्रमहरूबाट यो शिक्षा हासिल गर्न सकिन्छ । विभिन्न जिल्लामा कुनकुन गैरसरकारी संस्थामार्फत्

कुनकुन विद्यालयमा विशेष शिक्षा सञ्चालन गरिएको छ भन्ने जानकारी सम्बन्धित जिल्ला शिक्षा कार्यालयमार्फत् हासिल गर्नुपर्ने हुन्छ ।

(हालसम्म विशेष शिक्षा सञ्चालन गरिएका जिल्ला/विद्यालयहरूको सूची यस पुस्तिकाको अनुसूची - २ मा प्रस्तुत गरिएको छ ।)

***केन्द्रीय स्तरमा :*** शिक्षा विभाग/विशेष शिक्षा परिषद्, त्रिभुवन विश्वविद्यालय

**सुविधा प्राप्त गर्ने प्रक्रिया**

विशेष शिक्षा नीति, २०५३ र शिक्षा नियमावली, २०५९ मा गरिएका विशेष शिक्षासम्बन्धी व्यवस्थाअनुसार स्थानीय स्तरमा विशेष शिक्षा प्रदान गरिरहेका विद्यालयहरूले तोकेको प्रक्रिया पूरा गरी यो सुविधा प्राप्त गर्न सकिन्छ ।

**सेवा सुविधा प्राप्त गर्ने आधार**

क) विशेष शिक्षा नीति, २०५३ ले गरेको व्यवस्था (अनुसूची १ मा हेर्नुहोला)

ख) शिक्षा ऐन, २०२८ को दफा २, परिभाषा को “घ१” :

ग) शिक्षा नियमावली, २०५९ को परिच्छेद ११ अन्तर्गत नियम ६० :

घ) शिक्षा नियमावली, २०५९ को परिच्छेद ११ अन्तर्गत नियम ६१ : विशेष शिक्षा परिषद्को व्यवस्था

*विशेष शिक्षासम्बन्धी नीति निर्माण तथा व्यवस्थापनसमेतका लागि देहायका सदस्यहरू रहेको एक विशेष शिक्षा परिषद् रहनेछ ।*

*अध्यक्ष : शिक्षा तथा खेलकुदमन्त्री वा राज्यमन्त्री*

*सदस्य : सभापति, जनसङ्ख्या तथा सामाजिक समिति, प्रतिनिधि सभा*

*सदस्य : सदस्य, राष्ट्रिय योजना आयोग (शिक्षा हेर्ने)*

*ःसदस्य : मन्त्रालयका सचिव सदस्य : सहसचिव (शैक्षिक प्रशासन हेर्ने), शिक्षा मन्त्रालय*

***सदस्य : प्रतिनिधि मन्त्रालय***

*सदस्य : प्रतिनिधि महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय*

*सदस्य : प्रमुख, नाक, कान, घाँटी विभाग, वीर अस्पताल*

*सदस्य : अध्यक्ष, राष्ट्रिय अपाङ्ग महासंघ*

*सदस्य : विशेष शिक्षासम्बन्धी विशेषज्ञहरूमध्येबाट मन्त्रालयद्वरा मनोनीत एकजना ।*

*सदस्य : विशेष शिक्षा अध्यापन गराउने शिक्षकहरूमध्येबाट विशेष शिक्षा परिषद्ले मनोनीत गरेको एकजना ।*

*सदस्य : अपाङ्गहरूको उत्थानमा विशेष योगदान दिएका अपाङ्गहरूमध्ये बाट विशेष शिक्षा परिषद्ले मनोनीत गरेको एकजना ।*

*सदस्य-सचिव : महानिर्देशक, शिक्षा विभाग ।*

**२.५.प्राविधिक शिक्षा तथा तालिममा छात्रवृत्ति :**

**सुविधा :** अपाङ्गता भएका व्यक्तिहरूलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा छात्रवृत्तिको व्यवस्था गरिएको छ । यो सुविधा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद, सानोठिमी, भक्तपुरबाट प्रदान गरिन्छ । परिषदका आङ्गिक तथा सम्बन्धन प्राप्त संस्थाहरूमा संचालित विभिन्न कार्यक्रममा भर्ना भएका जम्मा ६ जना अपाङ्गता भएका विद्यार्थीहरूलाई निर्वाह स्वरूप प्रतिविद्यार्थी विशेष छात्रवृत्ति स्वरूप रू. ५०००/- (पाँच हजार) को छात्रवृत्ति परिषद् कार्यालयबाट प्रदान गरिनेछ । तर सम्बन्धित सस्ंथामा बझ्ुाउनुपर्ने अन्य सम्पण्ूर्ा रकमहरू भने विद्यार्थीले बुझाउनुपर्नेछ । यसैगरी वर्गीकृत छात्रवृत्तिका हकमा अपाङ्गता भएका विद्यार्थीलाई छनौट गर्ने प्रिक्रयामा थप छट्टै ५ अङ्क भार दिने गरिएको छ ।

**सुविधाको हकदार :** प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम लिन आवश्यक योग्यता पुगेका अपाङ्गता भएका व्यक्ति ।

**सुविधा प्रदान गर्ने निकाय :** प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम केन्द्र, सानोठिमी भक्तपुर वा परिषद्ले तोकेको शिक्षालय ।

**सुविधा प्राप्त गर्ने प्रक्रिया :** परिषद् वा परिषद्ले तोकेको स्थानीय निकायमा आफूले लिन चाहेको प्राविधिक शिक्षा वा व्यावसायिक तालिमको लागि तोकिएको ढाँचा र प्रक्रिया पुर्याई आवेदन दिने । परिषद्अन्तर्गत अध्ययन गर्न प्रवेश परीक्षा संचालनको प्रक्रियामा विद्यार्थीहरूलाई छनौट गर्दा अन्य विद्यार्थीभन्दा अपाङ्गता भएका विद्यार्थीका लागि ५ अङ्क बढी प्रदान गरीने बेहोरा परिषद्को भर्ना सम्बन्धी निर्देशिकामा विस्तृतरुपमा उल्लेख गरिएको छ ।

**सुविधा प्राप्त गर्ने आधार :**
अपाङ्गताको सम्बन्धमा परिषद्को विद्यार्थी भर्नासम्बन्धी निर्देशिका ।

**२.६. परीक्षामा थप समय उपलब्ध गराइने (कानुनमा उल्लेखित व्यवस्था)**

**सुविधा :** अपाङ्गताका कारण शारीरिक अङ्गमा आएको कार्य सीमितता वा आङ्गिक क्रियाशीलतामा आएको ढिलाइका कारण कुनै अपाङ्गता भएको विद्यार्थीले सामान्यतया परीक्षाका लागि तोकिएको समयभित्र परीक्षा दिन भ्याउँदैन र केही थप समय आवश्यक छ भन्ने ठहर भएमा त्यस्ता अपाङ्गता भएका विद्यार्थीलाई बढीमा एक घन्टा तीस मिनेटसम्म समय थप गर्न सकिने व्यवस्था छ ।
सुविधाको हकदार : नेपाल सरकारद्वारा गरिएको अपाङ्गताको परिभाषा तथा वर्गीकरणअन्तर्गत पर्ने र यो सुविधा उपलब्ध गराउन आवश्यक ठानिएका अपाङ्गता भएका व्यक्तिहरू ।

**सुविधा प्रदान गर्ने निकाय**

*क) स्थानीय स्तरमा :* सम्बन्धित विद्यालय र परीक्षा केन्द्राध्यक्ष

*ख) केन्द्रीय सरोकारवाला निकाय :* शिक्षा मन्त्रालय/शिक्षा विभाग

सुविधा प्राप्त गर्ने प्रक्रिया अपाङ्गता भएका उल्लेखित परीक्षार्थीले आफूलाई थप समय आवश्यक भएको कारण स्पष्टरूपमा खुलाई आˆनो अपाङ्गता परिचयपत्रसहित अध्ययन गरिरहेको विद्यालयमा अग्रीमरूपमा आवेदन गरी यो सुविधा हासिल गर्न सक्छन् ।

**सुविधा प्राप्त गर्ने आधार**

शिक्षा नियमावली २०५९ को परिच्छेद ८ अन्तर्गत नियम ४७ : अशक्त विद्यार्थीका लागि परीक्षामा विशेष व्यवस्था गर्न सकिने : उपनियम २) उपनियम १ बमोजिम विद्यार्थीले निर्धारित समयभित्र परीक्षा दिन नसक्ने देखिएमा केन्द्राध्यक्षले वढीमा एक घन्टा तीस मिनेटसम्म थप समय उपलब्ध गराउन सक्नेछ ।

**<u>२.७. परीक्षामा सहयोगीको व्यवस्था</u>**

**सुविधा :** दृष्टिविहीनहरूलाई परीक्षा दिँदा सहयोगी राखेर लेख्न पाउने व्यवस्था गरिएको छ ।

सुविधाका हकदार : नेपाल सरकारले गरेको अपाङ्गताको परिभाषा तथा वर्गीकरणले समेटेका दृष्टिविहीन परीक्षार्थीहरू ।

**सुविधा प्रदान गर्ने निकाय :** आफूले अध्ययन गरिरहेको विद्यालय वा परीक्षा केन्द्रका केन्द्राध्यक्ष ।

**सुविधा प्राप्त गर्ने प्रक्रिया :** परीक्षामा आफूलाई सहयोगी राखेर लेख्नुपर्ने आवश्यक भएको कारण खुलाई अपाङ्गता परिचयपत्रको प्रतिलिपिसहित विद्यालय वा परीक्षा केन्द्राध्यक्षलाई अग्रीम आवेदन दिने ।

**सुविधा प्राप्त गर्ने आधार**

शिक्षा नियमावलीको नियम १९२ लाई कार्यान्वयन गर्न बनाइएको विशेष शिक्षा सञ्चालनसम्बन्धी निर्देशिका २०६० को परिच्छेद ७, बुँदा नं. १९.२ (ख) : दृष्टिविहीन परीक्षार्थीहरूको सहयोगका लागि परीक्षा दिने कक्षाभन्दा एक कक्षामुनिको लेखक सहयोगी राख्ने सम्बन्धी व्यवस्था ।

**<u>टेलिभिजनमा कार्यरतहरूका लागि छात्रवृत्ति</u>**

**सुविधा :** नेपाल टेलिभिजनमा कार्यरत अपाङ्गता भएका व्यक्ति तथा उनीहरूका छोराछोरीहरूका लागि छात्रवृत्ति प्रदान गर्ने प्रावधान रहेको छ ।

**सुविधाका हकदार :** नेपाल टेलिभिजनमा कार्यरत अपाङ्गता भएका व्यक्तिहरू

**सुविधा प्रदान गर्ने निकाय :** नेपाल टेलिभिजन

**सुविधा प्राप्त गर्ने प्रक्रिया :** यो सुविधा प्रदान गर्ने प्रक्रिया नेपाल टेलिभिजनले निर्धारण गरेको छ । सो सुविधा प्राप्त गर्नका लागि निवेदन दिनुपर्ने हुन्छ र प्राप्त निवेदनमाथि आवश्यक छानबिन गरी निर्णय गरिन्छ ।

**सुविधा प्राप्त गर्ने आधार :** वार्षिक बजेटमा व्यवस्था गरिएको ।

**२.९. उच्च शिक्षा अध्ययनको लागि अपाङ्गता भएका व्यक्तिहरुको लागि छात्रवृत्ति :**

**सुविधा :** नेपाल सरकारले छात्रवृत्ति सम्वन्धी ऐन २०२१ लाई कार्यान्वयन गर्न वनेको नियमावलीमा प्रतिश्पर्धाको आधारमा छात्रवृत्तिको लागि उम्मेद्वार छनौट प्रक्रियामा अपाङ्गता भएका व्यक्तिलाई आरक्षणको व्यवस्था गरेको छ ।

**सुविधाको हकदार :** उच्च शिक्षाको लागि योग्यता पुगेका र नेपाल सरकारको परिभाषा र वर्गीकरण अन्तर्गत पर्ने अपाङ्गता भएका व्यक्ति ।

**सुविधा प्रदान गर्ने निकाय :** शिक्षा मन्त्रालय, शिक्षा विभाग

**सुविधा प्राप्त गर्ने प्रक्रिया :** हरेक वर्ष छात्रवृत्तिको लागि शिक्षा मन्त्रालयले आवेदनको लागि सूचना प्रकाशित गर्ने गर्छ । सूचना प्रकाशित भएपछि तोकिएको ढाँचाको आवेदन भरी शिक्षा मन्त्रालयमा वुझाउने । अपाङ्गता भएको व्यक्तिको हकमा आवेदनको साथमा अपाङ्गता परिचयपत्रको प्रतिलिपी र सम्वन्धीत जिल्ला प्रशासन कार्यालय वा राष्ट्रिय अपाङ्ग महासंघको सिफारिस पनि संलग्न गराउनुपर्नेछ ।

**सुविधा प्राप्त गर्ने आधार**

क) छात्रवृत्ति सम्वन्धी नियमावली २०६० (चौथो संसोधन २०६७) : नियम १०. क) छात्रवृत्ति आरक्षण गरिने : (१) नेपाल सरकारलाई प्राप्त भएको छात्रवृत्तिमध्ये पैँतालीस प्रतिशत स्थान सामूदायिक विद्यालयवाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका विपन्न देहायका समुदाय तथा व्यक्तिलाई आरक्षण गरी सो प्रतिशतलाई शत प्रतिशत कायम गरी देहायको प्रतिशतका आधारमा वितरण गरिनेछ ।

.......... ............ ........................

ग) अपाङ्गका लागि दुई प्रतिशत

...................... ...........

**(३) स्वास्थ्य (Health)**

**३.१. निँशुल्क स्वास्थ्योपचारको व्यवस्था (कानुनमा उल्लेखित व्यवस्था)**

**सुविधा :** सरकारी स्वास्थ्य केन्द्र वा अस्पतालहरूमा अपाङ्गता भएका व्यक्तिका लागि नि:शुल्क स्वास्थ्य परीक्षण तथा उपचारको प्रावधान छ ।

**सुविधाका हकदार :** नेपाल सरकारले गरेको अपाङ्गताको परिभाषा र वर्गीकरणमा समेटिएका सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरू ।

**सुविधा प्राप्त गर्ने ठाउँ/निकाय :** देशभरिका सबै सरकारी अस्पताल र स्थानीय स्तरका स्वास्थ्य केन्द्र/चौकीहरू ।

**सुविधा प्राप्त गर्ने प्रक्रिया**

क) सुविधा लिन चाहने अपाङ्गता भएका व्यक्तिले अस्पतालको शुल्क बुझाउने सम्बन्धित ठाउँमा आफ्नो अपाङ्गता परिचयपत्र देखाई निँशुल्क स्वास्थ्य परीक्षण वा उपचारको सेवा उपभोग गर्न पाउनेछ ।

**सुविधा प्राप्त गर्ने आधार**

क) अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ को दफा ७ को उपदफा २ : अपाङ्गबाट उत्पन्न हुने विभिन्न प्रतिकूल असरलाई यथाशक्य घटाउन आवश्यक पर्ने उपचार उपलब्ध गराउन त्यसका लागि गरिने परीक्षण तथा स्वास्थ्य सेवा प्रदान गर्न नेपाल सरकारले आवश्यक व्यवस्था गर्न सक्नेछ ।

ख) अपाङ्ग संरक्षण तथा कल्याण नियमावली, २०५१ को नियम १६ को उपनियम १ : देशभरका अस्पतालहरूमा अपाङ्गहरूको नि:शुल्क स्वास्थ्य परीक्षण गरिनेछ ।

**३.२. अस्पतालमा शैया आरक्षित गरिने : (कानुनमा उल्लेखित व्यवस्था) सुविधा : अपाङ्गता भएका** व्यक्तिहरूका लागि सरकारी अस्पतालमा निश्चित संख्यामा शैयाहरू सुरक्षित गरिने प्रावधान छ । **सुविधाका हकदार :** नेपाल सरकारले गरेको अपाङ्गताको परिभाषा तथा वर्गीकरणअन्तर्गत पर्ने सम्पूर्ण अपाङ्गता भएका व्यक्तिहरू ।

सुविधा प्रदान गर्ने निकाय : नेपालभरिका सरकारी अस्पतालहरू ।

सुविधा प्राप्त गर्ने प्रक्रिया : सुविधा उपभोग गर्ने व्यक्तिले आफूसँग भएको अपाङ्गता परिचयपत्र देखाएर यो सुविधा उपभोग गर्न पाउँछ ।

**सुविधा प्राप्त गर्ने आधार**

क) अपाङ्ग संरक्षण तथा कल्याण नियमावली, २०५१ को नियम १६ को ***उपनियम २ :*** नेपालभित्रका पचासभन्दा बढी शैया भएका सरकारी अस्पतालहरूमा अपाङ्गहरूको उपचारका निमित्त बढीमा दुईवटा नि:शुल्क शैयाको व्यवस्था गरिनेछ ।

**३.३. निँशुल्क औषधीको व्यवस्था सुविधा :** नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिहरूको लागि निश्चित प्रकारका औषधीहरु सरकारी अस्पतालहरूवाट नि:शुल्क रुपमा प्राप्त गर्ने व्यवस्था गरेको छ । यस्ता औषधीहरू ४१ प्रकारका छन र त्यस्ता औषधीहरूको सूची अनुसूची १२ मा प्रस्तुत गरिएको छ ।

**सुविधाको हकदार :** नेपाल सरकारले गरेको अपाङ्गताको परिभाषा र वर्गीकरण अन्तर्गत पर्ने सवै अपाङ्गता भएका व्यक्तिहरू ।

**सुविधा प्रदान गर्ने निकाय :** नेपालभरीका सरकारी अस्पताल र स्वास्थ्यकेन्द्रहरू

**सुविधा प्राप्त गर्ने प्रक्रिया :** अपाङ्गता भएका व्यक्तिले स्वास्थ्य परीक्षण पश्चात, नि:शुल्क प्रदान गरिने औषधीमध्ये पर्ने औषधी सेवन वा प्रयोग गर्नुपर्ने भएमा आफूसँग भएको अपाङ्गता परिचयपत्र देखाई सरकारी अस्पतालवाट औषधी नि:शुल्क प्राप्त गर्न सक्छन ।

**(४). रोजगारी तथा आय आर्जन (Employment & Income Generation)**

**४.१. निजामती सेवामा ५ प्रतिशत आरक्षणको व्यवस्था (कानुनमा उल्लेखित व्यवस्था)**

**सुविधा :** अपाङ्गता भएका व्यक्तिहरूलाई निजामती सेवामा आरक्षणको व्यवस्था छ ।

**सुविधाका हकदार :** नेपाल सरकारले गरेको परिभाषा र वर्गीकरणमा समेटिएका र सेवाका लागि योग्यता पुगेका अपाङ्गता भएका सबै व्यक्तिहरू ।

**सुविधा प्राप्त गर्ने ठाउँ/निकाय :** लोकसेवा आयोगको केन्द्रीय कार्यालय तथा यसका क्षेत्रीय निर्देशनालयहरू ।

**सुविधा प्राप्त गर्ने प्रक्रिया :**

क) लोक सेवा आयोगको आरक्षणतर्फको फारम भर्नको लागि आफूसँग अपाङ्गता परिचयपत्र हुनु अनिवार्य छ । उक्त परिचयपत्र देखाई लोक सेवा आयोग वा आयोगले तोकेका स्थान वा कार्यालयबाट आरक्षणतर्फको फारम लिन सकिन्छ ।

ख) आवेदनसँगै नियमअनुसारको शुल्क, आवश्यक प्रति पासपोर्ट साइजको फोटो, शैक्षिक योग्यताको प्रमाणपत्र, अपाङ्गता परिचयपत्रको प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्र आदि पेस गर्नुपर्छ ।

ग) सम्बन्धित आरक्षणबाहेक खुला प्रतिस्पर्धा गर्न चाहने अपाङ्गता भएका व्यक्तिले शाखा अधिकृत र सोभन्दा माथिका पदमा प्रतिस्पर्धा गर्दा प्रारम्भिक परीक्षा उतीर्ण गरेरमात्र लिखित परीक्षामा सामेल हुन पाउनेछन् । तर शाखा अधिकृतभन्दा तलका पदमा सिधै लिखित परीक्षामा सामेल हुन पाइनेछ ।

घ) समावेशीअन्तर्गतको लिखित परीक्षा छुट्टै लिइने हुनाले उक्त लिखित परीक्षामा सहभागी हुने ।

**सुविधा प्राप्त गर्ने आधार :**

क) निजामती सेवा ऐन, २०४९ को दोस्रो संशोधन २०६४, साउन २३ को कार्यान्वयनका लागि बनेको निजामती सेवा नियमावली, २०५० को सातौं संशोधन २०६४ मंसिर २० मा भएको व्यवस्था : दफा ७ : उपदफा १ मा जुनसुकै कुरा लेखिए पनि निजामती सेवालाई समावेशी बनाउन खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदहरूमध्ये पैंतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी देहायबमोजिम उम्मेदवारबीचमा मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ ।

क) महिला - तेत्तीस प्रतिशत

ख) आदिवासी/जनजाति - सत्ताईस प्रतिशत

ग) मधेसी - बाईस प्रतिशत

घ) दलित - नौ प्रतिशत

ङ) अपाङ्ग - पाँच प्रतिशत

च) पिछडिएको क्षेत्र - चार प्रतिशत

**स्पष्टीकरण :**

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिए पनि उपदफा ७ को खण्ड ङ बमोजिम निर्धारित प्रतिशतको पद कुनै खास प्रकृतिको कामका लागि तोकिएबमोजिमका अपाङ्गहरूबीच मात्र प्रतिस्पर्धा गर्न पाउने गरी परीक्षाद्वारा पूर्ति गरिनेछ ।

(१०) उपदफा (७) बमोजिम छुट्याइएको पदमा जुन वर्षका लागि विज्ञापन भएको हो सो वर्ष हुने विज्ञापनमा उपयुक्त उम्मेदवार उपलब्ध हुने नसकेमा त्यस्तो पद अर्को वर्ष हुने विज्ञापनमा समावेश गर्नुपर्नेछ र त्यसरी विज्ञापन गर्दा पनि उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा त्यस्तो पद सोही वर्ष खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेश गर्नुपर्नेछ ।

**निजामती सेवा नियमावली, २०५० मा भएको व्यवस्था**

१४. क. पदपूर्तिसम्बन्धी विशेष व्यवस्था : (१) ऐनको दफा ७ को उपदफा (८) बमोजिम निर्धारित पदमध्ये कुन पद कुन किसिमको अपाङ्गका लागि अनुपयुक्त हुने भन्ने सम्बन्धमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेबमोजिम हुनेछ ।

### ४.१.१. असमर्थ कर्मचारिको लागि अवकास सम्वन्धी विशेष व्यवस्था तथा अशक्त वृत्ति ।

**सुविधा :** निजामति सेवामा रहँदाको अवस्थामा विभिन्न कारणले अपाङ्गता आइ काम गर्न असमर्थ भएमा, अंगभंग भएमा आर्थिक सहायता, विशेष राहत सहित अवकास, विदा लगायतका व्यवस्थाहरु गरिएका छन ।

**सुविधाका हकदार :** सेवारत अवस्थामा रहेकै अवस्थामा विभिन्न कारणले अपाङ्गता भएका व्यक्तिहरु ।

**सुविधा प्रदान गर्ने निकाय :** सामान्य प्रशासन मन्त्रालय

**सुविधा प्रदान गर्ने प्रकृया :** सम्वन्धित व्यक्तिले अशक्तताको प्रकृति अनुसार मेडिकल वोर्डको सिफारिस, अशक्तताको प्रमाणीकरण, नि.से.नि.को नियम १०० अनुसारको समितिको प्रमाणीकरण लगायत अन्य आवश्यक कागजातहरु पेश गर्नुपर्छ ।

**सुविधा प्राप्त गर्ने आधार :** निजामति सेवा ऐन २०४९ को दफा ३४(क), निजामति सेवा नियमावली २०५० को नियम ९६ र नियम ८७

### ४.२. नेपाल टेलिकममा रोजगारीमा ५ प्रतिशत आरक्षण

**सुविधा :** नेपाल टेलिकमका रिक्त पद पूर्ति गर्दा अपाङ्गता भएका व्यक्तिहरूलाई कुल आरक्षित सङ्ख्याको ५ प्रतिशत आरक्षण दिने प्रावधान छ ।

**सुविधाको हकदार :** नेपाल सरकारले गरेको अपाङ्गताको परिभाषा तथा वर्गीकरणअन्तर्गत समेटिने उक्त सेवाका लागि योग्यता पुगेका अपाङ्गता भएका व्यक्तिहरू ।

**सुविधा प्रदान गर्ने निकाय :** नेपाल टेलिकम्युनिकेसन

**सुविधा प्राप्त गर्ने प्रक्रिया :** नेपाल टेलिकमले आवेदनका लागि तोकेको प्रक्रियाअनुसार अपाङ्गता परिचयपत्रसहित आवेदन गर्ने ।

**सुविधा प्राप्त गर्ने आधार :** नेपाल टेलिकमको विनियमावलीमा व्यवस्था भएको ।

**४.३. आयकरमा सहुलियत (वार्षिक नीति तथा कार्यक्रम र आयकर ऐनमा समेत उल्लेखित)**

**सुविधा :** नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिहरूको हकमा आयकर लाग्ने वार्षिक आम्दानीको दायरालाई अन्य व्यक्तिहरूको तुलनामा ५० प्रतिशतले फराकिलो बनाएको छ । अर्थात् आव २०६६/०६७ मा सामान्यतया विवाहित व्यक्तिलाई रु. २ लाखसम्ममा आयकर नलाग्नेमा अपाङ्गता भएका व्यक्तिहरूको हकमा रु. ३ लाखसम्मको वार्षिक आम्दानीमा आयकर लाग्दैन ।

**सुविधाको हकदार :** नेपाल सरकारले गरेको अपाङ्गताको परिभाषा वर्गीकरणमा पर्ने अपाङ्गता भएका वैतनिक व्यक्तिहरू

सुविधा प्रदान गर्ने निकाय : अर्थ मन्त्रालयअन्तर्गत स्थानीय स्तरमा जिल्लाजिल्लामा स्थापित कर कार्यालयहरू ।

**सुविधा प्राप्त गर्ने प्रक्रिया :** स्थानीय कर कार्यालयले तोकेको प्रक्रियाअनुसार अपाङ्गताको परिचयपत्रको प्रतिलिपिसहित आ˜नो आय विवरण आफ”ले काम गर्ने गरेको संस्था वा कार्यालयमार्फत् पेस गर्ने ।

**सुविधा प्राप्त गर्ने आधार**

आयकर ऐन, २०५८ (२०६५ मा भएको नयाँ संशोधनसहित) अनुसूची १ : करका दरहरू : दफा ४ सँग सम्बन्धित १०. यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिए पनि कुनै प्राकृतिक व्यक्ति अपाङ्ग रहेछ भने त्यस्तो प्राकृतिक व्यक्तिका लागि उपदफा १ को खण्ड (क) वा दम्पतीका लागि उपदफा २ को खण्ड (क) मा उल्लेखित रकमको पचास प्रतिशत थप रकम करयोग्य आयबाट घटाई बाँकी रहने रकममा मात्र यस दफाबमोजिम करको गणना गरिनेछ ।

**४.४. निजी क्षेत्रमा अपाङ्गता भएका व्यक्तिहरूको लागि रोजगारी (कानुनमा उल्लेखित व्यवस्था)**

**सुविधा :** अपाङ्गता भएका व्यक्तिहरूलाई निजी क्षेत्रका कलकारखाना तथा उद्योगहरूमा रोजगारीमा ५ प्रतिशत कोटा छुट्ट्याउनुपर्ने कानुनी व्यवस्था छ ।

**सुविधाका हकदार :** रोजगारीका लागि आवश्यक योग्यता पुगेका तथा नेपाल सरकारले गरेको अपाङ्गताको परिभाषा तथा वर्गीकरणअन्तर्गत समेटिएका अपाङ्गता भएका सम्पूर्ण व्यक्तिहरू ।

**सुविधा प्रदान गर्ने निकाय :** निजी क्षेत्रबाट सञ्चालित उद्योग तथा कलकारखानाहरू ।

सुविधा प्राप्त गर्ने प्रक्रिया

क) निजी क्षेत्रबाट आवेदनका लागि आह्वान गरिएका रोजगारीका अवसरहरूमा तोकिएको प्रक्रियाअनुसार आवेदन गर्ने ।

ख) आवेदनमा अपाङ्गता परिचयपत्रको प्रतिलिपि संलग्न गराउने ।

**सुविधा प्राप्त गर्ने आधार**

अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ को दफा ८ को उपदफा ४ : पच्चीस जनाभन्दा बढी मजदुर नियुक्त गरिने कारखानाले जम्मा मजदुर सङ्ख्याको पाँच प्रतिशतमा नघटाई अपाङ्गलाई उनीहरूको शारीरिक क्षमता, तालिम, योग्यता र अनुभवका आधारमा उपयुक्त हुने काममा उपलब्ध भएसम्म नियुक्त गर्नपर्ने गरी तोक्न सक्नेछ । यस्ता मजदुरले अन्य मजदुरले पाएसरहको पारिश्रमिक पाउनेछ । तिनीहरूको सेवाका सर्तहरू तथा वृत्ति विकासका अवसरहरू पनि अन्य मजदुरसरह हुनेछन् । तर कुनै कारखानाले अपाङ्गलाई नियुक्त गर्दा निजको स्वास्थ्य तथा अन्य अवस्थामा हानि हुने सम्भावना छ भन्ने तथ्य त्यस्तो कारखानाले दर्शाई समाजकल्याण अधिकृतको अनुमति प्राप्त गरेमा त्यस्तो कारखानालाई यस उपदफाको बाध्यात्मक व्यवस्थाबाट छुट दिन सकिनेछ ।

**४.५. शिक्षा सेवामा आरक्षण : (कानुनमा उल्लेखित व्यवस्था)**

**सुविधा :** नयाँ संशोधित शिक्षा ऐनले शिक्षक सेवामा अपाङ्गता भएका व्यक्तिहरूका लागि ५ प्रतिशत आरक्षणको व्यवस्था गरेको छ ।

**सुविधाको हकदार :** नेपाल सरकारले गरेको अपाङ्गताको परिभाषा तथा वर्गीकरणमा समेटिएका अध्यापन अनुमति प्राप्त अपाङ्गता भएका व्यक्तिहरू ।

**सुविधा प्रदान गर्ने निकाय :** केन्द्रीय निकाय : शिक्षा मन्त्रालय/शिक्षा सेवा आयोग । स्थानीय निकाय : जिल्ला शिक्षा कार्यालय ।

**सुविधा प्राप्त गर्ने प्रक्रिया**

शिक्षा सेवा आयोगले शिक्षक पद पूर्तिका लागि आह्वान गरेको विज्ञापनमा समावेशीतर्फको आरक्षित कोटामा तोकिएको प्रक्रियाअनुसार आवेदन गरी तोकिएको प्रतिस्पर्धा प्रणालीअनुसार प्रतिस्पर्धामा सम्मिलित हुने ।

**सुविधा प्राप्त गर्ने आधार**

शिक्षा ऐन २०२८ (नवीनतम संशोधन २०६५ माघ २८ सहितको) को दफा १६.ङ : नियुक्ति समावेशी गरिने : १) यो ऐन वा यस ऐनअन्तर्गत बनेका नियमबमोजिम सामुदायिक विद्यालयमा शिक्षक तथा कर्मचारी नियुक्ति गर्दा खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये पैंतालीस प्रतिशत पद छुट्टयाई सो प्रतिशतलाई शतप्रतिशत मानी देहायबमोजिमका उम्मेदवारबीचमा मात्र छुट्टै प्रतिस्पर्धा गराई नियुक्ति गरिनेछ ।

क) महिला .............तेत्तीस प्रतिशत

ख) आदिवासी/जनजाति ......सत्ताईस प्रतिशत

ग) मधेसी ......बाईस प्रतिशत

घ) दलित.........नौ प्रतिशत

ङ) अपाङ्ग.........पाँच प्रतिशत

च) पिछडिएको क्षेत्र .......चार प्रतिशत

**४.६. रेडियो नेपालको स्थायी सेवामा ५ प्रतिशत आरक्षण**

**सुविधा :** अपाङ्गता भएका व्यक्तिहरूका लागि रेडियो नेपालको स्थायी सेवामा आरक्षणको व्यवस्था गरिएको छ र करार सेवामा कार्यरत अपाङ्गता भएका व्यक्तिहरूको करार अन्त्य नगर्ने समेत नीति रहेको छ ।

**सुविधाका हकदार :** नेपाल सरकारले गरेको अपाङ्गताको परिभाषा तथा वर्गीकरणअन्तर्गत समेटिने सेवाका लागि योग्यता पुगेका अपाङ्गता भएका व्यक्तिहरू ।

**सुविधा प्रदान गर्ने निकाय :** रेडियो नेपाल ।

**सुविधा प्राप्त गर्ने प्रक्रिया :** रेडियो नेपालले आवेदनका लागि तोकिएको प्रक्रिया पुर्याई अपाङ्गता परिचयपत्रसमेत संलग्न राखी आवेदन दिने ।

**सुविधा प्रदान गर्ने आधार :** रेडियो नेपालको सेवा नियमावलीमा व्यवस्था भएको ।

**४.७. दृष्टिविहिनहरूका लागि स्वरोजगार कार्यक्रम**

**सुविधा :** उद्योग मन्त्रालयले दृष्टिविहिनहरुका लागि स्वरोजगार कार्यक्रम लागु गरेको छ । जस अन्तर्गत तालिम र रोजगारीको व्यवस्था गरिएको छ ।

**सुविधाका हकदार :** नेपाल सरकारले गरेको अपाङ्गताको परिभाषा तथा वर्गीकरण अन्तर्गत पर्ने दृष्टिविहिन व्यक्तिहरु ।

**सुविधा प्रदान गर्ने निकाय :** घरेलु तथा साना उद्योग विभाग तथा यसका जिल्ला निकायहरु ।

**सुविधा प्राप्त गर्ने प्रक्रिया :** जिल्ला घरेलु कार्यालय वा घरेलु तथा साना उद्योग विभागले तोकेको प्रक्रिया पुरा गरी यो सुविधा उपभोग गर्न सकिन्छ ।

**सुविधा प्राप्त गर्ने आधार :**

क) उद्योग मन्त्रालयको २०६७/६८ को स्वीकृत कार्यक्रम ।

ख) यस वाहेक औद्योगिक नीति २०६७ ले उद्योगले होचा पुड्का लगायतका अपाङ्गता भएका व्यक्तिहरुलाई रोजगारि प्रदान गरेमा त्यस्ता कामदारहरुलाई भुक्तानी दिएको तलव आदि खर्च आयकर प्रयोजनका लागि कट्टा गर्न पाइने व्यवस्था गरेको छ ।

**४.८. असमर्थ कर्मचारीको लागि विशेष व्यवस्था**

सुविधा : निजामति सेवामा रहेको कर्मचारी कुनै कारणले शारीरिक वा मानसिक रुपमा काम गर्न असमर्थ भएमा निजामति सेवा ऐनमा सात वर्ष थप सेवा अवधि सहित अवकाशको विशेष व्यवस्था गरेको छ ।
सुविधाको हकदार : निजामति सेवामा रहेको अवस्थामा कुनै कारणवस मानसिक वा शारीरिक रुपमा समस्या आई सेवालाई निरन्तरता दिन असमर्थ व्यक्ति
सुविधा प्रदान गर्ने निकाय : सम्वन्धीत कार्यालय
सेवा प्राप्त गर्ने प्रक्रिया : सम्वन्धीत व्यक्तिले मेडिकल वोर्डको सिफारिस सहित उक्त सुविधाको लागि आवेदन गर्नुपर्छ ।

**सुविधा प्राप्त गर्ने आधार :**
निजामति सेवा ऐन २०४९ को दफा ३४ : कुनै निजामती कर्मचारी शारीरिक वा मानसिक रोगको कारणबाट नियमित रूपमा सेवा गर्न असमर्थ छ भनी नेपाल सरकारले गठन गरेको मेडिकल बोर्डबाट प्रमाणित भई आएमा नेपाल सरकारले निजलाई निजको सेवा अवधिमा बढीमा सात वर्ष सेवा अवधि थप गरी अवकाश दिन सक्नेछ ।

**४.९. अशक्त वृत्ति**

**सुविधा :** निजामति कर्मचारीलाई सरकारी कामको सीलशिलामा कारणवस दुर्घटनामा परि अंगभंग भई वा मानसिक वा शारीरिक रूपमा अपाङ्गता भएमा अशक्त वृत्तिको व्यवस्था निजामति सेवा नियमावलीमा गरिएको छ ।
**सुविधाको हकदार :** निजामति सेवामा कार्यरत कर्मचारी
**सुविधा प्रदान गर्ने निकाय :** सम्वन्धित कार्यालय
**सुविधा प्राप्त गर्ने प्रक्रिया** : सम्वन्धित निकायवाट अशक्तताको कारण सेवालाई निरन्तरता दिन नसक्ने प्रमाणीत भएपछि नियमावलीमा तोकिए अनुसार सुविधा उपभोग गर्न सकिन्छ ।

**सुविधा प्राप्त गर्ने कानूनि आधार :**
निजामति सेवा नियमावली २०५० को नियम ९६ : (१) कुनै निजामती कर्मचारी सरकारी कामको सिलसिलामा दुर्घटनामा परी अंगभंग भएको वा चोटपटक लागेको कारणले शारीरिक वा मानसिक रूपमा सरकारी सेवाको लागि अशक्त भएमा त्यस्तो कर्मचारीले निजको जीविकाको निमित्त बाँचुन्जेलसम्म अशक्तवृत्तिको रूपमा उपनियम (२) मा लेखिएबमोजिमको निवृत्तभरणसहित उपनियम (३) मा लेखिएबमोजिमको अशक्त भत्ता पाउनेछ ।

### (५). तालिम (Training)

**५.१. अपाङ्गता भएका व्यक्तिहरूका लागि नि:शुल्क व्यावसायिक तालिम (कानुनमा उल्लेखित व्यवस्था)**

**सुविधा :** अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक सशक्तीकरणका लागि राज्यले नि:शुल्क तालिमको व्यवस्था गरेको छ ।

**सुविधाका हकदार :** नेपाल सरकारले गरेको अपाङ्गताको परिभाषा तथा वर्गीकरणमा समेटिने तालिमका लागि तोकिएको योग्यता पुगेका अपाङ्गता भएका व्यक्तिहरू ।

**सुविधा प्रदान गर्ने निकाय**

क) महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय/समाजकल्याण परिषद्अन्तर्गत सञ्चालित "राष्ट्रिय अपाङ्ग कोष"

ख) सीटीईभीटी, यसका स्थानीय शैक्षिक तथा तालिम केन्द्रहरू

ग) घरेलु तथा साना उद्योग विभाग र जिल्ला घरेलु कार्यालय

घ) जिल्ला विकास समितिहरू

ङ) जिल्ला कृषि कार्यालयहरू

च) अपाङ्गता क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थाहरू

**सुविधा प्राप्त गर्ने प्रक्रिया**

माथि उल्लेख गरिएका निकायहरूले तालिमका लागि आवेदन गर्न निश्चित ढाँचामा तयार गरिएको फाराम वा तोकिएको प्रक्रिया वा जारी गरिएको सूचनाअनुसार आवेदन दिने । आवेदनको साथमा अपाङ्गता परिचयपत्र संलग्न हुनुपर्ने ।

**सुविधा प्राप्त गर्ने आधार**

क) अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ को दफा ८ को उपदफा १ : अपाङ्गलाई आर्थिक रूपमा स्वावलम्बी बनाउन उपयुक्त तालिम तथा रोजगारीको व्यवस्था मिलाउन सकिनेछ । निजहरूको अवस्था सुहाउँदो वातावरणमा श्रमको उचित प्रतिफल पाउनसक्ने प्रकारको तालिम दिने व्यवस्था गर्न सकिनेछ ।

ख) अपाङ्ग संरक्षण तथा कल्याण नियमावली, २०५१ को नियम १५ को उपनियम ५ : नेपाल सरकार र नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्वमा रहेको कुनै संगठित संस्थाले प्रदान गर्ने प्राविधिक तथा व्यावसायिक तालिममा उनीहरूका लागि पाँच प्रतिशत स्थान सुरक्षित गरिनेछ र यस किसिमका तालिममा अपाङ्गहरूलाई कुनै किसिमको शुल्क लाग्ने छैन ।

ग) अपाङ्ग संरक्षण तथा कल्याण नियमावलीको नियम १९ को उपनियम १ : अपाङ्ग सेवा कोषको व्यवस्था : अपाङ्गहरूको शिक्षा, तालिम, स्वास्थ्योपचार र पुनर्स्थापना कार्यका लागि नेपाल सरकारले एउटा अपाङ्ग सेवा कोष स्थापना गर्न सक्नेछ ।

**५.२. रेडियो उद्घोषण तथा पत्रकारितासम्बन्धी तालिम सुविधा :**

**सुविधा :** अपाङ्गता भएका व्यक्तिहरूलाई आधारभूत रेडियो उद्घोषण तथा पत्रकारितासम्बन्धी तालिम दिने प्रावधान रहेको छ । यस्ता तालिमका लागि लाग्ने शुल्क रकम अनुदान दिनेसमेत व्यवस्था गरिएको छ ।

**सुविधाका हकदार :** नेपाल सरकारले गरेको अपाङ्गताको परिभाषा तथा वर्गीकरणअन्तर्गत समेटिने तथा उक्त तालिमका लागि आवश्यक योग्यता पुगेका अपाङ्गता भएका व्यक्तिहरू ।

**सुविधा प्रदान गर्ने निकाय :** सूचना तथा सञ्चार मन्त्रालय/सूचना विभाग

**सुविधा प्राप्त गर्ने प्रक्रिया :** अपाङ्गता परिचयपत्रसहित सूचना विभाग वा तोकिएको निकायमा निवेदन दिने ।

**सुविधा प्राप्त गर्ने आधार :** आव २०६६/०६७ को वार्षिक कार्यक्रम ।

**(६). आवागमन (Mobility)**

**६.१. हवाई यातायातमा लाग्ने भाडामा ५० प्रतिशत छुट (कानुनमा उल्लेखित व्यवस्था)**

**सुविधा :** आन्तरिक हवाई यात्रामा अपाङ्गता भएका व्यक्तिहरूलाई भाडामा ५० प्रतिशत छुट दिइन्छ ।

**सुविधाका हकदार :** नेपाल सरकारले गरेको अपाङ्गताको परिभाषा तथा वर्गीकरणअन्तर्गत समेटिने अपाङ्गता भएका व्यक्तिहरू ।

**सुविधा प्राप्त गर्ने ठाउँ/निकाय :** सम्बन्धित हवाई सेवाको टिकट बिक्री कक्ष ।

**सुविधा प्राप्त गर्ने प्रक्रिया :**

क) यो सुविधा लिनका लागि सुविधा लिने व्यक्तिसँग अपाङ्गता परिचयपत्र हुनु अनिवार्य छ ।

ख) परिचयपत्रको प्रतिलिपिसहित आफ"ले उपयोग गर्न चाहेको हवाई सेवाको टिकट बिक्री कक्षमा हवाई टिकटका लागि अनुरोध गर्ने ।

**सहुलियतको सीमा**

यो सुविधा देशभित्रका सबै निजी तथा सरकारी हवाई उडानमा प्रतिउडान एकजना अपाङ्गता भएका व्यक्तिलाई उपलब्ध गराइनेछ ।

**सुविधा प्राप्त गर्ने आधार**

क) अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ को दफा १० को उपदफा ३ : कुनै अपाङ्गलाई बस, रेल, हवाईजहाजबाट यात्रा गर्दा निजलाई र अरू कुनै व्यक्तिको सहारा निरन्तर चाहिने भए एकजना व्यक्तिलाई यात्रु भाडाको आधा छुट दिन सकिनेछ ।

ख) सम्बन्धित मन्त्रालयले २०६३ जेठ २६ गते मन्त्रीस्तरीय निर्णय गरी लागू गरेको ...अपाङ्गता भएका व्यक्तिलाई आन्तरिक हवाई यात्रामा दिइने छुट वा सहुलियतसम्बन्धी कार्यविधि, २०६३,

**६.२. सार्वजनिक सडक यातायातमा भाडा छुट (कानुनमा उल्लेखित व्यवस्था)**

**सुविधा :** सार्वजनिक सडक यातायातमा अपाङ्गता भएका व्यक्तिहरूका लागि भाडामा ५० प्रतिशत छुटको

व्यवस्था छ ।

**सुविधाका हकदार :** नेपाल सरकारले गरेको अपाङ्गताको परिभाषा र वर्गीकरणमा समेटिने सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरू ।

**सुविधा प्राप्त गर्ने ठाउँ/निकाय :** लामो तथा छोटो दूरीमा चल्ने सार्वजनिक भाडाका सबारी साधनहरू सञ्चालन गर्ने व्यावसायिक संस्थाहरू ।

**सुविधा प्राप्त गर्ने प्रक्रिया :** सार्वजनिक सबारीका साधनहरूमा यात्रा गर्दा वा यात्रा गर्नका लागि टिकट काउन्टरबाट टिकट खरिद गर्दा अपाङ्गता परिचयपत्र देखाउने वा सोको प्रतिलिपि पेस गर्ने ।

**सुविधा प्राप्त गर्ने आधार**

अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ को दफा १० को उपदफा ३ : कुनै अपाङ्गलाई बस, रेल, हवाईजहाजबाट यात्रा गर्दा निजलाई र अरू कुनै व्यक्तिको सहारा निरन्तर चाहिने भए एकजना व्यक्तिलाई यात्रु भाडाको आधा छुट दिन सकिनेछ ।

### ६.३. सार्वजनिक सडक यातायातमा सिट आरक्षणको व्यवस्था (कानुनमा उल्लेखित व्यवस्था )

**सुविधा :**

सार्वजनिक सडक यातायातमा अपाङ्गता भएका व्यक्तिहरूलाई सिट आरक्षण गनर्’पर्ने प्रावधान छ ।

**सुविधाका हकदार :**

नेपाल सरकारले गरेको अपाङ्गताको परिभाषा तथा वर्गीकरणमा समेटिने अपाङ्गता भएका व्यक्तिहरू ।

**सुविधा प्राप्त गर्ने ठाउँ/निकाय :**

सार्वजनिक सबारी साधन सञ्चालकहरू (हरेक १५ जना वा सोभन्दा बढी यात्रुहरू लिएर हिँड्ने क्षमता भएका सबारीसाधनमा अपाङ्गता भएका व्यक्तिका लागि सिट आरक्षित गरिएको हुन्छ । सबारीसाधनमा आरक्षित गरिएको सिटको ठीक माथि “अपाङ्गहरूका लागि आरिक्षत” भनेर लेखिएको पनि हुन्छ ।)

**सुविधा प्राप्त गर्ने आधार**

क) अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ को दफा १० को उपदफा १० : सार्वजनिक यातायातका साधनहरूमा अपाङ्ग व्यक्तिहरूका लागि केही स्थान सुरक्षित राख्ने प्रबन्ध गर्न सकिनेछ ।

ख) सबारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १०७ को उपदफा १ : स्थानीय बाटोमा चल्ने यात्रुवाहक सार्वजनिक ठूला सबारीमा चारवटा सिट अशक्त व्यक्तिका लागि र दुईवटा सिट महिलाहरूका लागि सुरक्षित राख्नुपर्ने कर्तव्य सो यातायात सेवा सञ्चालन गर्ने व्यवस्थापक वा सबारी धनीको हुनेछ ।

### ६.४. विशेष प्रकारका सबारी साधनमा भन्सार छुटको व्यवस्था (वार्षिक नीति तथा कार्यक्रममार्फत् निरन्तरता दिइएको )

**सुविधा :** शारीरिक अपाङ्गता भएका व्यक्तिहरूले प्रयोग गर्ने विशेष प्रकारका चारपाङ्ग्रे स्कुटरमा नेपाल सरकारले आव २०६५/०६६ देखि पूर्णरूपमा भन्सार छुटको व्यवस्था गरेको छ र आव २०६६/०६७ को बजेटमा यसलाई निरन्तरता दिँदै भ्याटमा समेत छुट दिने व्यवस्था थप गरिएको छ ।

**सुविधाका हकदार :**

नेपाल सरकारको परिभाषा र वर्गीकरणमा समेटिने र आवागमनका लागि चारपाङ्ग्रे स्कुटर प्रयोग गर्न आवश्यक पर्ने शारीरिक अपाङ्गता भएका व्यक्तिहरू ।

**सुविधा प्राप्त गर्ने ठाउँ/निकाय**

राष्ट्रिय अपाङ्ग महासंघ नेपाल केन्द्रीय निकाय : महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय, सामाजिक सुरक्षा शाखा । अर्थ मन्त्रालय भन्सार विभाग स्थानीय भन्सार कार्यालय

**सुविधा प्राप्त गर्ने प्रक्रिया**

क)आफुलाई चारपाङ्ग्रे स्कुटर आवश्यक परेको कारण स्पष्ट खुलाई अपाङ्गता परिचयपत्रको प्रतिलिपि र अपाङ्गता स्पष्ट खुल्ने एक प्रति फोटोसहित राष्ट्रिय अपाङ्ग महासंघको केन्द्रीय कार्यालय वा यसका क्षेत्रीय कार्यालय वा जिल्ला शाखाहरूमा आवेदन दिने ।

ख) राष्ट्रिय अपाङ्ग महासंघबाट आवश्यक छानबिनपश्चात् सिफारिससहित उक्त निवेदनलाई महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयको सामाजिक सुरक्षा शाखामा पठाइन्छ ।

ग) सामाजिक सुरक्षा शाखाले उक्त निवेदन प्रक्रिया पूरा गरी अर्थ मन्त्रालयको राजस्व महाशाखामा पठाउँछ ।

घ) अर्थ मन्त्रालयको राजस्व महाशाखाले आवश्यक कारबाहीका लागि केन्द्रीय भन्सार विभागमा पठाउँछ ।

ङ) केन्द्रीय भन्सार विभागले उक्त स्कुटर नेपाल ल्याउन चाहेको नाकाको भन्सार कार्यालयलाई आवश्यक कार्यान्वयनका लागि निर्देशन दिन्छ ।

**सुविधा प्राप्त गर्ने आधार**

क) बजेट वक्तव्य २०६५/०६६ राजस्वमा सहुलियतसम्बन्धी कार्यनीति तथा कार्यक्रमअन्तर्गतको बुँदा नं. २६८ :

(क) अपाङ्गहरूले प्रयोग गर्ने स्कुटरमा भन्सार महसुल पूर्ण रूपले छुट दिने प्रस्ताव गरिएको छ, साथै अशक्त, अपाङ्गहरूको नाममा पारित हुने घरजग्गा रजिस्ट्रेसन दस्तुरको छुटमा वृद्धि गरिएको छ ।

ख) बजेट वक्तव्य २०६६/०६७ को बुँदा नं. २८५ (ख) : अपाङ्गले प्रयोग गर्ने स्कुटर पैठारी वा स्थानीय खरिद गर्दा तिरेको भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर त्यस्तो स्कुटर यातायात व्यवस्था कार्यालयमा निजको नाममा दर्ता भएको अवस्थामा सम्बन्धित निकायको सिफारिसमा फिर्ता गर्ने व्यवस्था मिलाइएको छ ।

## (७). भौतिक पहुँच (Physical Accessibility)

७.१. सार्वजनिक संरचनामा भौतिक पहुँचको व्यवस्था (राष्ट्रिय भवन आचारसंहितामा उल्लेखित व्यवस्था)

**सुविधा :** अपाङ्गता भएका व्यक्तिहरूको स्वतन्त्र आवागमन र उपयोगलाई सहज तुल्याउन सार्वजनिक भौतिक संरचनाहरू लगायत सञ्चार तथा सूचना सेवाहरु सबै अपाङ्गता भएका व्यक्तिहरुका लागि

मैत्रीपूर्ण र पहुँचयुक्त बनाउनुपर्ने प्रावधान छ । भौतिक संरचनाहरु कस्तो बनाउनुपर्ने, त्यसको मापदण्ड के हुने भन्ने बारेमा नेपाल सरकारले छुट्टै निर्देशिका निर्माण गरि लागू गरेको छ ।

**सुविधाका हकदार :** नेपाल सरकारद्वारा गरिएको अपाङ्गताको परिभाषा तथा वर्गीकरणमा समेटिने खास गरेर शारीरिक अपाङ्गता भएका व्यक्तिहरू ।

**सुविधा प्रदान गर्ने ठाउँ/निकाय :** भौतिक योजना तथा निर्माण मन्त्रालयअन्तर्गत सहरी विकास तथा भवन निर्माण विभाग, सडक विभाग, नीजि क्षेत्रका निर्माण कम्पनीहरु, प्रत्येक मन्त्रालयका भौतिक निर्माण सम्बन्धी काम गर्ने निकायहरु र यससँग सम्बद्ध स्थानीय निकाय, नगरपालिका तथा गाउँ विकास समितिका कार्यालयहरू ।

**सेवा प्राप्त गर्ने प्रक्रिया**

क) सार्वजनिक संरचनाहरूको निर्माण तथा पुनर्निर्माणमा राष्ट्रिय भवन निर्माण आचारसंहिता र मन्त्रीपरिषदले २०६९ सालमा पारित गरि सबै सरोकालवालहरुले मान्नुपर्ने गरि लागू गरेको अपाङ्गता भएका व्यक्तिहरुका लागि भौतिक वातावरण तथा सञ्चार सेवामा पहुँच सम्बन्धी निर्देशिका २०६९ को कार्यान्वयन गराउनुपर्ने र यसको अनुगमन गर्नुपर्ने ।

ख) नक्सा अपाङ्गता मैत्री भए/नभएको र सोअनुसार कार्यान्वयन भए/नभएको नगरपालिका र गाविसले अनुगमन गर्ने ।

**सुविधा प्राप्त गर्ने आधार**

**क)** नेपाल सरकार मन्त्री परिषदले २०६९ सालमा पास गरि लागू गरेको अपाङ्गता भएका व्यक्तिहरुका लागि भौतिक बातावरण तथा सञ्चार सेवामा पहुँच सम्बन्धी निर्देशिका २०६९ मा गरिएका सबै व्यवस्थाहरु ।

**ख) नेपाल राष्ट्रिय भवन निर्माण आचारसंहिता, २०६० *Nepal National Building Code, NBC 206 : 2003*** 5.0 : Requirement for the physically disabled

5.1 : At least one primary entrance to a building shall be useable by the physically disabled and be on the level that would provide access to elevators where provided.

5.2 : Access ramps for wheelchairs shall not have gradients in access of

1:12 level platforms shall be provided at max 1800 mm flight. Level platform shall also be provided at tops and changes of direction. The minimum widths of wheelchair accessible ramps shall be 900 mm for apartments and residential use and 1000 mm for all other building types. Handrails are required when the total rise exceeds 600 mm

5.3 : The areas accessible by wheelchair shall have a flush threshold and openings with minimum clear width of 775 mm. If double leaf entrance door are provided the single leaf opening shall meet the above clear width.

**७.२. मन्त्री परिषदको निर्देशन :** नेपाल सरकार मन्त्री परिषदले र राष्ट्रिय योजना आयोगले जारी गरेको परिपत्रमा अपाङ्गता भएका व्यक्तिहरुको लागि विभिन्न सेवा उपभोग गर्न विभन्न कार्यालयमा आवतजावतलाई सहज वनाउन मैत्रीपूर्ण र्याम्पको व्यवस्था गर्नुपर्ने निर्देशन दिइएको छ । यसै गरि शिक्षा मन्त्रालय, स्थानीय विकास मन्त्रालय र गृह मन्त्रालयले पनि आफ्ना स्थानीय निकायहरु रहने कार्यालयहरुमा आवश्यक ठाउँमा र्याम्पको व्यवस्था गर्नुपर्ने र नयाँ वन्ने विद्यालयहरु अपाङ्गता भएका

व्यक्तिहरुको भौतिक पहुँच सुनिश्चित हुने गरि वनाउनुपर्ने वारेमा परिपत्रहरु गरिएको छ ।

**७.३. अदालतका नयाँ वन्ने भवनहरु अपाङ्गता मैत्री हुनुपर्ने ।**

**सुविधा :** अव नयाँ वन्ने अदालतका भवनहरु अपाङ्गता भएका व्यक्तिहरुको पहुँचलाई ध्यानमा राखेर वनाइनुपर्ने नीतिगत व्यवस्था रहेको छ । यस वाहेक सर्वाच्च अदालतले आफ्ना मातहतका सवै अदालतहरुमा सूचना तथा सहयोग कक्ष स्थापना गरि अशक्त व्यक्तिहरुलाई सेवा प्रदान गर्न र अपाङ्गता भएका व्यक्तिहरुका सहयोगीलाई अदालत प्रवेशमा सहजता प्रदान गर्न निर्देशन दिएको छ ।

**सुविधाका हकदार :** अपाङ्गता भएका व्यक्तिहरु

सेवा **सुविधा प्रदान गर्ने निकाय :** सर्वोच्च अदालत, अनुसंधान तथा योजना महासाखा

**सुविधा प्राप्त गर्ने कानूनी वा नीतिगत आधार :**
न्यायपालिकाको पञ्चवर्षीय रणनीति २०६६ – ०७१.

**(८). शान्ति, पुनर्स्थापना, सशक्तीकरण तथा सामाजिक सुरक्षा (Rehabilitation, Empowermemt and Social Security)**

**८.१. सहायक सामग्रीहरूमा भन्सार छुट (कानुनमा उल्लेखित व्यवस्था)**

**सुविधा :** अपाङ्गता भएका व्यक्तिहरूले प्रयोग गर्ने सहायक सामग्री जस्तै : ह्विलचियर, बैसाखी, कृत्रिम खुट्टा, सेतो छडी, बहिराहरूका लागि चाहिने श्रवणयन्त्रलगायतमा भन्सार छुटको प्रावधान रहेको छ ।

**सुविधाका हकदार :** नेपाल सरकारले गरेको अपाङ्गताको परिभाषा र वर्गीकरणअन्तर्गत समेटिने र सहायक सामग्री आवश्यक पर्ने अपाङ्गता भएका व्यक्तिहरू ।

**सुविधा प्राप्त गर्ने ठाउँ/निकाय केन्द्रीय निकाय :** महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय/समाजकल्याण परिषद्, अर्थ मन्त्रालय, राजस्व कार्यालय र भन्सार कार्यालय ।

**स्थानीय निकाय :** सम्बन्धित जिल्लाको भन्सार कार्यालय

**सुविधा प्राप्त गर्ने प्रक्रिया**

क) छुटका लागि महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय/समाजकल्याण परिषद्मा आवेदन गर्ने

ख) समाजकल्याण परिषद्बाट सिफारिस लिई अर्थ मन्त्रालयमा जाने

ग) अर्थ मन्त्रालयबाट राजस्व कार्यालयमा सिफारिस गराउने

घ) राजस्व कार्यालयबाट आफूले उक्त छुटको सुविधा प्राप्त गर्नुपर्ने जिल्लाको भन्सार कार्यालयलाई लेखाई उक्त सुविधा प्राप्त गर्ने ।

**सुविधा प्राप्त गर्ने आधार**
क) अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ को दफा १० को उपदफा ४ : अपाङ्गले प्रयोग गर्नुपर्ने सहायक साधन, उपकरण वा औजार तथा अपाङ्गको तालिमका लागि वा निजी रोजगारीमा लागेका अपाङ्गको रोजगारीका लागि प्रयोग गर्ने मालसामान, यन्त्र, पुर्जा, तथा कच्चा पदार्थहरूमा भन्सार, अन्त:शुल्क, बिक्री कर, स्थानीय कर, सरचार्ज र अन्य दस्तुरसमेत नेपाल सरकारले पूर्ण वा आंशिकरूपमा

छुट दिन सक्नेछ ।

**८.२. सहायक सामग्रीहरू प्रदान गर्ने (नीति तथा कार्ययोजनामा उल्लेखित व्यवस्था)**

**सुविधा :** अपाङ्गता भएका व्यक्तिहरूका लागि आवश्यक पर्ने सामग्रीहरू राज्यबाटै अधिकारका रूपमा पाउने प्रावधान रहेको छ ।

**सुविधाका हकदार :** नेपाल सरकारले गरेको अपाङ्गताको परिभाषा तथा वर्गीकरणअन्तर्गत समेटिने र सहायक सामग्री आवश्यक पर्र्ने अपाङ्गता भएका व्यक्तिहरू ।

**सुविधा प्रदान गर्ने सरकारी निकाय**

क) महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय/समाजकल्याण परिषद्अन्तर्गत सञ्चालित “राष्ट्रिय अपाङ्ग कोष”

ख) जिल्ला शिक्षा कार्यालय (विशेष शिक्षा नीतिअन्तर्गत)

ग) विभिन्न जिल्लामा अपाङ्गता अधिकार तथा उनीहरूको सेवा तथा सुविधाका लागि कार्यरत गैरसरकारी संघसंस्थाहरू । (यस्ता केही संस्थाहरूको नामावली अनुसूची ४, ५ र ६ मा प्रस्तुत गरिएको छ ।)

**सुविधा प्राप्त गर्ने प्रक्रिया**

उल्लिखित संस्थाहरूले तय गरेको प्रक्रियाअनुसार आफ्नो अपाङ्गता परिचय पत्रको प्रतिलिपि र आफूलाई आवश्यक पर्ने सहायक सामग्रीको विवरणसहित संलग्न गरी आवेदन गर्ने ।

**सुविधा प्राप्त गर्ने आधार**

**क) अपाङ्गता सम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजना, २०६३ :** यस नीति तथा कार्ययोजनाले छुट्टयाएका १७ वटा प्राथमिकता क्षेत्रमध्ये १४ औं प्राथमिकता “सहायक साधन र साहायता सेवाहरु “ अन्तर्गत तय गरिएको नीति १४.४.१ : अपाङ्गका लागि आवश्यक पर्ने सहायक साधन उत्पादन गरी नि:शुल्क/सहुलियत मूल्यमा वितरण गर्ने व्यवस्था गरिनेछ ।

**ख) विशेष शिक्षा नीति २०५३, बुँदा नं. १६:** अपाङ्ग विद्यार्थी बालबालिकाले दैनिकरूपमा प्रयोग गर्ने सामग्रीहरू जस्तै ह्विलचियर, वैशाखी, ह्वाइट क्यान, श्रवण यन्त्र, ब्रेल स्लेट, स्टाइलस, स्पेसल चियर र कत्रिम अंग आदि आयात गर्दा यथासंभव विशेष सहुलियत दिने व्यवस्था गर्ने ।

**८.३. स्थानीय स्तरमा बजेटको व्यवस्था (स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा वार्षिक नीति तथा कार्यक्रम मार्फत् निरन्तरता दिइएको )**

**सुविधा :** अपाङ्गता भएका व्यक्तिहरूको हित र विकासका लागि खर्च गर्न राज्यका स्थानीय निकायहरू जस्तै जिल्ला विकास समिति, गाउँ विकास समिति वा नगरपालिकाहरूमा स्थानीय विकास मन्त्रालयले बजेटको व्यवस्था गरेको छ ।

**सुविधाका हकदार :** नेपाल सरकारले गरेको अपाङ्गताको परिभाषा तथा वर्गीकरणमा समेटिने अपाङ्गता

भएका व्यक्तिहरू ।

**सुविधा प्रदान गर्ने निकाय :** जिल्ला विकास समिति, गाउँ विकास समितिको कार्यालय, नगरपालिका/उप महानगरपालिका/महा नगरपालिकाका कार्यालयहरू ।

**सुविधा प्राप्त गर्ने प्रक्रिया**

हकवालाहरूले गाविस, जिविस र नगरपालिकामा आफूले सम्पादन गर्न चाहेको कार्यक्रमको योजना पेस गरी स्वीकृत गराई तोकिएको कार्यविधिअनुसार कार्यान्वयन गर्ने गराउने ।

**सुविधा प्राप्त गर्ने आधार**

***क) स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १८९ (जिल्ला विकास समितिको काम कर्तव्य र अधिकार) को १ को (च) को २ :*** राष्ट्रिय नीतिअनुरुप अनाथ बालवालिका, असहाय, महिला, वृद्ध, अपाङ्ग तथा अशक्तहरूको संरक्षणसम्बन्धी कार्य गर्ने र समाजिक कुरीति हटाउने तथा चेलीबेटी एवं नारीको संरक्षणसम्बन्धी काम गर्ने गराउने ।

***ख) मिति २०६२/०१/१२ मा स्थानीय विकास मन्त्रालयद्वारा देशका सबै जिल्ला विकास समिति र नगरपालिकाहरूलाई जारी गरेको परिपत्रमा उल्लेख भएको ३ नं. बुँदा :*** स्थानीय निकायमा मन्त्रालयबाट निकासा हुने पुँजीगत अनुदान र आन्तरिक आयबाट प्राप्त हुने रकममा कम्तीमा एक देखि पाँच प्रतिशत रकम अपांगको हित अभिवृद्धि हुने आर्थिक तथा समाजिक विकासका कार्यक्रमका लागि छुट्याई प्रत्येक वर्ष कार्यान्वयन गर्दै जाने ।

***ग) स्थानीय स्वायत्त शासन ऐन, २०५५ दफा २५ को उपदफा १ (ञ)*** : वडाभित्रका जनजाति, असहाय, अपाङ्ग तथा बेवारिसे व्यक्तिहरूको संरक्षण र जीविकोपार्जनसम्बन्धी कार्यमा सहयोग पुर्याउने ।

***दफा २८ को उपदफा १ (ट) को ६ :*** गाउँ विकास क्षेत्रभित्रका असहाय, अनाथ र अपाङ्ग बालबालिकाको लगत राख्ने र तिनीहरूलाई उपयुक्त ठाउँमा राख्ने व्यवस्था मिलाउने ।

***दफा ९३ (फ) :*** नगरपालिका अन्तर्गतको जनजाति, असहाय, अपाङ्ग तथा बेवारिसे व्यक्तिहरूको संरक्षण र जीविकोपार्जनसम्बन्धी कार्यमा सहयोग पुर्याउने ।

***दफा ९६ को उपदफा १ (ञ) को १० :*** नगरपालिका क्षेत्रभित्रका असहाय, अनाथ र अपाङ्ग बालबालिकाको लगत राख्ने र तिनीहरूलाई उपयुक्त ठाउँमा राख्ने व्यवस्था मिलाउने ।

***दफा १८९ को उपदफा १ (च) को २ :*** राष्ट्रिय नीतिअनरूप अनाथ बालबालिका, असहाय, महिला, बृद्ध, अपाङ्ग तथा अशक्तहरूको संरक्षणसम्बन्धी कार्य गर्न र सामाजिक कुरीति हटाउने तथा चेलीबेटी एवं नारीको संरक्षणसम्बन्धी काम गर्ने गराउने ।

***घ) जिल्ला विकास समिति अनुदान सञ्चालन कार्यविधि २०६७***

***वुँदा नं. ३*** :

अनुदानको उद्देश्य :

ग) समावेशी विकासको अवधारणा बमोजिम लक्षित समू्ह र क्षेत्रलाई मूलप्रवाहीकरण र सशक्तीकरण गरी समावेशी विकासलाई संस्थागत गर्ने ।

भाग ३ : रकम विनियोजनका क्षेत्र :

वुँदा नं. ९.: क्षमता विकास अनुदान

१. (ञ) जिल्लाभित्र वसोवास गर्ने दलित, आदिवासी, जनजाति, मधेशी, मुश्लिम, पिछडा वर्ग, आर्थिक एवं

समाजिक रुपले विपन्न वर्ग, महिला, बालबालिका सम्बन्धी जिल्लास्तरीय सञ्जालको क्षमता विकास सम्बन्धी कार्य,

वुँदा ११ : पूँजीगत अनुदान

२: प्रवर्द्धनात्मक लगानीका क्षेत्र

ग.४: प्राथमिक स्वास्थ्य, एचआइभि/एड्स, भिटामिन ए, पोलियो र अन्य खोप, घुम्ती स्वास्थ्य सेवा शिविरहरु जस्ता स्वास्थ्य सम्बन्धी अभियान, प्रचार प्रसार सम्बन्धी,

***३ : लक्षित समूह विकास कार्यक्रम :*** जिल्ला विकास कोषको कुल प”ँजिगत बजेटबाट लक्षित समूहलाई प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रम/आयोजनाहरुमा लगानी गर्न देहाय बमोजिम बजेट विनियोजन गर्नु पर्नेछ :–

(क) सबै जातजातिका विपन्न वर्गका महिलाहरुलाई प्रत्यक्ष फाईदा पुग्ने कार्यक्रम/आयोजना लागि न्यूनतम १० प्रतिशत,

(ख) सबै जातजातिका विपन्न वर्गका बालबालिकाहरुहरुलाई प्रत्यक्ष फाईदा पुग्ने कार्यक्रम/आयोजना लागि न्यूनतम १० प्रतिशत,

(ग) सबै जातजातिका आर्थिक रुपमा विपन्न तथा आर्थिक एवं सामाजिक रुपमा पिछडिएका वर्ग ( ज्येष्ठ नागरिक, दलित, आदिवासी/जनजाति, भिन्न क्षमता भएका व्यक्तिहरु, मधेसी, मुश्लिम तथा पिछडावर्ग लगायत) एवं क्षेत्र तथा नेपाल सरकारले सूचना प्रकाशित गरी लक्षित समूह भनी तोकिएका वर्ग एवं समुदायले प्रत्यक्ष फाइदा पाउने कार्यक्रम/आयोजनाका लागि न्यूनतम १५ प्रतिशत,

***(नोट : यस वाहेक उक्त कार्यविधिको अनुसूचि ८ र ९ पनि हेर्नुहोला )***

घ) नगरपालिका अनुदान सञ्चालन कार्यविधि २०६७ भाग ३ :

रकम विनियोजनका क्षेत्र, वुँदा नं. ९ : क्षमता विकास अनुदान

१.(छ) नगरक्षेत्रमा वसोवास गर्ने दलित, आदिवासी, जनजाति, मधेशी, मुश्लिम, पिछडा वर्ग, आर्थिक एवं सामाजिक रुपले विपन्न वर्ग, महिला, बालबालिका सम्बन्धी नगरस्तरीय संजालको क्षमता विकास तथा सीप विकास सम्बन्धी क्रियाकलाप,

**वुँदा ११ : पूँजिगत अनुदान**

२: प्रवर्द्धनात्मक क्षेत्र ः

ग.(७) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, भिन्न क्षमता भएका व्यक्तित्वहरुको क्षमता विकास,

**३. लक्षित समूह विकास कार्यक्रम :** नगरपालिकाको कोषको कुल पूँजिगत बजेटबाट लक्षित समूहलाई प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रम/आयोजनाहरुमा लगानी गर्न देहाय बमोजिम बजेट विनियोजन एवं कार्यान्वयन सञ्चालन गर्नुपर्नेछ ।

(क) सबै जातजातिका विपन्न वर्गका महिलाहरुलाई प्रत्यक्ष फाईदा पुग्ने कार्यक्रम/आयोजनाका लागि न्यूनतम १० प्रतिशत,

(ख) सबै जातजातिका विपन्न वर्गका बालबालिकाहरुलाई प्रत्यक्ष फाईदा पुग्ने कार्यक्रम/आयोजना लागि न्यूनतम १० प्रतिशत,

(ग) सबै जातजातिका आर्थिक रुपमा विपन्न तथा आर्थिक एवं सामाजिक रुपमा पिछडिएका वर्ग ज्येष्ठ नागरिक, दलित, आदिबासी/जनजाति, भिन्न क्षमता भएका व्यक्तिहरु, मधेसी, मुश्लिम तथा पिछडावर्ग,

यौनिक तथा लैंगिक अल्पसंख्यक लगायत) एवं क्षेत्र तथा नेपाल सरकारले सूचना प्रकाशित गरी लक्षित समूहभनी तोकिएका वर्ग एवं समुदायले प्रत्यक्ष फाइदा पाउने कार्यक्रम/आयोजनाका लागि न्यूनतम १५ प्रतिशत,

नोट : यस वाहेक उक्त कार्यविधिको अनुसूची ४ पनि अवश्य हेर्नुहोला

च) गाउँ विकास समिति अनुदान सञ्चालन कार्यविधि २०६७

वुँदा ११ : पूँजिगत अनुदान

यसै वुँदाको सहायक वुँदा २ : “प्रवर्द्धनात्मक लगानी” अन्तर्गत

ग.४ : प्राथमिक स्वास्थ्य, एचआइभि/एड्स, भिटामिन ए, पोलियो र अन्य खोप, घुम्ती स्वास्थ्य सेवा शिविरहरु जस्ता स्वास्थ्य सम्बन्धी अभियान, प्रचार प्रसार सम्बन्धी,

**यसै वुँदाको सहायक वुँदा ३ : लक्षित समूह विकास कार्यक्रम :** गाउँ विकास कोषको कुल पूँजिगत बजेटबाट लक्षित समूहलाई प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रम/आयोजनाहरुमा लगानी गर्न देहाय बमोजिम बजेट विनियोजन एवं सञ्चालन गर्नुपर्नेछ :-

(क) सबै जातजातिका विपन्न वर्गका महिलाहरुलाई प्रत्यक्ष फाइदा पुग्ने आयोजना तथा कार्यक्रमका लागि न्यूनतम् १० प्रतिशत,

(ख) सबै जातजातिका विपन्न वर्गका बालबालिकाहरुलाई प्रत्यक्ष फाइदा पुग्ने आयोजना तथा कार्यक्रमका लागि न्यूनतम् १० प्रतिशत, र

(ग) सबै जातजातिका आर्थिक रुपमा विपन्न तथा आर्थिक एवं सामाजिक रुपमा पिछडिएका वर्ग ज्येष्ठ नागरिक, दलित, आदिवासी/जनजाति, अपाङ्गता भएका व्यक्तिहरु, मधेसी, मुश्लिम तथा पिछडावर्ग लगायत) एवं क्षेत्र तथा नेपाल सरकारले सूचना प्रकाशित गरी लक्षित समूह भनी तोकिएका वर्ग एवं समुदायले प्रत्यक्ष फाइदा पाउने कार्यक्रम/आयोजनाका लागि न्यूनतम १५ प्रतिशत ।

**८.४. अपाङ्गता भत्ताको व्यवस्था : (कानुनमा उल्लेखित एवं वार्षिक नीति तथा कार्यक्रम मार्फत निरन्तरता दिइँदै आएको)**

**सुविधा :** नेपाल सरकारले पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिहरूका लागि र अति अशक्त अपाङ्गता भएका व्यक्तिहरुका लागि विभिन्न जिल्लाका गाविस तथा नगरपालिकामार्फत् मासिक भत्ता दिने व्यवस्था गरेको छ । यस्तो अपाङ्गता परिचयपत्र वितरण निर्देशिकाअनुसार पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिलाई रु. १ हजार र अति अशक्त वर्गमा पर्ने सबैलाई प्रतिव्यक्ति मासिक रु. ३ सय दिने प्रावधान छ ।

**सुविधाका हकदार :** नेपाल सरकारले गरेको अपाङ्गताको परिभाषा तथा वर्गीकरणअन्तर्गत पर्ने अपाङ्गता भएका व्यक्तिहरू ।

**सुविधा प्रदान गर्ने निकाय/ठाउँ :** गाविसको कार्यालय तथा नगरपालिका, उपमहानगरपालिका, महानगरपालिकाका हकमा सम्बन्धित वडा कार्यालयहरू ।

**सुविधा प्राप्त गर्ने प्रक्रिया**

क) यो सुविधा लिन अपाङ्गता भएको व्यक्तिले अनिवार्यरूपमा अपाङ्गता परिचयपत्र लिएको हुनुपर्छ ।

ख) आफ्नो अपाङ्गता परिचयपत्रको प्रतिलिपि, नागरिकता पाउने उमेर पूरा भएको भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र नभएको भए जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि र दुई प्रति पासपोर्ट साइजको फोटोसहित सम्बन्धित गाविस कार्यालय वा नगरपालिकाको हकमा आफ" बसेको वडा कार्यालयमा भत्ता प्राप्त गर्न आवश्यक पर्ने परिचयपत्र प्राप्त गर्नका लागि तोकिएको ढाँचामा आवेदन गर्नुपर्छ ।

ग) गाविस र वडामार्फत् नगरपालिकाको कार्यालयमा सङ्कलित आवेदनहरू जिल्ला विकास समितिमा पठाइन्छ ।

घ) सङ्कलित आवेदनहरूमाथि आवश्यक छानबिन गरी गाविस वा नगरपालिकास्तरीय परिचयपत्र सिफारिस समितिले जिल्ला स्तरको सामाजिक सुरक्षा जिल्ला समन्वय समितिले उक्त गाविस वा नगरपालिकाको लागि तोकेको कोटाअनुसार परिचयपत्र साथै भत्ता दिनुपर्ने व्यक्तिहरूका बारेमा निर्णय गर्नेछ ।

ङ) उक्त परिचयपत्रका आधारमा अपाङ्गता भएका व्यक्तिले गाविस वा नगरपालिकाको कार्यालयबाट मासिक अपाङ्गता भत्ता प्राप्त गर्न सक्नेछन् ।

च) उक्त परिचयपत्र हरेक वर्ष तोकिएको म्यादभित्र अनिवार्य नवीकरण गर्नुपर्नेछ र नवीकरण नगरिएको परिचयपत्रका आधारमा भत्ता प्राप्त गर्न सकिँदैन ।

***सुविधा प्राप्त गर्ने आधार***

क) अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ को दफा १० को उपदफा ९ : अपाङ्गहरूका निमित्त तोकिएबमोजिमको बेकारी भत्ता, जीवनयापन भत्ता, वृद्धावस्था निवृत्तिभरण वा कमाइ गरी खान नसक्ने अपाङ्ग व्यक्तिलाई विशेष भत्ताको व्यवस्था मिलाउन सकिनेछ ।

ख) बजेट वक्तव्य २०६५/६६ मार्फत् गरिएको व्यवस्था, बुँदा नं. ४७ : ज्येष्ठ नागरिक, एकल महिला र शारीरिक रूपमा अपाङ्ग भएका व्यक्तिलाई हाल प्रदान गरिँदै आएको सामाजिक सुरक्षा भत्ता विगत वर्षहरूमा भएको मूल्यवृद्धिका कारण अवमूल्यन हुन गएको छ । .............. त्यसैगरी अन्ध-अपाङ्गहरूको मासिक भत्ता पनि वृद्धि गरिएको छ । पूर्ण रूपमा अशक्त र अपाङ्गलाई मासिक १००० रुपैयाँ र आंशिक रूपमा अशक्त र अपाङ्गलाई मासिक ३ सय रुपैयाँ प्रदान गरिनेछ ।

ग) सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०६५

बुँदा नं. ७ : लक्षित समूहले पाउने सुविधा: (१) यस कार्यविधिको अधिनमा रही परिचयपत्र प्राप्त नेपाली नागरिकले २०६५ आश्विनदेखि पाउने सुविधा निम्नबमोजिम हुनेछ: .......................................

(ग) पूर्णअशक्त अपाङ्गता भएका व्यक्तिलाई मासिक अशक्त वृत्ति रु १०००। (घ) आंशिकअशक्त अपाङ्गता भएका व्यक्तिलाई मासिक अशक्त वृति रु ३००। .................................... ...........

नोट : यो भत्ता वितरणको अन्य प्रक्रिया र सर्तहरूका बारेमा अझ विस्तृत विवरण कार्यविधिमा उल्लेख गरिएको हुनाले हेर्न नभुल्नुहोला । यो कार्यविधि हरेक जिल्लाको जिल्ला विकास समितिवाट प्राप्त गर्न सकिन्छ वा स्थानीय विकास मन्त्रालयको वेबसाइट ***www.mld.gov.np*** बाट पनि डाउनलोड गर्न सकिन्छ ।

**८.५. आवास तथा जग्गाको व्यवस्था (कानुनमा उल्लेखित व्यवस्था)**

**सुविधा :** घरजग्गा तथा आवास नभएका अपाङ्गता भएका व्यक्तिहरूका लागि राज्यले सो व्यवस्था मिलाइदिनसक्ने प्रावधान छ । सुविधाका हकदार नेपाल सरकारले गरेको अपाङ्गताको परिभाषा तथा वर्गीकरणअन्तर्गत समेटिने घरवास वा जग्गा जमिन नभएका अपाङ्गता भएका व्यक्तिहरू ।
**सुविधा प्रदान गर्ने निकाय :** समाजकल्याण अधिकृतको कार्यालय, जिल्ला प्रशासन कार्यालय
सुविधा **प्राप्त गर्ने प्रक्रिया :** ऐनको यस दफाको कार्यान्वयन प्रयोजनको लागि जिल्ला प्रशासन कार्यालयले तय गरेको प्रक्रियाका आधारमा अपाङ्गता भएका व्यक्तिहरूले यो सुविधा प्राप्त गर्न सक्नेछन् ।

**सुविधा प्राप्त गर्ने आधार**
अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ को दफा १० को उपदफा १ : घरवास नभएका अपाङ्गलाई आ̐नो घरवास बनाउन वा कुनै अपाङ्गलाई कृषि व्यवसायमा लाग्न जग्गा चाहिएमा नेपाल सरकारले प्रचलित कानुनबमोजिम वितरण गरिने वा हाल आबादी गर्न दिइने जग्गा तोकिएको सर्तबन्देजको अधीनमा रहने गरी उपलब्ध गराइदिन सकिनेछ ।

**८.६. अनाथालय तथा सुस्त मनस्थिति  केन्द्रको स्थापना तथा सञ्चालन (कानुनमा उल्लेखित व्यवस्था)**
**सुविधा :** आवश्यकताअनुसार सुस्त मनस्थिति  केन्द्रहरू तथा अनाथालयहरूको व्यवस्था राज्यले गरिदिने कानुनी प्रावधान रहेको छ ।
**सुविधाको हकदार :** नेपाल सरकारले गरेको अपाङ्गताको परिभाषा तथा वर्गीकरणअन्तर्गत पर्ने बौद्धिक अपाङ्गता भएका, अनाथ तथा आमाबाबु नभएका अपाङ्गता भएका बालबालिका ।
सुविधा प्रदान गर्ने निकाय
**क) केन्द्रीय स्तरमा :** महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय, सामाजिक सुरक्षा शाखा
**ख) जिल्ला स्तरमा :** समाजकल्याण अधिकृतको कार्यालय ग) सरकारबाट अनुदान प्राप्त गरी यस्ता सेवासुविधा प्रदान गरिरहेका गैरसरकारी संघसंस्था ।
सुविधा प्राप्त गर्ने प्रक्रिया : समाजकल्याण मन्त्रालयअन्तर्गतका निकायहरूबाट स्वीकृत प्राप्त गरी सञ्चालन गरिएका अनाथालयहरूमा तोकिएको प्रक्रियाअनुसार आवेदन दिने ।

**सुविधा प्राप्त गर्ने आधार**
क) बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ४३ को उपदफा १ : बाबुआमा नभएका अनाथ, अपाङ्ग वा सुस्त मनस्थिति  बालकहरूको पालनपोषण तथा बासस्थानका निमित्त आवश्यकतानुसार नेपाल सरकारले अनाथालय तथा सुस्त मनस्थिति  केन्द्र स्थापना गर्नेछ ।
ख) बालबालिका सम्बन्धी ऐन, २०४८ को उपदफा २ : उपदफा १ बमोजिमको अनाथालय वा सुस्त मनस्थिति  केन्द्रमा बस्ने बालकहरूको निमित्त आवश्यक शिक्षाको व्यवस्था नेपाल सरकारले गर्नेछ ।
ग) बालबालिका सम्बन्धी ऐन, २०४८ को उपदफा ३ : उपदफा १ मा जेसुकै कुरा लेखिए पनि नेपाल सरकारले अरू कुनै व्यक्ति वा संस्थाले सञ्चालन गरेको अनाथालय वा सुस्त मनस्थिति  केन्द्रलाई

त्यसको सञ्चालकसित सम्झौता गरी यस ऐनको प्रयोजनको निमित्त त्यस्ता केन्द्र वा अनाथालयलाई उपयोग गर्न सक्नेछ ।

**८.७. अपाङ्गता भएका प्रहरीलाई विशेष सुविधा**

**सुविधा :** नेपाल प्रहरी सेवामा कार्यरत रहँदाकै अवस्थामा अपाङ्गताको सिकार हुने व्यक्तिहरूलाई अशक्त वृत्ति, सन्तति वृत्ति, शैक्षिक भत्ता र आर्थिक सहायतासम्बन्धी व्यवस्था गरिएको छ ।

**सुविधाका हकदार :** नेपाल प्रहरीमा सेवा गर्दागर्दै अपाङ्गता भएका प्रहरी ।

**सुविधा प्रदान गर्ने निकाय :** प्रहरी प्रधान कार्यालय ।

**सुविधा प्राप्त गर्ने प्रक्रिया :** नेपाल मेडिकल बोर्डको सिफारिससहित आफ”ले चाहेको सुविधाका लागि प्रहरी प्रधान कार्यालयमा निवेदन दिने ।

**सुविधा प्राप्त गर्ने आधार :** क) प्रहरी नियमावली, २०४९ को परिच्छेद १० को अवकाश, उपादान र निवृत्तिभरणअन्तर्गत दफा १०४, दफा १०५ र दफा १०९ ख) द्वन्द्वपीडितहरूका लागि आर्थिक सहायतासम्बन्धी मापदण्ड, २०६४ ग) २०५७ कात्तिक १५ गतेको मन्त्रिपरिषद् बैठकको निर्णयको बुँदा नं. १० घ) प्रहरी कल्याण कोष सञ्चालक समितिको बैठकद्वारा २०६५ पुस ११ गते गरिएको निर्णय ।

**८.८. अपाङ्गता भएका व्यक्तिहरूको उत्थानसम्बन्धी सन्देशमूलक कार्यक्रम :**

**सुविधा :** टेलिभिजनबाट लैङ्गिक समानता र अपाङ्गता विषयमा सन्देशमूलक कार्यक्रम निर्माण तथा प्रसारण गरिने ।

**कार्यक्रमका हकदार :** नेपाल सरकारको अपाङ्गताको परिभाषा तथा वर्गीकरणअन्तर्गत समेटिने अपाङ्गता भएका सबै व्यक्तिहरू ।

**कार्यक्रम कार्यान्वयन गर्ने निकाय :** सूचना तथा सञ्चार मन्त्रालय

कार्यक्रम सञ्चालनको आधार : आ.व. २०६६/०६७ को वार्षिक कार्यक्रम

**८.९. नेपाली सेनामा आर्थिक सहायता र अशक्त वृत्तिको व्यवस्था**

**सुविधा :** द्वन्द्वको समयमा नेपाली सेना परिचालन हुँदा वा कर्तव्य पालनको शिलसिलामा कुनै कारणले अपाङ्ग हुन पुगेका व्यक्तिहरूका लागि रु.५ हजारदेखि रु. ५० हजारसम्मको आर्थिक सहायता साथै आजीवन अशक्त वृत्ति, सेवा निवृत्तिभरण आदिको व्यवस्था गरिएको छ ।

**सुविधाका हकदार :** नेपाली सेनामा कार्यरत रहँदाका अवस्थामा अपाङ्गता भएका व्यक्तिहरू ।

**सुविधा प्रदान गर्ने निकाय :** कार्य रथि विभाग (बे.बृ.), सैनिक अभिलेखालय

**सुविधा प्राप्त गर्ने प्रक्रिया :** मेडिकल बोर्डको सिफारिससहित आफूले पाउनुपर्ने सुविधाका लागि आवेदन दिने ।

**सुविधा प्राप्त गर्ने आधार :** २०३३ माघ १७ गते प्रकाशित नेपाल राजपत्र भाग ३ खण्ड २६, सङ्ख्या ४५ नियम ११ नियमानुसार तय भएका अशक्त वृत्तिका आधारहरु

क) ८० देखी ९० प्रतिशत सम्म अशक्त भएमा खाइपाइ आएको तलवको आधा अशक्त वृत्ति वापत पाउने ख) ६० देखी ७० प्रतिशत सम्म अशक्त भएमा खाइपाइ आएको तलवको एक तिहाई अशक्त वृत्ति वापत पाउने । ग) ४० देखी ५० प्रतिशत सम्म अशक्त भएमा खाइपाइ आएको तलवको एक चौथाई अशक्त वृत्ति वापत पाउने । घ) माथि उल्लेखित दफा क ख र ग मा जुनसुकै कुरा उल्लेख भएतापनि अशक्तताको प्रतिशतको आधारमा पाउने रकम मासिक रु. ७५०/– भन्दा वढी नहुने व्यवस्था छ ।

**८.१०. पत्रपत्रिका प्रकाशनमा विशेष प्राथमिकता**

**सुविधा :** पत्रपत्रिका सम्परीक्षण मापदण्डअनुसार नेपालबाट छापिने सबै विधा र अवधिका पत्रपत्रिकाको वर्गीकरण गर्ने क्रममा अपाङ्गता भएका व्यक्तिहरू प्रकाशक भई प्रकाशन गरिएको पत्रिकालाई अन्यले पाउने अङ्कको दोब्बर अङ्क थप गरी वर्गीकरण गर्ने व्यवस्था रहेको छ ।

**सुविधाका हकदार :** नेपाल सरकारको अपाङ्गताको परिभाषा तथा वर्गीकरणअन्तर्गत समेटिने पत्रपत्रिका प्रकाशकका रूपमा कार्यरत अपाङ्गता भएका व्यक्तिहरू ।

**सुविधा प्रदान गर्ने निकाय :** सूचना तथा सञ्चार मन्त्रालय/पत्रपत्रिका सम्परीक्षण समिति ।

**सुविधा प्राप्त गर्ने प्रक्रिया :** समितिले तोकेको प्रक्रियाअनुसार अपाङ्गताको परिचयपत्रसहित आवेदन गर्ने ।

**सुविधा प्राप्त गर्ने आधार :** प्रेस काउन्सिल ऐन, २०४८ को दफा १० ८.११. सशस्त्र द्वन्द्वमा अपाङ्गता भएका व्यक्तिलाई विशेष सुविधा

**८.११ शसस्त्र द्वन्द्वबाट प्रभावितहरुको लागि गरिएका व्यवस्थाहरु**

**सुविधा :** सशस्त्र द्वन्द्वका अवधिमा द्वन्द्वका कारण अपाङ्गता वा घाइते भएकाहरूका लागि आर्थिक सहायताको व्यवस्था छ । जसअनुसार देहायवमोजिमका व्यवस्थाहरु गरिएका छन । ,

क) पूर्ण रूपमा अपाङ्ग भएका व्यक्तिलाई एकमुष्ठ रु. २ लाख ।

ख) अन्यको हकमा अपाङ्गताको प्रतिशतका आधारमा रु. २ लाखलाई पूर्णाङ्क मानी सोही अनुपातमा आर्थिक सहायता उपलब्ध गराइनेछ ।

ग) घाइतेको ५० प्रतिशत भन्दा बढी बाहेकका घाइतेको छोराछोरीलाई छात्रवृत्ति

घ) नागरिक राहत क्षतिपुर्ति तथा आर्थिक सहायता सम्वन्धी कार्यविधि, २०६६ वमोजिम आर्थिक सहायता

।
ङ) विस्तृत शान्तिसम्झौतापछि पनि विगत सशस्त्र द्वन्द्वको समयमा बिच्छयाइएका बारुदी सुरुङ वा अन्य विस्फोटक पदार्थ विस्फोटन भई अपाङ्गता भएको प्रमाणित हुन आएमा पनि माथिकै व्यवस्थाअनुसार आर्थिक सहायता प्रदान गरिने व्यवस्था छ ।

**सुविधाका हकदार :** विगतको सशस्त्र द्वन्द्वका क्रममा अपाङ्गता हुन पुगेका व्यक्तिहरू ।

**सुविधा प्रदान गर्ने तथा सम्पर्क गर्नुपर्ने निकाय :**

क) शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनर्स्थापना इकाइ

ख) सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय ।

ग) द्वन्द्व प्रभावित व्यक्ति परिवार तथा संरचनाको लगत संकलन कार्यदल ।

**सुविधा प्राप्त गर्ने प्रक्रिया :**

क) व्यक्तिसँग अपाङ्गता परिचयपत्र हुनुपर्ने र सुविधाका लागि आवेदन गर्दा उक्त परिचयपत्रको प्रतिलिपि संलग्न राख्नुपर्ने ।

ख) द्वन्द्व प्रभावित व्यक्ति, परिवार तथा संरचनाको लगत सङ्कलन कार्यदलको प्रतिवेदनमा नाम समावेश गर्नुपर्ने ।

ग) सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीको सिफारिस संलग्न गर्नु पर्ने ।

**सुविधा प्राप्त गर्ने आधार :**
शान्ति तथा पुनर्निर्माण मन्त्रालयद्वारा जारी अपाङ्गलाई आर्थिक सहायतासम्बन्धी निर्देशिकाको बुँदा नं. २ (क) : अपाङ्गलाई आर्थिक सहायतासम्बन्धी व्यवस्था । नागरिक राहत क्षतिपुर्ति तथा आर्थिक सहायता सम्वन्धी कार्यविधि, २०६६

### ८.१२. जग्गा रजिस्ट्रेसन दस्तुरमा छुट

**सुविधा :** अपाङ्गता भएका व्यक्तिहरूलाई जग्गा रजिस्ट्रेसन पास गराउँदा लाग्ने दस्तुरमा २५ प्रतिशत छुट दिने व्यवस्था रहेको छ ।

**सुविधाको हकदार :** नेपाल सरकारले गरेको अपाङ्गताको परिभाषा तथा वर्गीकरणमा समेटिने सबै अपाङ्गता भएका व्यक्तिहरू ।

सुविधा प्रदान गर्ने निकाय : सम्बन्धित जिल्लाको मालपोत कार्यालय

सुविधा प्राप्त गर्ने प्रक्रिया : स्थानीय निकायवाट प्रमाणित सिफारिस वा आधिकारिक प्रमाणपत्र (जस्तै अपाङ्गता परिचयपत्र) लगायत अन्य आवश्यक कागजातहरु पेश गरि सुविधाकोलागि हकदाबी गर्ने ।

**सुविधा प्राप्त गर्ने आधार :** आर्थिक ऐन , २०६७

**८.१३. सशस्त्र प्रहरीमा अशक्त वृत्ति, निवृत्तिभरण र सन्तति वृत्तिको व्यवस्था**

**सुविधा :** सशस्त्र प्रहरीमा कार्यरत अवस्थामा कुनै कारणले व्यक्तिमा अशक्तता वा अपाङ्गता भएमा उक्त व्यक्तिलाई नि:शुल्क उपचार सेवा, फिजियोथेरापी, सहायक सामग्री, अशक्त वृत्ति, निवृत्तिभरण, पुनर्स्थापना सेवा, सन्तति वृत्तिजस्ता सुविधा प्रदान गर्ने व्यवस्था छ । यस वाहेक प्रहरी कल्याणकोष मार्फत पनि अपाङ्गता भएका प्रहरीहरुलाई विभिन्न राहत तथा शसक्तिकरणका कार्यक्रमहरु (जस्तै चार पांग्रे मोटरसाइकल वितरण) गर्ने गरिएको छ ।

**सुविधाका हकदार :** सशस्त्र प्रहरी सेवामा कार्यरत अवस्थामा अपाङ्गता हुन पुगेका व्यक्तिहरू ।

**सुविधा प्रदान गर्ने निकाय :**

- प्रशासन विभाग, सशस्त्र प्रहरी बल प्रधान कार्यालय, हलचोक, काठमाडौं ।
- नेपाल एपीएफ अस्पताल, बलम्बु, काठमाडौं ।

**सुविधा प्राप्त गर्ने प्रक्रिया :**

आफूले प्राप्त गर्नुपर्ने सेवासुविधाका लागि सशस्त्र प्रहरी बल प्रधान कार्यालयमा तोकिएको प्रक्रियाअनुसार आवेदन दिने ।

**सुविधा प्राप्त गर्ने आधार :**
सशस्त्र प्रहरी नियमावली, २०६० (संशोधनसहित) परिच्छेद ७ को दफा ५७ तथा दफा ५९ को उपदफा १ मा भएको व्यवस्था ।

**८.१४. अपाङ्गता भएका युवाको समस्या पहिचान, अध्ययन तथा सहयोग कार्यक्रम**

**सुविधा :** युवा तथा खेलकुद मन्त्रालयले अपाङ्गता भएका युवाको समस्याहरूलाई पहिचान गर्ने वा यस सम्बन्धमा अध्ययन गर्ने कार्यक्रम राखेको छ ।

**सुविधाका हकदार :** नेपाल सरकारले गरेको अपाङ्गताको परिभाषा र वर्गीकरणमा समेटिएका अपाङ्गता भएका युवा ।

**सुविधा प्रदान गर्ने निकाय :** युवा तथा खेलकुद मन्त्रालय ।

**सुविधा प्राप्त गर्ने प्रक्रिया :** मन्त्रालयले तोकेको प्रक्रियाअनुसार ।

**सुविधा प्राप्त गर्ने आधार :** युवा तथा खेलकुद मन्त्रालयको आ.ब. २०६६/०६७ को वार्षिक कार्यक्रम

**८.१५. केन्द्र र स्थानीय दुवै तहमा यूवा साझेदारी अन्तर्गत सहयोग कार्यक्रम**

**सुविधा :** राष्ट्रिय यूवा नीति २०६६ ले अपाङ्गता भएका यूवाहरुलाई विशेष प्राथमिकता प्राप्त समुहको

रुपमा परिभाषित गरेको छ र यसले तय गरेका कार्यनीतिहरुमध्ये शिक्षा र सामाजिक सुरक्षामा विशेष प्राथमिकतामा परेका समुहलाई समावेश गरिएको छ । यसै गरि समुहगत प्राथमिकता अन्तर्गत पनि अपाङ्गता भएका यूवाहरुलाई समेटिएको छ ।

**सुविधाको हकदार :** नेपाल सरकारको परिभाषा र वर्गीकरण अन्तर्गत पर्ने अपाङ्गता भएका यूवा तथा द्वन्द्व पिडित युवाहरु ।

**सुविधा प्रदान गर्ने निकाय :** केन्द्रमा : यूवा तथा खेलकुद मन्त्रालय स्थानीय स्तरमा : .... ....... ...... .

**सुविधा प्राप्त गर्ने प्रकृया :** राष्ट्रिय यूवा नीति २०६६ अनुसार यूवा तथा खेलकुद मन्त्रालय र यसका सम्वन्धित स्थानीय निकायहरु मार्फत संचालित कार्यक्रमहरुमा सहभागि तोकिएको प्रकृया पुर्याइ सहभागि हुने ।

**सुविधा प्राप्त गर्ने आधार :** राष्ट्रिय यूवा नीति २०६६

**२: शिक्षा :**

(च) विशेष प्राथमिकताको समूहमा पर्ने युवाहरूको शिक्षाको अवसरलाई बढावा दिनका निम्ति विशेष छात्रवृत्तिको व्यवस्था मिलाइनेछ ।

**४: सामाजिक सुरक्षा :**

(ङ) विशेष प्राथमिकताको समूहमा पर्ने युवाहरूलाई सामाजिक सुरक्षाका विषयहरूमा प्राथमिकता दिइनेछ ।

**१६: विशेष समूहगत प्राथमिकताहरु :**

(क) अपाङ्गता भएका युवाहरूले सहज ढङ्गले शिक्षा ग्रहण गर्न सक्ने विशेष शिक्षण पद्धति अपनाउँदै सुविधायुक्त विद्यालय र शैक्षिक केन्द्रहरू स्थापना गरिनेछ । क्षमता अनुसारको सीपमूलक र व्यावसायिक शिक्षा प्रदान गर्दै अपाङ्गता भएका व्यक्तिहरूले कार्यसम्पादन गर्न सक्ने रोजगारीको पहिचान गरी आवश्यक व्यवस्था मिलाइनेछ । सार्वजनिक यातायात, भवन, शौचालय लगायतका स्थान वा सेवालाई अपाङ्ग मैत्री बनाउने व्यवस्था मिलाइनेछ । साथै अपाङ्गता भएका युवाहरूलाई आवश्यक पर्ने सहयोगी सामग्रीहरूलाई सहज र सुलभ ढङ्गले उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

### (९). खेलकुद तथा मनोरञ्जन (Sports and Entertainment)

#### ९.१. पारओलम्पिक खेलकुद

**सुविधा :** अपाङ्गता भएका व्यक्तिहरूको सशक्तीकरण र विकासका लागि पारा ओलम्पिक खेलकुद तथा विशेष खेलकुदहरूको आयोजना गर्ने व्यवस्था गरिएको छ ।

**सुविधाको हकदार :** नेपाल सरकारको परिभाषा तथा वर्गीकरणअन्तर्गत पर्ने अपाङ्गता भएका व्यक्तिहरू ।

**सुविधा प्रदान गर्ने निकाय :**

- केन्द्रीय निकाय : राष्ट्रिय खेलकुद परिषद्
- स्थानीय निकाय : जिल्ला खेलकुद विकास समितिहरू
- राष्ट्रिय खेलकुद परिषद्ले विभिन्न जिल्लाका शिक्षा कार्यालयमार्फत् पनि अपाङ्गता भएका बालबालिकाका लागि विशेष खेलकुदको आयोजना गर्ने गरेको छ ।

- अपाङ्गता भएका व्यक्तिहरूका लागि खेलकुद तथा मनोरञ्जनका कार्यक्रमहरू सञ्चालन गर्ने स्थानीय गैरसरकारी संस्थाहरू (यस्ता केही संघसंस्थाहरूको नामावली अनुसूची ५ मा उल्लेख गरिएको छ ।)

**सुविधा प्राप्त गर्ने प्रक्रिया :** जिल्लामा हुने यस्ता आयोजनामा हकवालाहरू सहभागी हुने वा सहभागी गराउने ।

**सुविधा प्रप्त गर्ने आधार**

क) खेलकुद विकास ऐन, २०४८ को दफा १० को बुँदा नं. (ड) : विभिन्न कारणले शारीरिक तथा मानसिकरूपमा विकलाङ्ग हुन पुगेका अपाङ्गहरूको खेलकुदको विकास गर्न तालिम तथा प्रतियोगिता सञ्चालनको व्यवस्था गर्ने र आवश्यकताअनुसार त्यस्तो खेलकुदको महत्वका सम्बन्धमा प्रचारप्रसार गर्ने, गराउने ।

ख) खेलकुद विकास नियम, २०४९ को परिच्छेद २ को नियम ३ को बुँदा नं. ठ : अपाङ्ग तथा सुस्त मन: िस्थतिका लागि पनि उपयुक्त खेलकुद आयोजना गराउने ।

**९.२.अपाङ्गता भएका यूवाहरुको लागि खेलकुद सम्वन्धी कार्यक्रम ।**

**सुविधा :** यूवा तथा खेलकुद मन्त्रालयले यूवा साझेदारी कार्यक्रम अन्तर्गत अपाङ्ग तथा द्वन्द्व पिडित यूवाहरुका लागि विभिन्न कार्यक्रमहरु र पारा ओलम्पीक र स्पेशल ओलम्पीक खेलकुद प्रतियोगिता गर्ने व्यवस्था गरेको छ ।

**सुविधाका हकदार :** द्वन्द्व पिडित तथा नेपाल सरकारको परिभाषा र वर्गीकरण अन्तर्गत पर्ने अपाङ्गता भएका यूवाहरु ।

**सेवा सुविधा प्रदान गर्ने निकाय :** केन्द्रमा : यूवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद, खेलकुद विभाग ।

**स्थानीय स्तरमा :** जिल्ला खेलकुद विकास समिति, ...... ...... .. ......

**सेवा सुविधा प्राप्त गर्ने प्रकृया**

- स्थानीय स्तरमा संचालित अपाङ्गता भएका व्यक्ति वा द्वन्द्व पिडित यूवाहरुका लागि युवा तथा खेलकुद मन्त्रालयले ......... मार्फत संचालित यूवा साझेदारी कार्यक्रममा आवश्यक प्रकृयाहरु पुरा गरि सहभागि हुने ।
- राष्ट्रिय खेलकुद परिषदले जिल्लामा जिल्ला खेलकुद समितिहरु मार्फत वा अपाङ्गता भएका व्यक्तिहरुको खेलकुदको विकासमा संलग्न गैर सरकारी संस्थाहरु मार्फत संचालित विशेष खेलकुद वा पाराओलम्पीक खेलकुद सम्वन्धी गतिविधिहरु (तालिम, अभ्यास, छनौट, प्रतियोगिता आदि) मा सहभागि हुने ।

**सुविधा प्राप्त गर्ने आधार :** राष्ट्रिय खेलकुद नीति २०६७ : .... ........ .....

**(१०). कानुनी सेवा (Legal Support)**

१०.१. कानुनी सेवा प्राप्त गर्ने (कानुनमा उल्लेखित व्यवस्था)

**सुविधा :** अपाङ्गता भएका व्यक्तिहरूलाई आवश्यक परेमा सरकारले कानुनी सुविधा प्रदान गर्नु पर्ने प्रावधान छ । यस अन्तर्गत कानुनी परामर्श, अदालती वा सरकारी सेवा लिँदा पेस गर्नु पर्ने आवश्यक कागजपत्र वा निवेदन तयार गर्ने, मुद्दाको निवेदनपत्र तयार गर्ने, मुद्दाका सबै काम गर्ने जस्ता कार्यहरू पर्छन् ।

**सुविधाका हकदार :**

नेपाल सरकारले गरेको अपाङ्गताको परिभाषा तथा वर्गीकरणअन्तर्गत समेटिने कानुनी सेवा आवश्यक परेका अपाङ्गता भएका व्यक्तिहरू ।

सुविधा प्रदान गर्ने निकाय

- प्रत्येक जिल्लामा रहेका जिल्ला सरकारी वकिलको कार्यालय
- जिल्ला बार एसोसिएसन

**सुविधा प्राप्त गर्ने प्रक्रिया :**

उल्लिखित संस्थाहरूले तय गरेको प्रक्रियाअनुसार आफ्नो अपाङ्गता परिचयपत्रको प्रतिलिपि संलग्न गरी चाहेको कानुनी सेवाका लागि आवेदन गर्ने ।

**सुविधा प्राप्त गर्ने आधार**

क) अपाङ्ग संरक्षण तथा कल्याण नियमावली, २०५१ को नियम २० : कुनै अपाङ्गले मुद्दामामिला सुनुवाइका क्रममा कुनै किसिमको कानुनी सुविधा लिन चाहेमा निजलाई नेपाल सरकारबाट नियुक्त वैतनिक वकिलमार्फत् आवश्यक कानुनी सेवा उपलब्ध गराउन सकिनेछ ।

**(११). अपाङ्गता भएका व्यक्तिका लागि विभिन्न सेवासुविधा, अधिकार तथा अवसर समानीकरणका लागि काम गर्ने संघसंस्था आदिका लागि कानुनमा गरिएका केही व्यवस्था**

**११.१.अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९**

***दफा १० को उपदफा २ :*** कुनै अपाङ्गले खेलकुद, मनोरञ्जन वा सांस्कृतिक प्रदर्शन इत्यादिमा भाग लिन चाहेमा सो कामका लागि सम्बन्धित संस्थामा उपयुक्त तालिम दिने, सिकाउने र सो कामका लागि व्यवस्था गरिदिने सम्बन्धमा प्राथमिकता दिन सकिनेछ ।

***दफा १० को उपदफा ४ :*** अपाङ्गले प्रयोग गर्ने सहायक साधन, उपकरण वा औजार तथा अपाङ्गको तालिमको लागि वा निजी रोजगारीमा लागेको अपाङ्गको रोजगारीका लागि प्रयोग गर्ने मालसामान, यन्त्र, पार्टपुर्जा तथा कच्चा पदार्थमा भन्सार, अन्त:शुल्क, बिक्री कर, स्थानीय कर, सरचार्ज र अन्य दस्तुरसमेत नेपाल सरकारले सम्पूर्ण वा आंशिकरूपमा छुट दिन सकिनेछ ।

***दफा १० को उपदफा ६ :*** अपाङ्गलाई रोजगारी दिने कारखानालाई सो कारखानाले नियुक्त गरेको,

अपाङ्गको अनुपातमा नेपाल सरकारले तोकिएबमोजिमको दरले आयकर छुट दिन सक्नेछ । अपाङ्गलाई नियुक्त गर्न आ˜नो कारखानाको यन्त्रमा गरिएको विशेष अदलबदल वा जडान गरिएको पार्टपुर्जाबापतमा भएको खर्चलाई तोकिएबमोजिमको परिमाणमा आयकर छुट पाउने अङ्कमा जोड्न अनुमति दिन सकिनेछ ।

***दफा १० को उपदफा ७ :*** अपाङ्गको निम्ति तालिम दिने वा रोजगारी दिने वा रोजगारीको व्यवस्था गरिदिने सामाजिक संस्था, व्यापारिक वा औद्योगिक प्रतिष्ठानलाई बैंक तथा आर्थिक संस्थाहरूबाट सरल ब्याजदरमा ऋण दिलाउने व्यवस्था गर्न सकिनेछ ।

**१२. नेपाल सरकारद्वारा सञ्चालित समुदायमा आधारित पुनस्थापना (सीबीआर) कार्यक्रम**

क) सरकारको सीबीआर कार्यक्रम नेपाल सरकार महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयले २०५८ देखि अपाङ्गता भएका व्यक्तिहरूको हकहित संरक्षणलगायत उनीहरूको सशक्तीकरण र विकासका लागि जिल्लाजिल्लामा सिबीआर कार्यक्रम सञ्चालन गर्दै आएको छ । राज्यको संलग्नता साथै स्थानीय स्तरमै उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरी अपाङ्गता भएका मानिसहरूलाई उनीहरूको समुदायमै पुनर्स्थापित गराई शिक्षा, स्वास्थ्य र सहज जीवनयापनमा पहुँच पुर्याउँदै उनीहरूको सामाजिक सहभागिता र सशक्तीकरणमा टेवा पुर्याउने उद्देश्यका साथ सञ्चालित यस कार्यक्रम हाल देशका ७५ वटै जिल्लामा पुगिसकेको छ । स्थानीय स्तरमा अपाङ्गता भएका व्यक्तिहरूद्वारा सञ्चालित संस्थाहरूलाई नै यस कार्यक्रमको प्रमुख वाहक बनाउने नीति लिई आव २०६६/०६७ देखि यस कार्यक्रमलाई ७५ वटै जिल्लामा निरन्तरता दिइएको छ । हाल मन्त्रालयले यस कार्यक्रमका लागि प्रति जिल्ला वार्षिकरूपमा १ लाख ८६ हजार रुपियाँ छुट्ट्याएको छ भने प्रत्येक जिल्लामा हेल्प डेस्क सञ्चालनका लागि रु. ५०००० थप गरेको छ । उक्त रकम जिल्लाको महिला विकास कार्यालयमार्फत् परिचालन गरिएको छ र जिल्लामा अपाङ्गता अधिकारका लागि काम गरिरहेका संघसंस्थामध्ये सबैभन्दा सक्रिय र प्रभावकारीरूपमा काम गरिरहेको कुनै एक संस्था छनोट गरी बढीमा दुईवटासम्म संस्थालाई संयुक्तरूपमा कार्यक्रम सञ्चालन गर्ने गरी प्रदान गरिँदै आएको छ । यस कार्यक्रमअन्तर्गत खास गरेर अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाको शिक्षा, स्वास्थ्योपचार, सहायक सामग्री, आयआर्जन र जनचेतना अभिवृद्धिसँग सम्बन्धित गतिविधि सञ्चालन गरिँदै आएका छन् ।

ख) सीबीआर कार्यक्रम सञ्चालन निर्देशिका नेपाल सरकार महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयले २०६२ सालमा अपाङ्गता भएका व्यक्तिहरूलाई समुदायमै पुनर्स्थापना गर्न सीबीआर रणनीतिअनुसार कार्यक्रमहरूलाई प्रभावकारी रूपमा सञ्चालन र अनुगमन गर्न "अपाङ्गहरूका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालन निर्देशिका" लागू गरेको छ । यस निर्देशिकाका चारवटा मुख्य उद्देश्य रहेका छन् ।

क) अपाङ्गहरूप्रति समाज र परिवारमा सकारात्मक धारणाको विकास गर्ने ।

ख) अपाङ्ग नागरिकको सबै पक्षको विकासका लागि स्थानीय समुदाय र विकास निकायलाई परिचालन गर्दै अपाङ्गहरूको सहभागिता बढाउने ।

ग) अपाङ्ग हुन नदिन समयमै पहिचान, रोकथाम न्यूनीकरण र अपाङ्ग भएकाहरूलाई चिकित्सकीय र अन्य सेवाद्वारा पुनर्स्थापना गर्ने ।

घ) सबै प्रकारका अपाङ्गहरूलाई विभिन्न समान अवसरका सेवा ( शिक्षा, स्वास्थ्य, तालिम, नेतृत्व विकास, लघुऋण, सहायक सामग्री) उपलब्ध गराई आर्थिक एवं सामाजिक रूपमा अन्य नागरिकसरह सक्षम र स्वावलम्बी बनाउने ।

यस निर्देशिकाअनुसार सीबीआर कार्यक्रम सञ्चालनका लागि केन्द्रमा एक निर्देशक समिति, प्रत्येक जिल्लामा जिल्ला समन्वय तथा अनुगमन समिति, नगर तथा गाउँ स्तरमा नगर/गाउँ व्यवस्थापन समिति रहने गरी केन्द्रदेखि स्थानीय स्तरसम्मकै संरचना तयार गरिने व्यवस्था गर्नुका साथै आवश्यक पर्ने जनशक्तिका बारेमासमेत व्यवस्था गरिएको छ । जसअनुसार स्थानीय स्तरमा जिल्ला कार्यक्रम अधिकृत, स्थानीय समन्वयकर्ता, सीबीआर सामुदायिक कार्यकर्ता र सामाजिक परिचालकसम्मको व्यवस्था गरिएको छ । निर्देशिकाले स्थानीय स्तरमा अपाङ्गता भएका व्यक्तिहरूका लागि सञ्चालन गरिनुपर्ने कार्यक्रमलाई मुख्य निम्न ११ भागमा बाँडेको छ

१. अपाङ्गतासम्बन्धी तथ्याङ्क तथा विवरण सङ्कलन २. जनचेतनासम्बन्धी कार्यक्रम ३. विस्तृत लेखाजोखा ४. परामर्श सेवा ५. उपचार सेवा ६. पुनर्स्थापना सेवा ७. सहायक सामग्री/उपकरण सेवा ८. शिक्षामा पहुँच ९. व्यावसायिक तालिम र आयआर्जन व्यवस्था १०. पारिवारिक तथा सामाजिक सहभागिता ११. जनशक्ति र नेतृत्व विकास समन्वय एवं सञ्जाल ।

**(१३) अपाङ्गसम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजना, २०६३ ले तय गरेका केही महत्वपूर्ण कार्ययोजनाहरू**

अपाङ्गसम्बन्धी नीति तथा कार्ययोजना, २०६३ ले अपाङ्गता भएका व्यक्तिहरूको हकअधिकार संरक्षण र विकास तथा सशक्तीकरणका लागि विभिन्न कार्यहरू गर्ने कुल १७ वटा प्राथमिकता क्षेत्र छुट्टयाई हरेक प्राथमिकता क्षेत्रअन्तर्गत उद्देश्य, नीति, रणनीति र कार्ययोजना तय गरेको छ । यस नीति तथा कार्ययोजनाले तय गरेका प्राथमिकताका क्षेत्रहरू निम्न प्रकार छन् : १. राष्ट्रिय समन्वय २. कानुन विधायन ३. सूचना र अनुसन्धान ४. जनचेतना र अधिवाचन ५. तालिम र रोजगारी ६. पहुँच ७. सञ्चार ८. यातायात ९. शिक्षा १०. खेलकुद, सांस्कृतिक तथा मनोरञ्जनात्मक क्रियाकलाप ११.अपाङ्गपनको निरोध १२.स्वास्थ्योपचार १३.पुनर्स्थापना, सशक्तीकरण र गरिबी निर्वारण १४. सहायक साधन र सहायता सेवाहरू १५. स्वावलम्बी संस्थाहरू १६. महिला र अपाङ्गता १७.अन्तर्राष्ट्रिय तथा क्षेत्रीय सहयोग

माथि उल्लेख गरिएका प्राथमिकता क्षेत्रहरूमध्ये केही महत्वपूर्ण क्षेत्रका लागि तय गरिएका केही महत्वपूर्ण कार्ययोजनालाई तल संक्षेपमा प्रस्तुत गरिएको छ ।

| प्राथमिकता क्षेत्र | केहि महत्वपूर्ण कार्ययोजनाहरु |
|---|---|
| तालिम तथा रोजगारी | • सरकारी निकायका व्यावसायिक र रोजगारमूलक सीप विकास तालिम केन्द्रहरूमा ५ प्रतिशत अपाङ्गलाई नि:शुल्क तालिम (छात्रवाससहित) प्रदान गर्ने । यसमा अपाङ्गता भएका महिलालाई प्राथमिकता दिने ।<br>• पाँचै विकास क्षेत्रमा एक/एक प्राविधिक तथा व्यावसायिक तालिम केन्द्रहरूलाई अपाङ्गता अनुकूल बनाउँदै सुदृढ तुल्याउने ।<br>• सबै सरकारी, गैरसरकारी र निजी निकायमा अपाङ्गलाई ५ प्रतिशत रोजगारका निमित्त सकारात्मक विभेदको प्रावधान राख्ने र क्रमश: कार्यान्वयन गर्दै जाने । |

| | |
|---|---|
| जनचेतना र वकालत | • समुदाय स्तरमा जनचेतना जगाउने प्रभावकारी सामग्री विकास उत्पादन, वितरण र प्रचारप्रसार ।<br>• अपाङ्गहरूका लागि अधिवाचन गर्ने सीप र क्षमताको विकास गर्न तालिम सञ्चालन गर्ने । |
| पहुँच | • सार्वजनिक महत्वका भौतिक संरचना निर्माण र पुनर्निर्माण गर्दा मापदण्डअनुरूप अपाङ्गता हुनेको पनि सहज पहुँच (Disabled Friendly) हुने प्रकारका संरचना बनाउने ।<br>• ट्राफिक प्रहरीको तालिममा अपाङ्गतासम्बन्धी विषयवस्तु समावेश गरी सञ्चालन गर्ने । |
| सञ्चार | • टेलिभिजनबाट साङ्केतिक भाषामा दैनिक समाचार प्रसारण गरिने र समाचार प्रसारण भएका बेला लेखेर (Caption) पनि देखाइने ।<br>• बहिरा र सुस्त श्रवणका लागि सार्वजनिक महत्वका मुख्य स्थानहरूमा दोभाषेको व्यवस्था, दृष्टिविहीनलाई ब्रेल लिपिमा सार्वजनिक महत्वका सूचनाको व्यवस्था गर्ने ।<br>• अपाङ्ग व्यक्तिहरूलाई सूचना र आधुनिक प्रविधिबारे तालिम दिने<br>• अपाङ्ग व्यक्तिहरूले प्रयोग गर्ने सूचना प्रविधिका सामग्रीमा कर छुट गर्ने |
| शिक्षा | • स्कुल जाने उमेरका ५० प्रतिशतभन्दा बढी अपाङ्गता भएका बालबालिकालाई नि:शुल्क गुणस्तरीय प्राथमिक शिक्षा उपलब्ध गराउने ।<br>• विद्यालयहरूमा अवरोधमुक्त तथा पहुँच योग्य व्यवस्था मिलाउने ।<br>• अपाङ्गता भएका बालबालिकालाई पूर्वप्राथमिक र बाल विकास कक्षामा भर्ना गर्न प्रोत्साहन गर्ने ।<br>• विशेष/स्रोत शिक्षकलाई स्तरयुक्त तालिम सञ्चालन गर्ने । |
| अपाङ्गपनको कारणहरुको निरोध | • अपाङ्गपन रोकथामका लागि अपाङ्गमुखी स्वास्थ्य शिक्षा, सूचना र सञ्चारसम्बन्धी सामग्री तयार गर्ने र व्यापक प्रचारप्रसार गर्ने ।<br>• सुरक्षित मातृत्व यथाशीघ्र अवस्था पहिचान र अविलम्ब सेवा, परामर्श कार्यक्रम सञ्चालन गर्ने । |
| स्वास्थ्योपचार | • अपाङ्गहरूलाई केन्द्रीय, क्षेत्रीय र जिल्लास्तरीय अस्पतालहरूमा नि:शुल्क एवं प्राथमिकताका साथ स्वास्थ्य सेवा प्रदान गर्ने ।<br>• स्वास्थ्यसम्बन्धी नीति, नियम र निर्देशनहरूमा अपाङ्गको स्वास्थ्य उपचारसम्बन्धी प्रावधानलाई समावेश गरी कार्यान्वयन गर्ने । |
| पुनर्स्थापना, शसक्तिकरण र गरिवी निवारण | • सामुदायिक पुनर्स्थापनालगायत अन्य जनशक्तिको विकास गर्ने ।<br>• अपाङ्गसम्बन्धी राष्ट्रिय कोषहरूको सुदृढीकरण एवं विकास गर्ने । |

| | |
|---|---|
| | • अपाङ्ग व्यक्ति र यिनका परिवारको स्वास्थ्य बिमा प्रणालीबारे अध्ययन र बिमा प्रणाली लागू गर्ने ।<br>• गरिबी निवारण र सशक्तीकरणका लागि आयआर्जन, स्वरोजगार, सामाजिक सुरक्षाका लागि विशेष प्याकेज (सीपमूलक तालिम, निर्ब्याजी ऋण) कार्यक्रम सञ्चालन गर्ने ।<br>• अपाङ्ग पुनर्स्थापना र थेरापेटिक सेवाहरू सञ्चालन गर्ने |
| सहायक साधन र सहायता सेवाहरु | • स्थानीय स्रोतसाधनको उपयोग गरी सहायक सामग्रीको उत्पादन एवं नि:शुल्क वा सहुलियतमा वितरण गर्ने ।<br>• बहिरा तथा सुस्त श्रवण भएका अपाङ्गका लागि श्रवणयन्त्र उपलब्ध गराउने ।<br>• अर्थोपेडिक वर्कसपहरूको स्थापना र सञ्चालन गर्ने ।<br>• सहायक साधन (Assistive Device) उत्पादन मर्मत गर्ने जनशक्ति विकास गर्ने । |
| स्वावलम्बी संस्था | • स्वावलम्बी संस्थाहरूको संस्थागत विकास र सुदृढीकरणका लागि आर्थिक, भौतिक र प्राविधिक सहयोग गर्ने ।<br>• केन्द्रदेखि स्थानीय तहसम्मका विकास योजना र कार्यक्रम कार्यान्वयनमा स्वावलम्बी संस्थाहरूलाई सहभागी गराउने । |
| महिला र अपाङ्गता | • महिला सहभागिता हुने केन्द्रदेखि स्थानीय तहसम्मका सरकारी निकायका योजना कार्यक्रम कार्यान्वयनलगायत अनुगमन मूल्याङ्कनमा अपाङ्गता भएका महिलालाई उचित प्रतिनिधित्व र सहभागिता गराउने ।<br>• अपाङ्ग महिलाका लागि शिक्षा तालिम र रोजगारी तथा संरक्षणको विशेष व्यवस्था गर्ने ।<br>• अपाङ्गता भएका महिलाहरूका लागि नेतृत्व विकास तालिम सञ्चालन गर्ने । |
| खेलकुद, सांस्कृतिक तथा मनोरञ्जनात्मक कृयाकलाप | • अपाङ्गता भएका बालवालिकाका लागि खेलकुद, सांस्कृतिक र मनोरञ्जनात्मक कार्यक्रमहरू संचालन गर्न गराउन शिक्षण प्रशिक्षण कार्यक्रम संचालन गर्ने ।<br>• राष्ट्रिय खेलकुद परिषदमा अपाङ्गहरूको प्रतिनिधित्व, नीतिगत व्यवस्थालगायत अपाङ्गता भएका बालवालिकाको लागि अपाङ्ग खेलकुद इकाइको व्यवस्था गर्ने ।<br>• विद्यालयहरूमा प्रकृतिअनुरूप खेलकुद तथा मनोरञ्जनका क्रियाकलाप संचालन गराउने र आवश्यक सामाग्रीहरू उपलब्ध गराउने । |

**१४. अपाङ्गता भएका व्यक्तिका विभिन्न सवालहरूलाई सम्बोधन गर्ने राष्ट्रिय कानुनका बारेमा संक्षिप्त जानकारी ।**

**क) नेपालको अन्तरिम संविधान, २०६३ :**

नेपालको अन्तरिम संविधान, २०६३ मा अपाङ्गताको सबाललाई प्रत्यक्ष सम्बोधन गर्ने निम्न व्यवस्था रहेका छन् :

भाग ३ : मौलिक हक धारा १३ को उपधारा (३) : राज्यले नागरिकहरूबीच धर्म, वर्ण, जातजाति, लिङ्ग, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा तीमध्ये कुनै कुराका आधारमा भेदभाव गर्नेछैन । तर महिला, दलित, आदिवासी जनजाति, मधेसी वा किसान, मजदुर वा आर्थिक, सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका वर्ग वा बालक, वृद्ध तथा अपाङ्ग वा शारीरिक वा मानसिकरूपले अशक्त व्यक्तिको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुनद्वारा विशेष व्यवस्था गर्न रोक लगाएको मानिनेछैन ।

धारा १८ को उपधारा (२) : महिला, श्रमिक, वृद्ध, अपाङ्ग तथा अशक्त र असहाय नागरिकलाई कानुनमा व्यवस्था भएबमोजिम सामाजिक सुरक्षाको हक हुनेछ ।

धारा २२ : बालाबलिकाको हक उपधारा (४) : असहाय, अनाथ, सुस्त मन: िस्थति, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा परेका सडक बालबालिकालाई सुनिश्चित भविष्यका लागि राज्यबाट विशेष सुविधा पाउने हक हुनेछ ।

भाग ४ : राज्यका निर्देशक सिद्धान्त र नीतिहरू : धारा ३३ राज्यको दायित्व : घ (१) : मुलुकको राज्य संरचनाका सबै अङ्गहरूमा मधेसी, दलित, आदिवासी जनजाति, महिला, मजदुर, किसान, अपाङ्ग, पिछडिएका वर्ग र क्षेत्र सबैलाई समानुपातिक समावेशीका आधारमा सहभागी गराउने ।

धारा ३३ (त) : सशस्त्र द्वन्द्वका क्रममा मारिएकाहरूको परिवारलाई तथा यस क्रममा घाइते भई अपाङ्ग र अशक्त भएकाहरूलाई उचित राहत, सम्मान र पुनर्स्थापनाको व्यवस्था गर्ने ।

धारा ३५ : राज्यका नीतिहरू :

उपधारा (९) : राज्यले एकल महिला, अनाथ, बालबालिका, असहाय, वृद्ध, अपाङ्ग, अशक्त र लोपोन्मुख जातिको संरक्षण र उन्नतिका लागि सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्नेछ ।

उपधारा (१४) : राज्यले महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिमलगायत अल्पसङ्ख्यक, भूमिहीन, सुकुम्बासी, कमैया, अपाङ्ग, पिछडिएका क्षेत्र तथा समुदाय र द्वन्द्वपीडितका लागि सकारात्मक विभेदका आधारमा विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्नेछ ।

उपधारा (१७) : वृद्ध, अशक्त महिला तथा बेरोजगारलाई कानुनमा व्यवस्था गरी भत्ता दिने नीति अवलम्बन गरिनेछ ।

**ख) अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ :**

यो नेपालमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारका लागि बनेको एकमात्र कानुन हो । २५ मुख्य दफाहरूमा समेटिएको यो ऐनको प्रस्तावनामा अपाङ्गता भएका व्यक्तिहरूको हकहितको संरक्षण, अपाङ्गता रोकथाम तथा न्यूनीकरण गर्दै उनीहरूलाई समानताको हक दिलाई समाजमा सक्रिय र उत्पादनशील बनाउनुपर्ने आवश्यकता औँल्याइएको छ । यस ऐनले अपाङ्गता भएका व्यक्तिहरूका लागि विशेष गरेर नि:शुल्क शिक्षा, स्वास्थ्योपचार, तालिम, रोजगारीको व्यवस्था, सहायक सामग्रीको व्यवस्था

गर्ने प्रावधानलगायत अपाङ्गता पहिचान, रोकथाम र न्यूनीकरणका लागि पनि विभिन्न व्यवस्था गरेको छ । यस ऐनलाई प्रभावकारीरूपमा कार्यान्वयनका लागि २०५१ मा अपाङ्ग संरक्षण तथा कल्याण नियमावली, २०५१ लागू गरिएको छ ।

**ग) अपाङ्ग संरक्षण तथा कल्याण नियमावली, २०५१ :**

यो नियमावली अपाङ्ग संरक्षण तथा कल्याण ऐनको प्रभावकारी कार्यान्वयनका लागि बनाइएको हो । यसमा विशेष गरेर अपाङ्गपन निर्धारण समिति, अपाङ्गतासम्बन्धी लगत राख्ने, परिचयपत्र प्रदान गर्ने, समाजकल्याण अधिकृत तोक्ने, अपाङ्ग घरको स्थापना तथा सञ्चालन, शिक्षा तथा तालिमको व्यवस्था, स्वास्थ्योपचार, अपाङ्गता भएका व्यक्तिहरूलाई काममा प्राथमिकता दिनुपर्ने, अपाङ्ग सेवा कोष, कानुनी सुविधाजस्ता विषयहरू कार्यान्वयनका लागि नियम बनाइएको छ । नेपालका विभिन्न कानुनमा अपाङ्गतासँग सम्बन्धित दफाहरूका बारेमा सामान्य जानकारी अनुसूची - ८ मा राखिएको छ ।

**घ) विशेष शिक्षा नीति, २०५३ :**

यस नीतिले विशेष विद्यालय, एकीकृत विद्यालय, अपाङ्गताआदिको परिभाषा तथा वर्गीकरणसमेत गरी जम्मा ३३ वटा विशेष शिक्षासम्बन्धी नीति तय गरेको छ । जसमध्ये अपाङ्गता भएका बालबालिकालाई दिइने शिक्षालाई सबैका लागि शिक्षाको प्रमुख अङ्ग बनाउने, विद्यालयहरूलाई भौतिकरूपमा अपाङ्ग मैत्री बनाउने, आवश्यकताअनुसार विशेष विद्यालयको व्यवस्था गर्ने, अपाङ्गता भएका बालबालिकालाई सबै तहमा नि:शुल्क शिक्षा दिने, छात्रवृत्तिको व्यवस्था गर्ने जस्ता नीतिहरू महत्वपूर्ण मानिन्छन् । (यस नीतिका ३३ वटा मुख्य बुँदा अनुसूची - १ मा राखिएको छ ।)

**१५. महत्वपूर्ण अन्तर्राष्ट्रिय दस्तावेज**

**१. अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, २००६ :**

अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सुनिश्चितताका लागि विश्वमा हालसम्मको सबैभन्दा महत्वपूर्ण र बलियो अन्तर्राष्ट्रिय दस्तावेज हो । सन् २००६ डिसेम्बर १३ मा संयुक्त राष्ट्रसंघको ६१ औं महासभाले अनुमोदन गरी २००७ को मार्च ३० तारिखदेखि सदस्य राष्ट्रहरूका लागि हस्ताक्षर तथा अनुमोदनका लागि खुला गरिएको यो दस्तावेज अपाङ्गता अधिकारको संवर्द्धन र संरक्षणमा कोसेढुंगा साबित हुने विश्वास लिइएको छ । हालसम्म (डिसेम्बर, २०१०) यस महासन्धिमा १४७ राष्ट्रहरूले हस्ताक्षर गरिसकेका छन् भने ९७ राष्ट्रहरूले अनुमोदन पनि गरिसकेका छन् । नेपालका छिमेकी देशहरूमा भारत, चीन, बङ्गलादेशले पनि यस महान्धिलाई अनुमोदन गरिसकेका छन् । नेपालले यस महासंधीमा सन् २००८ जनवरी ३ मा हस्ताक्षर गरी महासन्धिप्रति आफ्नो प्रतिबद्धता जनाएको थियो भने मे ५ २०१० मा अनुमोदन पनि गरिसकेको छ (यु.एन.को वेव साइटमा राखिएको मिति अनुसार) । महासन्धि र स्वेच्छिक प्रोटोकल गरी दुई मुख्य भागमा रहेको यस दस्तावेजमा महासन्धि ५० वटा धारामा समेटिएको छ भने स्वेच्छिक प्रोटोकलमा १८ धारा छन् । समग्रमा यस महासन्धिले अपाङ्गतालाई मानवअधिकार, विकास र समावेशीकरणसँग स्पष्टरूपमा जोडेको छ । यस महासन्धिका ५० वटा धारामा परिभाषा (धारा २), समानता र गैरभेदभाव (धारा ५), पहुँच (धारा ९), कानुनका अगाडि समान मान्यता (धारा १२) न्यायमा पहुँच (धारा १३), शोषण, हिंसा र दुर्व्यवहारबाट मुक्ति (धारा १६), व्यक्तिगत गमनशीलता (धारा २०), शिक्षा (धारा २४), स्वास्थ्य (धारा २५), काम र रोजगार (धारा २७), पर्याप्त जीवनस्तर र सामाजिक संरक्षण (धारा २८), राजनीतिक तथा सार्वजनिक जीवनमा सहभागिता (धारा २९) र सांस्कृतिक जीवन र

मनोरञ्जन (धारा ३०) अपाङ्गता भएका मानिसहरूको जीवनमा सकारात्मक परिवर्तन ल्याउन निकै उपयोगी हुने विश्वास गरिएको छ ।

# अपाङ्गता स्रोत पुस्तिका २०६९
# अनुसूचीहरू

अनुसूची १ : विशेष शिक्षा नीति, २०५३

अनुसूची २ : नेपालमा विशेष कक्षा सञ्चालन भइरहेका जिल्ला तथा विद्यालयको नामावली

अनुसूची ३ : अपाङ्गता भएका बालबालिकाका लागि स्रोत कक्षा सञ्चालन भइरहेका जिल्ला तथा विद्यालयको नामावली

अनुसूची ४ : नेपालमा अपाङ्गतासम्बन्धी परामर्श, स्वास्थ्य उपचार, सहायक सामग्री र विशिष्ट प्रेषण ९चभाभचचबा० सेवा प्रदान गर्ने निकायहरू

अनुसूची ५ : नेपालमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण, संवर्द्धन र सशक्तीकरणका लागि राष्ट्रिय स्तरमा कार्यरत केही मुख्य स्वावलम्बी संघसंस्थाहरू

अनुसूची ६ : विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण, संवर्द्धन तथा पुनर्स्थापना तथा विभिन्न सेवा प्रदान गर्नमा संलग्न अन्य गैरसरकारी/सरकारी संस्थाहरू

अनुसूची ७ : नेपाल सरकार, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयले सीबीआर कार्यक्रम सञ्चालन गेरका जिल्ला र साझेदार संस्थाको नाम

अनुसूची ८ : अपाङ्गगता विषयलाई समेटिएका नेपालका कानुनका विभिन्न दफाहरू

अनुसूची ९ : अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धी (सीआरपीडी) एवं स्वेच्छिक प्रोटोकल, २००६ - नेपाली रूपान्तरण

अनुसूची १० : नेपालमा अपाङ्गताको सबालमा कार्यरत केही सरकारी तथा गैरसरकारी अन्तर्राष्ट्रिय निकायहरू ।

अनुसूची ११ : अपाङ्गता परिचयपत्र प्राप्त गर्नको लागि भर्नुपर्ने आवेदन फारमको नमुना ।

अनुसूची १२ : सरकारी अस्पतालहरुमा अपाङ्गता भएका व्यक्तिहरुको लागि निःशुल्क रुपमा पाइने औषधीहरुको सूची

## अनुसूची १ : विशेष शिक्षा नीति, २०५३

**शिक्षाको राष्ट्रिय नीतिअनुरूप अपाङ्गहरूका निम्ति अनुकूल शिक्षाको व्यवस्था गरी राष्ट्रको मूल धारमा समाहित गर्न देहायबमोजिमको विशेष शिक्षा नीति तय गरिएको छ।**

१) अपाङ्गको सर्वमान्य परिभाषा गरी अपाङ्गताको किसिम तथा मात्राको निर्धारण गर्ने।

२) अपाङ्ग बालबालिकाको सङ्ख्या, उमेर, लिङ्ग, किसिम र मात्रा आदिको विस्तृत विवरणका लागि सर्वेक्षण कार्यक्रम र तथ्याङ्क सङ्कलनको आवश्यक व्यवस्था गर्ने।

३) विभिन्न किसिमका बालबालिकालाई दिइने प्राथमिक शिक्षा "सबैका लागि शिक्षा" को अभिन्न अङ्गका रूपमा विकसित गर्ने।

४) अपाङ्गहरूको आवागमनसमेत विचार गरी विशेष भौतिक सुविधा भएको विद्यालय भवनको निर्माण गर्ने व्यवस्था मिलाउने।

५) अपाङ्ग बालबालिकालाई प्राथमिक तहदेखि माध्यमिक तहसम्मको शिक्षा निःशुल्क प्रदान गर्ने। यस उद्देश्यका लागि निजी क्षेत्रका सबै तहका विद्यालयहरूले समेत अपाङ्गलाई निःशुल्क शिक्षा दिनका लागि आवश्यक व्यवस्था मिलाउने।

६) अपाङ्ग बालबालिकालाई साधारण विद्यालयमा निःशुल्क विशेष शिक्षा प्रदान गर्ने र आवश्यकताअनुसार विशेष विद्यालयको व्यवस्था गर्ने।

७) तोकिएका न्यूनतम भौतिक एवं प्राविधिक पूर्वाधार तथा सर्तहरू पूरा गरेका विद्यालयहरूलाई मात्र विशेष शिक्षा कार्यक्रम सञ्चालन गर्न अनुमति वा स्वीकृति दिने।

८) विश्वविद्यालयहरूमा विशेष शिक्षासम्बन्धी विषयको पठनपाठनको व्यवस्था गर्ने।

९) सञ्चालित सेवाको व्यापकता, स्तर र आर्थिक क्षमताका आधारमा पटके, आंशिक र पूर्ण अनुदानको व्यवस्था गर्ने।

१०) विशेष शिक्षा दिने विद्यालयहरूको व्यवस्थापन पक्ष सुधार गर्न हालको निरीक्षण एवं सुपरीवेक्षण प्रणालीमा विशेष शिक्षाको निरीक्षण पक्षलाई समेत विचार गरी एकीकृतरूप दिने।

११) अपाङ्ग बालबालिकालाई दिइने विशेष शिक्षाका लागि पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य शैक्षिक सामग्री एवं उपकरणहरूको निर्धारण तथा उत्पादन गर्ने/गराउने र आवश्यकताअनुसार निःशुल्क उपकरण उपलब्ध गराउने सम्बन्धमा समेत आवश्यक व्यवस्था गर्ने।

१२) अपाङ्गताका प्रारम्भिक अवस्थामा कतिपय लक्षणहरू स्वास्थ्य उपचारद्वारा निराकरण हुनसक्ने भएकाले सामान्य विद्यार्थीहरूले अध्ययन गर्ने नियमित पाठ्यक्रम र शिक्षक तालिम पाठ्यक्रममा अपाङ्गतासम्बन्धी स्वास्थ्य शिक्षा र विशेष शिक्षासम्बन्धी सामान्य जानकारीहरू पाठ्यक्रममा समावेश गर्ने।

१३) विशेष शिक्षाका लागि आवश्यकताअनुसार पुस्तकालय र प्रयोगशालाको व्यवस्था गर्ने र हाल सञ्चालित पुस्तकालयहरूमा पनि अपाङ्गहरूले प्रयोग गर्नसक्ने सामग्रीहरू राख्ने व्यवस्था क्रमिक रूपमा गर्दै जाने।

१४) जेहेनदार र अपाङ्ग विद्यार्थीलाई उच्च शिक्षाको अवसर प्रदान गर्न छात्रवृत्तिलगायत अन्य प्रोत्साहनको व्यवस्था गर्ने।

१५) अपाङ्ग विद्यार्थीलाई आवश्यकताअनुसार आवासीय सुविधा उपलब्ध गराउने।

१६) अपाङ्ग विद्यार्थी बालबालिकाले दैनिक रूपमा प्रयोग गर्ने सामग्रीहरू जस्तै : ह्विलचियर, बैसाखी, ह्वाइट क्यान, श्रवणयन्त्र, ब्रेल स्लेट, स्टाइलस, स्पेसल चियर र कृत्रिम अङ्ग आदि आयात गर्दा यथासम्भव विशेष सहुलियत दिने व्यवस्था गर्ने।

१७) विशेष शिक्षाका क्षेत्रमा काम गर्ने शिक्षकहरूलाई कम्तीमा अन्य सार्वजनिक विद्यालयका शिक्षकले पाए सरहको तलबभत्ताको व्यवस्था गरी सो पेसालाई आकर्षक बनाउने।

१८) विशेष शिक्षा दिने कार्यक्रमका लागि शिक्षकलगायत आवश्यक जनशक्तिको योजनाबद्ध विकास तथा व्यवस्था गर्ने।

१९) शिक्षक तालिम सञ्चालन गर्ने निकायसँग समन्वय राखी विशेष शिक्षा कार्यक्रमलाई आवश्यक पर्ने तालिमको पनि व्यवस्था गर्ने।

२०) विशेष शिक्षाका लागि प्रयोग गरिने विशेष माध्यम जस्तै : ब्रेल, साङ्केतिक भाषा आदिमा दक्षता हासिल गरेको भएमा अपाङ्गता भएका योग्य व्यक्तिलाई समेत अपाङ्गता अनुकूल विशेष शिक्षा शिक्षकका रूपमा परिचालन गर्ने।

२१) अपाङ्ग बालबालिकाका व्यक्तित्व तथा शारीरिक विकासका लागि सांस्कृतिक एवं खेलकुद कार्यक्रम र शारीरिक व्यायामको विशेष व्यवस्था गर्ने। यसका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मक कार्यक्रममा भाग लिने अवसर प्रदान गर्ने र सोका लागि आवश्यक जनशक्ति तयार गर्ने।

२२) दोहोरो वा बहुअपाङ्गता भएका व्यक्तिका हकमा सम्बन्धित क्षेत्रका विशेषज्ञहरूको राय र सुझावअनुसार विशेष प्रकारको शिक्षा वा कार्यमूलक शिक्षाको व्यवस्था गर्ने।

२३) अपाङ्गताको किसिमका आधारमा परीक्षार्थीहरूको र मूल्याङ्कनको विशेष व्यवस्था गर्ने।

२४) अपाङ्ग बालबालिकाका लागि विशेष शिक्षा दिई सराहनीय कार्य गर्ने संघसंस्था तथा व्यक्तिहरूलाई प्रोत्साहन गर्न पुरस्कार आदिको व्यवस्था गर्ने ।

२५) विशेष शिक्षा परिषद्ले तोकेको निकायको सहमति लिएर मात्र गैरसरकारी संस्थाहरूले विशेष शिक्षा कार्यक्रम सञ्चालन गर्ने ।

२६) अपाङ्गताको किसिम र मात्राअनुसार विशेष शिक्षा कार्यक्रम सञ्चालन गर्न आवश्यक जनशक्ति तयार गर्ने उद्देश्यले आवश्यक पूर्वाधार तथा सर्तहरू तोकी तालिम केन्द्र स्थापना गर्नका लागि कार्यक्रम सञ्चालन गर्न चाहने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई प्रोत्साहन गर्ने ।

२७) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था र सरकारी निकायबीच विशेष शिक्षाको क्षेत्रमा अन्तरसम्बन्ध तथा समन्वय कायम गरी गैरसरकारी संघसंस्थालाई राष्ट्रिय विशेष शिक्षा कार्यक्रममा सहभागी हुन प्रोत्साहन गर्ने र यस कार्यक्रममा कार्यरत गैरसरकारी संस्थाको भौतिक एवं प्राविधिक जनशक्ति विकास एवं विस्तार गर्न आवश्यक सहयोग प्रदान गर्ने ।

२८) परोपकारी एवं अन्य सामाजिक संघसंस्थालाई विशेष शिक्षा कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गर्ने ।

२९) विशेष शिक्षालाई सीप केन्द्रित बनाई समुदायमा पुनर्स्थापना गर्न अपाङ्गहरूको क्षमता र योगदानका आधारमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको व्यवस्था गर्ने ।

३०) प्रौढ अपाङ्गहरूका लागि सीपमूलक अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गर्ने ।

३१) विभिन्न सांस्कृतिक, धार्मिक, जात जातीयता, अन्धविश्वास, रूढीवादी परम्परा, चेतनाको कमी र आर्थिक कारणले अधिकांश जनमानसमा व्याप्त अपाङ्गप्रतिको गलत धारणामा आमूल परिवर्तन ल्याउन विभिन्न स्तरमा भेला, गोष्ठी गर्ने र जनसञ्चारका माध्यमबाट सर्वसाधारणमा अपाङ्गतासम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने ।

३२) अपाङ्ग बालबालिकालाई शैक्षिक अवसर प्रदान गर्ने वातावरण जुटाउन र उनीहरूलाई समुदायमा समावेशीकरणका लागि तिनका बाबुआमा, अभिभावक, शिक्षक तथा निकट सम्पर्कमा आइरहने व्यक्तिहरूलाई मनोवैज्ञानिक उत्प्रेरणा दिने खालको सरसल्लाहमूलक कार्यक्रम सञ्चालन गर्ने ।

३३) विशेष शिक्षा परिषद्ले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा उपलब्ध हुने विभिन्न स्रोत तथा सामग्रीहरूको परिचालन गर्ने सञ्जालको विकास र विस्तार गर्ने ।

**(स्रोत : विशेष शिक्षा नीति, २०५३)**

## अनुसूची २ : नेपालमा विशेष कक्षा सञ्चालन भइरहेका जिल्ला तथा विद्यालयको नामावली

| जिल्ला | विद्यालयको नाम |
|---|---|
| काठमाडौं | १. खगेन्द्र नवजीवन विशेष शिक्षा तथा व्यवसाय प्रशिक्षण विद्यालय, जोरपाटी, २. बहिरा बालकको विद्यालय, नक्साल, ३. निर्मल बालविकास केन्द्र, बानेश्वर, ४. बालकल्याण विद्यालय, कीर्तिपुर, ५. लेबोरेटरी उच्च मावि, कीर्तिपुर, ६. सुस्त मनःस्थिति पारिवारिक सरसल्लाह केन्द तथा विद्यालय , सिनामङ्गल |
| ललितपुर | १. सुस्त मनःस्थिति विद्यालय, चक्रबहिल, ललितपुर, २. नमुना मच्छिन्द्र मावि, ललितपुर |
| भक्तपुर | १. मानव विद्यागृह, ठिमी, २. सुस्त मनःस्थिति कल्याण विद्यालय, भक्तपुर, ३. प्राणोदय प्रा.वि. ठिमी, ४. सि.वि.आर. दिवा कक्षा भक्तपुर १५ |
| अर्घाखाँची | १. निर्मल नवज्योति विद्यालय |
| झापा | १. नेपाल अपाङ्ग संघ झापा |
| मोरङ | १. विराट बहिरा विद्यालय, विराटनगर |
| धनुषा | १. नेपाल अपाङ्ग संघ, धनुषा, २. रामजानकी विद्यालय, जनकपुर ३. जनकपुर सुस्त मनःस्थिति अभिभावक संघ, जनकपुर |
| सुनसरी | १. पूर्वाञ्चल बहिरा विद्यालय, धरान २. पूर्वाञ्चल ज्ञानचक्षु निकेतन, धरान ३. बालकल्याण विद्यालय, धरान |
| सप्तरी | १. बहिरा बालकको विद्यालय, राजविराज |
| कास्की | १. सिर्जना बहिरा आवासीय उच्च मावि, पोखरा, २. अमरसिंह मावि, पोखरा |
| रूपन्देही | १. बहिरा बालकको विद्यालय, भैरहवा |

| | |
|---|---|
| सुर्खेत | १. सिद्ध बहिरा बालकको विद्यालय, |
| कैलाली | १. पञ्चोदय मावि, धनगढी, २. नेपाल अपाङ्ग संघ कैलाली |
| काभ्रे | १. सञ्जीवनी मावि, धुलिखेल २. आदर्श मावि, केन्द्र, बनेपा |
| बाँके | १. मङ्गलप्रसाद मावि, बाँके |
| बागलुङ | १. बागलुङ विशेष बालकक्षा, बागलुङ २. धवलागिरि बहिरा प्रावि, बागलुङ ३. जनताधन उच्च मा.वि, पैयापाटा |
| चितवन | १. बालकुमारी सुस्त मनःस्थिति विद्यालय, नारायणगढ, (भनौजी र टाँडी समेत) २. सुस्त मनःस्थिति विद्यालय, श्रीपुर |
| सिराहा | १. पशुपति मावि, लाहान |
| महोत्तरी | १. श्री माध्यमिक विद्यालय, वसभिट्टी |

**(स्रोत : शिक्षा विभाग )**

## अनुसूची ३ : अपाङ्गता भएका बालबालिकाका लागि स्रोत कक्षा सञ्चालन भइरहेका जिल्ला तथा विद्यालयको नामावली

| जिल्ला | स्रोत कक्षा संचालित विद्यालयको नाम र स्रोत कक्षाको प्रकार |
|---|---|
| ताप्लेजुङ्ग | १. श्री बालमन्दिर प्रा.वि. फुम्लिङ्ग (बहिरा तथा सुस्त श्रवण) २. कालिका मा.वि. नांङ्गखोल्याङ्ग (सुस्त मनःस्थिति) |
| पाँचथर | १. फिदिम उ.मा.वि. पाँचथर (बहिरा तथा सुस्त श्रवण) २. श्री गढी नि.मा.वि, गढी (दृष्टिविहीन) ३. सुखवोध नि.मा.वि. जोरसाल फिदिम ५ (सुस्त मनःस्थिति) |
| इलाम | १. करफोक प्रा.वि. करफोक (बहिरा तथा सुस्त श्रवण) २. भानु मा.वि.चुलाचुली (बहिरा तथा सुस्त श्रवण) ३. बालमन्दिर प्रा.वि. इलाम (दृष्टिविहीन) ४. अमर उच्च मा.वि. वरवोटे (सुस्त मनःस्थिति) ५. अमर कल्याण मा.वि. नयाँबजार (सुस्त मनःस्थिति) |
| झापा | १. श्री मोहनमाया नि.मा.वि. चारपाने (बहिरा तथा सुस्त श्रवण) २. हिमाल प्रा.वि.लक्ष्मिपुर घैलाडुब्बा (बहिरा तथा सुस्त श्रवण) ३. कन्काइ मा.वि.सुरुङ्गा ( बहिरा तथा सुस्त श्रवण) ४. भिमसेन मा.वि.महारानीझोडा (बहिरा तथा सुस्त श्रवण) ५. मंगलमाया नि.मा.वि. लखनपुर (बहिरा तथा सुस्त श्रवण) ६. दुर्गा मा.वि.गरामुनि (दृष्टिविहीन) ७. सरस्वति मा.वि. दमक (दृष्टिविहीन) ८. विराट प्रा.वि. गरामुनि (सुस्त मनःस्थिति) ९. तारावारी नि.मा.वि. दमक ( सुस्त मनःस्थिति) |
| संखुवासभा | १. महेन्द्र मा.वि. मानेभञ्ज्याङ्ग (बहिरा तथा सुस्त श्रवण) २. सरस्वति नि.मा.वि. चैनपुर (सुस्त मनःस्थिति) ३. मनकामना र.अ.उ.मा.वि. (दृष्टिविहीन) |
| तेह्रथुम | १. सरस्वती मा.वि म्याङलुङ (बहिरा तथा सुस्त श्रवण) २. श्री सिंहवाहिनी उ.मा.वि. म्याङ्गलुङ्ग (दृष्टिविहीन) |
| धनकुटा | १. मार्गेस्वरी प्रा.वि. छारागाँउ (बहिरा तथा सुस्त श्रवण) २. कौशिका प्रा.वि. मूलघाट (बहिरा तथा सुस्त श्रवण) ३. हिले उच्च मा.वि., हिले (दृष्टिविहीन) ४. सरस्वति मा.वि. सिंधुवा (दृष्टिविहीन) ५. मार्गादेवी प्रा.वि. डुम्रेसान्ने (दृष्टिविहीन) ६. नि.मा.वि. पारिपात्ले उत्तरपानि (सुस्त मनःस्थिति) ७. प्रा.वि. पारिपात्ले उत्तरपानि (सुस्त मनःस्थिति) ८. ग्रा.सा. मा.वि. घोर्लिखर्क (सुस्त मनःस्थिति) ९. नागेश्वर उच्च मा.वि. लेगुवा (सुस्त मनःस्थिति) |
| सुनसरी | १. नवीन शिक्षा निकेतन नि.मा.वि. दुहवी (बहिरा तथा सुस्त श्रवण) २. रामसीता मा.वि. भीमनगर (बहिरा तथा सुस्त श्रवण) ३. पकली मा.वि. पकली ( बहिरा तथा सुस्त श्रवण) ४. जनता मा.वि. मधेशा (बहिरा तथा सुस्त श्रवण) ५. जनक मा.वि. राजावास (बहिरा तथा सुस्त श्रवण) ६. जनता मा.वि.नरसिंह (सुस्त मनःस्थिति) ७. ने.रा.मा.वि. अमहिबेल्हा (सुस्त मनःस्थिति) ८. जनता मा.वि. सिंगिया (सुस्त मनःस्थिति) |
| मोरङ्ग | १. सुकुना मा.वि. इन्द्रपुर (बहिरा तथा सुस्त श्रवण) २. महेन्द्र मा.वि. देविस्थान इटहरा (बहिरा तथा सुस्त श्रवण) ३. पब्लिक उ.मा.वि., बनिगामा (बहिरा |

| | |
|---|---|
| | तथा सुस्त श्रवण) ४. मा.वि. झुर्किया (सुस्त श्रवण) ५. जनता नमुना उ.मा.वि.मोरङ्ग (बहिरा तथा सुस्त श्रवण) ६. गोग्राहा उच्च मा.वि. वरगाछी (सुस्त मनःस्थिति) ७. सुनपकुवा मा.वि.उर्लावारी (सुस्त मनःस्थिति) ८. कविर नि.मा.वि. बेलवारी (दृष्टिविहीन) |
| भोजपुर | १. सगरमाथा उ. मा.वि. घोरेटार (बहिरा तथा सुस्त श्रवण) २. यसोधरा उच्च मा.वि. टक्सार (सुस्त मनःस्थिति) |
| खोटाङ्ग | १. भगवती उ.मा.वि. खोटाङ्ग बजार (बहिरा तथा सुस्त श्रवण) २. पञ्च मा.वि. दिक्तेल (दृष्टिविहीन) ३. जनजाग्रीति मा.वि. डाँडागाउँ (सुस्त मनःस्थिति) |
| सप्तरी | १. ल.व.न.उ.मा.वि.बमनगमाकट्टी (बहिरा तथा सुस्त श्रवण) २. रा.द.मा.वि. सखुवा, कचनदाहा (बहिरा तथा सुस्त श्रवण) ३. प.वि.मा.वि. राजविराज ( दृष्टिविहीन) ४. जियालाला रा.प्रा.वि बोदे वर्साइन (दृष्टिविहीन) |
| उदयपुर | १. जनता मा.वि. देउरी (बहिरा तथा सुस्त श्रवण) २. नारद आदर्श उ.मा.वि.वसाहा, वर्षेडाँडा (बहिरा तथा सुस्त श्रवण) ३. ध्रुवाजन मा.वि. बाहुनीटार ( बहिरा तथा सुस्त श्रवण) ४. जनज्योति मा.वि. चुहाडे (दृष्टिविहीन), ५. प्रा.वि. सिवाही बेल्हा (दृष्टिविहीन) ६. त्रीयुगा मा.वि. गाईघाट (सुस्त मनःस्थिति) |
| ओखलढुङ्गा | १. वरुणेश्वर उ.मा.वि. रामपुर (बहिरा तथा सुस्त श्रवण), २. जालपा नि.मा.वि. गैरीगाउँ (सुस्त मनःस्थिति),३. भगवती उच्च मा.वि. मानेभञ्ज्याङ्ग ( दृष्टिविहीन), |
| सोलुखुम्बु | १. गार्मा मा.वि. (बहिरा तथा सुस्त श्रवण) २. मुक्ली नि.मा.वि.बर्खुघाट (सुस्त मनःस्थिति) |
| सिराहा | १. बहिरा विद्यालय सिराहा (बहिरा तथा सुस्त श्रवण) २. ज.प्रा.वि. भोटियाटोल (बहिरा तथा सुस्त श्रवण) |
| सर्लाही | १. जनता प्रा.वि. पिडारी ढापटोल (बहिरा तथा सुस्त श्रवण) २. प्रा.वि. शंकरगञ्ज (बहिरा तथा सुस्त श्रवण) ३. जनता प्रा.वि. विष्णुपुर हरिवन (बहिरा तथा सुस्तश्रवण) ४. श्रीमती लक्ष्मीदेवी ज.मा.वि., गम्हरिया (बहिरा तथा सुस्त श्रवण) ५. महावीर जनता उच्च मा.वि. हरिपुर (दृष्टिविहीन) ६. बे.भोला नमुना मा.वि. हरिपुर (सुस्त मनःस्थिति) ७. म.ज.लक्ष्मीनिया मा.वि. सितापुर (सुस्त मनःस्थिति) ८. मदनपुर जमुनिया वीरनगर उ.मा.वि. मदनपुर (सुस्त मनःस्थिति) |
| महोत्तरी | १. रामदरश सर्वोदय.मा.वि. महोत्तरी (बहिरा तथा सुस्त श्रवण) २. त्रीभुवन मा.वि.गौशाला बजार (बहिरा तथा सुस्त श्रवण) ३. भेरुखी मा.वि. लोहारपट्टी (दृष्टिविहीन) ४. म.रा.उ.मा.वि. रामगोपालपुर (सुस्त मनःस्थिति), ५. जनता मा.वि. बर्दिवास - ४ (सुस्त मनःस्थिति) ६. श्रीराम उच्च मा.वि.मटिहानी ( सुस्त मनःस्थिति) |
| धनुषा | १. जनता एकाइ मा.वि. यदुकुहा (बहिरा तथा सुस्त श्रवण) २. राष्ट्रिय प्रा.वि. सिसमपुर (दृष्टिविहीन) ३. ज.जा. मा.वि. गोदार (सुस्त मनःस्थिति) |
| सिंधुली | १. प्रगतिशील मा.वि. रातामाटा (बहिरा तथा सुस्त श्रवण) २. उ.मा.वि. लदाभिर (दृष्टिविहीन) ३. जनज्योति उ.मा.वि. फोर्सेटार (सुस्त मनःस्थिति) ४. नवज्योति बहिरा प्रा.वि. (बहिरा तथा सुस्त श्रवण) |
| दोलखा | १. कालिन्चोक उ.मा.वि. चरिकोट (बहिरा तथा सुस्त श्रवण, दृष्टिविहीन) |
| रामेछाप | १. सहिद उ.मा.वि., मन्थली (बहिरा तथा सुस्त श्रवण) २. साँघुटार उ.मा.वि. साँघुटार (सुस्त मनःस्थिति) |
| चितवन | १. चितवन मा.वि. भरतपुर (बहिरा तथा सुस्त श्रवण) २. बजारहट्टी नि.मा.वि. वीरेन्द्रनगर (बहिरा तथा सुस्त श्रवण) ३. रा.नि.मा.वि. तोरीखेत (बहिरा तथा सुस्त श्रवण) ४. झुवनी मा.वि. झुवानी (दृष्टिविहीन) ५. रा.प्रा.वि. सिम्रहनी, गर्दी, माडी (सुस्त मनःस्थिति) ६. रा.प्रा.वि. बस्यौली (सुस्त मनःस्थिति) ७. नारायणी उच्च मा.वि., भरतपुर (सुस्त मनःस्थिति ८. नारायणी उच्च मा.वि., भरतपुर (दृष्टिविहीन) |
| रौतहट | १. श्री प्रा.वि.बालमन्दिर गौर (बहिरा तथा सुस्त श्रवण) २. श्री नि.मा.वि. सितलपुर (बहिरा तथा सुस्त श्रवण) ३. जनज्योति उ.मा.वि. चन्द्रनिगहापुर ( बहिरा तथा सुस्त श्रवण) ४. बहिरा तथा सुस्त श्रवण आ.प्रा.वि. बसन्तपुर (बहिरा तथा सुस्त श्रवण) ५. सुवलाल मा.वि. सन्तपुर (दृष्टिविहीन) ६. जनता मा.वि. कटहरीया (सुस्त मनःस्थिति) ७. ज.मा.वि. राजपुर, फरदवा (सुस्त मनःस्थिति) ८. श्री जुद्ध मा.वि, गौर (दृष्टिविहीन) |
| पर्सा | १. ने.रा.नि.मा.वि. भिखमपुर (बहिरा तथा सुस्त श्रवण) २. देवनन्दन ने.रा. नि.मा.वि. रामनगरी (बहिरा तथा सुस्त श्रवण) ३. सिद्धार्थ मा.वि. श्रीपुर |

| | |
|---|---|
| | चिनीमिल विरगंञ्ज (दृष्टिविहीन) ४. ने.रा.प्रा.वि. डमरपुर पोखरीया (सुस्त मनःस्थिति) ५. ने.रा.नि.मा.वि. महुवन (सुस्त मनःस्थिति) |
| मकवानपुर | १. शान्ति बहिरा विद्यालय मकवानपुर (बहिरा तथा सुस्त श्रवण) २. बालज्योति मा.वि. पिप्ले (दृष्टिविहीन) |
| वारा | १. दुर्गा मा.वि. बरेवा (बहिरा तथा सुस्त श्रवण) २. ने.रा.उ.मा.वि. सिमरा (बहिरा तथा सुस्त श्रवण) ३. कंकाली मा.वि. सिमरौनगढ (दृष्टिविहीन) ४. नेत्रोदय मा.वि. निजगढ (सुस्त मनःस्थिति) ५. ने.रा.उ.मा.वि. डुमरवाना (दृष्टिविहीन) |
| भक्तपुर | १. सीबीआर बहिरा विद्यालय, भक्तपुर (बहिरा तथा सुस्त श्रवण) २. आदर्श मा.वि. ठिमी (दृष्टिविहीन) ३. जागृति माध्यमिक विद्यालय (बहिरा तथा सुस्त श्रवण) |
| नुवाकोट | १. वागेश्वरी मा.वि. चोकदे (बहिरा तथा सुस्त श्रवण), २. भैरवी मा.वि. नुवाकोट (बहिरा तथा सुस्त श्रवण), ३. चण्डेश्वरी उ.मा.वि. तुप्चे (दृष्टिविहीन), ४. रणभुवनेश्वरी मा.वि. देवीघाट (सुस्त मनःस्थिति), ५. कामरू देवी उ.मा.वि. दुईपिपल (सुस्त मनःस्थिति) |
| काभ्रे | १. शारदा मा.वि. सुन्थान (बहिरा तथा सुस्त श्रवण), २. आजाद मा.वि. बनेपा (बहिरा तथा सुस्त श्रवण), ३. सञ्जीवनी उ.मा.वि., धुलिखेल (दृष्टिविहीन), ४. भगवती मा.वि. खरेलथोक (सुस्त मनःस्थिति), ५. कालिका प्रा.वि. महादेवस्थान (सुस्त मनःस्थिति), ६. काभ्रे बहिरा विद्यालय (बहिरा तथा सुस्त श्रवण) |
| सिंधुपाल्चौक | १. सिन्धु बहिरा नि.मा.वि., बाह्रविसे (बहिरा तथा सुस्त श्रवण), २. बनदेवी प्रा.वि., चौतारा (दृष्टिविहीन), ३. जनजागृति उ.मा.वि.। साँगाचोक (सुस्त मनःस्थिति), ४. इन्द्रेश्वरी उ.मा.वि., मेलाम्ची (सुस्त मनःस्थिति) |
| ललितपुर | १.आदर्श शौल उ.मा.वि. बुङ्गमती (बहिरा तथा सुस्त श्रवण, दृष्टिविहीन, शारीरिक अपांगता भएका, सुस्त मनःस्थिति), २. महाकाल उ.मा.वि. गोटीखेल ( सुस्त मनःस्थिति), ३. पाटन मा.वि. पाटनढोका (सुस्त मनःस्थिति), ४. पथप्रदर्शक प्र. नि. मा.वि., बडीखेल (सुस्त मनःस्थिति) |
| रसुवा | १. रसुवा उ.मा.वि. (सुस्त मनःस्थिति) |
| धादिङ्ग | १. देउराली मा.वि. मुरलीभन्ज्याङ (बहिरा तथा सुस्त श्रवण), २. सत्यवति उ.मा.वि. कुम्पुर (बहिरा तथा सुस्त श्रवण), ३. जनजागृति मा.वि. महादेव बेसी (दृष्टिविहीन) |
| कास्की | १. सिर्जना बहिरा उ.मा.वि. लेखनाथ (बहिरा तथा सुस्त श्रवण ) २. कुँडहर मा.वि. कुँडहर (दृष्टिविहीन) ३. जनप्रकाश उ.मा.वि. भण्डारढिक (दृष्टिविहीन) ४. सरस्वती टीका मा.वि.भरतपोखरी (सुस्त मनःस्थिति) |
| तनहुँ | १. जलदेवी मा.वि. व्या. न.पा. - १ भादगाँउ (बहिरा तथा सुस्त श्रवण) २. विश्वज्योति प्रा.वि. भकुन्थोक (बहिरा तथा सुस्त श्रवण) ३. देउराली प्रा.वि. बन्दिपुर (बहिरा तथा सुस्त श्रवण) ४. गा.फ. मा.वि. ढोरफिर्दी (बहिरा तथा सुस्त श्रवण), ५. बज्रयोगिनी प्रा.वि. देवघाट (दृष्टिविहीन), ६. सिद्धबेनी नि.मा.वि., ...??(सुस्त मनःस्थिति) ७. महेन्द्रज्योति उ.मा.वि. सिसाघाट, (सुस्त मनःस्थिति) ८. सिन्धु प्रा.वि. व्या.न.पा. साँगे, (सुस्त मनःस्थिति) ९. शुक्ला प्रा.वि. खैरनीटार (अपाङ्ग बाल अध्ययन केन्द्र ) (सुस्त मनःस्थिति), १०. जनसेवा प्रा.वि. व्यास (सुस्त मनःस्थिति) |
| स्याङ्गजा | १. श्री त्रि.आ. मा.वि.स्याङ्गजा (बहिरा तथा सुस्त श्रवण) २. श्री पन्चकन्या उ.मा.वि. अर्जुन चौपारी (बहिरा तथा सुस्त श्रवण), ३. भुम्रे नि.मा.वि. वालिङ्ग ( सुस्त मनःस्थिति) , ४. भानुभक्त उ.मा.वि. गल्याङ्ग (सुस्त मनःस्थिति), ५. जनता प्रा.वि. बिर्घा (सुस्त मनःस्थिति) ६. कालाभैरव मा.वि. खटकेटारी ( दृष्टिविहीन) |
| लम्जुङ्ग | १. भक्तिनमुना उ.मा.वि. भोटेओडार (बहिरा तथा सुस्त श्रवण), २. इसानेश्वर उ.मा.वि. भोर्लेटार (बहिरा तथा सुस्त श्रवण) ३. जनविकास उच्च मा.वि. वेसीसहर (दृष्टिविहीन) |
| गोरखा | १. मनकामना नि.मा.वि टक्सार (बहिरा तथा सुस्त श्रवण), २. जलकुमारी प्रा.वि. थुमी (दृष्टिविहीन), ३. सरस्वति मा.वि.आहाले (दृष्टिविहीन), ४. महेन्द्रज्योति मा.वि. दरवारमार्ग (सुस्त मनःस्थिति), ५. भवानी उ.मा.वि. ठाँटीपोखरी (सुस्त मनःस्थिति), ६. विन्ध्यवासीनी उ.मा.वि. नारेश्वर (सुस्त मनःस्थिति) ७. अमरज्योति उ.मा.वि. लुइँटेल (दृष्टिविहीन) |

| | |
|---|---|
| पर्वत | १. गोर्ल्याङ्गधाम नि.मा.वि. पर्वत (बहिरा तथा सुस्त श्रवण), २. शालिजा उ.मा.वि. ....??(दृष्टिविहीन), ३. सूर्योदया प्रा. वि. खुर्कोट-४ भट्टेखेत (सुस्त मनःस्थिति) |
| बाग्लुङ्ग | १. गलकोट उ.मा.वि. बाग्लुङ्ग (बहिरा तथा सुस्त श्रवण), २. जनता उ.मा.वि. नारायणस्थान (दृष्टिविहीन), ३. कालिका कन्या मन्दिर मा.वि. वाग्लुङ्ग (सुस्त मनःस्थिति) |
| मुस्ताङ्ग | १. जनकल्याण नि.मा.वि. स्याङ्ग (सुस्त मनःस्थिति), २. नीलगिरी प्रा.वि.चिवाङ (बहिरा तथा सुस्त श्रवण) |
| म्याग्दी | १. ज्ञानोदय मा.वि. राखु पिप्ले (दृष्टिविहीन), २. धौलागिरी मा.वि. सिंगा (बहिरा तथा सुस्त श्रवण) |
| नवलपरासी | १. शिव उ.मा.वि. शिव वस्ती (बहिरा तथा सुस्त श्रवण), २. जनज्योति नमुना कन्या मा.वि.प्रगतिनगर (बहिरा तथा सुस्त श्रवण), ३. भानुदय मा.वि.दुम्कीबास (बहिरा तथा सुस्त श्रवण), ४. त्रिभुवन उ.मा.वि. बेलाटारी (बहिरा तथा सुस्त श्रवण), ५. सिद्धार्थ मा.वि. कुस्मा (बहिरा तथा सुस्त श्रवण), ६. आदर्श उ.मा.वि. परासी (दृष्टिविहीन), ७. ने.रा. शमशेर आदर्श मा.वि. गैंडाकोट (सुस्त मनःस्थिति), ८. जनता मा.वि. कावासोती, मगरकोट (सुस्त मनःस्थिति), ९.सोमनाथ प्रा.वि. सोमनाथ (सुस्त मनःस्थिति), १०. जनता प्रा.वि. डन्डा, (बहिरा तथा सुस्त श्रवण) |
| कपिलवस्तु | १. जनता मा.वि. पिपरा बाँणगंगा (बहिरा तथा सुस्त श्रवण), २. रामगोरखा उ.मा.वि. बहादुरगंज (बहिरा तथा सुस्त श्रवण), ३. बुद्धपद्म मा.वि. तौलिहवा (बहिरा तथा सुस्त श्रवण), ४. सिद्धार्थ स्मारक उ. मा.वि. भलाइ (दृष्टिविहीन), ५. नि.मा.वि. ओदारी (दृष्टिविहीन), ६. नेपाल आदर्श उ.मा.वि. शिवपुर ( दृष्टिविहीन), ७. तौलेश्वरनाथ संस्कृत मा.वि. तौलिहवा (सुस्त मनःस्थिति), ८. जानकी उ. मा.वि. महाराजगञ्ज (सुस्त मनःस्थिति), ९.बाँणगंगा मा.वि. सिद्धिपुर (सुस्त मनःस्थिति) |
| रुपन्देही | १. बहिरा उ.मा.वि. भैरहवा (बहिरा तथा सुस्त श्रवण), २. केरवानी उ.मा.वि. रूपन्देही (बहिरा तथा सुस्त श्रवण), ३. शान्ति नमुना मा.वि. मणिग्राम ( दृष्टिविहीन), ४. वीरेन्द्र मा.वि. दयानगर (दृष्टिविहीन), ५. भगलापुर मा.वि. मानपकडी (सुस्त मनःस्थिति), ६. टिकुलीगढ उ.मा.वि. टिकुलीगढ (सुस्त मनःस्थिति), ७. सुस्थमनःस्थिति बाल विद्या मन्दिर, बुटवल (सुस्त मनःस्थिति) |
| गुल्मी | १. मा.वि. उपल्लो तम्घास (बहिरा तथा सुस्त श्रवण), २. जनज्योति मा.वि. रिमुवा (दृष्टिविहीन), ३. जनता उ.मा.वि. (बहिरा तथा सुस्त श्रवण), ४. उपल्लो तम्घास नि.मा.वि. (सुस्त मनःस्थिति) ५. भगवति मा.वि., बाङ्गला (बहिरा तथा सुस्त श्रवण), ६. ने.रा.प्रा.वि. इन्द्रगौंडा (सुस्त मनःस्थिति) |
| पाल्पा | १. भवानी मा.वि. कुसुमखोला (बहिरा तथा सुस्त श्रवण), २. दमकडा मा.वि. दमकडा पाल्पा (दृष्टिविहीन) ३. रामतुलसी मा.वि. रामपुर (सुस्त मनःस्थिति) |
| अर्घाखाँची | १. ने.रा.मा.वि. केरुङ्ग (बहिरा तथा सुस्त श्रवण), २. युवावर्ष जनता नि.मा.वि. (दृष्टिविहीन), ३. सरस्वति मा.वि. सितापुर (सुस्त मनःस्थिति) |
| दाङ्ग | १. बालविकास नि.मा.वि. घोराही (बहिरा तथा सुस्त श्रवण), २. हापुर मा.वि. निघुवार (बहिरा तथा सुस्त श्रवण) ३. सिद्ध पृथ्वि जनता उ.मा.वि.श्रीगाँउ ( बहिरा तथा सुस्त श्रवण) ४. सरस्वति प्रा .वि.गोबरडिहा विद्यानगर (बहिरा तथा सुस्त श्रवण), ५. बीपी कोइराला उ.मा.वि. बयाले (दृष्टिविहीन), ६. गोरक्षरत्न मा.वि. चौघेरा (दृष्टिविहीन), ७. आदर्श उ. मा.वि. लालमटिया (दृष्टिविहीन), ८. सर्वोदय मा.वि.सिसवनिया (सुस्त मनःस्थिति) ९.प्रा.वि. कर्जाही (सुस्त मनःस्थिति), १०. शुभप्रभात मा.वि., दाङ्ग (बहिरा तथा सुस्त श्रवण) |
| प्युठान | १. भुवनेश्वरी मा.वि. खैरा (बहिरा तथा सुस्त श्रवण) २. महेन्द्र उ.मा.वि. खलंगा (दृष्टिविहीन) ३. जनता उ.मा.वि. बाग्दुला (सुस्त मनःस्थिति) |
| सल्यान | १. त्रि.ज.मा.वि. भोटेचौर (बहिरा तथा सुस्त श्रवण) २. सरस्वती नि.मा.वि. (दृष्टिविहीन), ३. महेन्द्र आदर्श मा.वि. (सुस्त मनःस्थिति) |
| रोल्पा | १. बालकल्याण उ.मा.वि. लिवाङ (बहिरा तथा सुस्त श्रवण) २. कृष्ण प्रा.वि. धारापानी लिवाङ्ग (सुस्त मनःस्थिति) ३. भिमसेन मा.वि. सैवाङ (सुस्त मनःस्थिति) ४. तारा मा.वि लिवाङ्ग (दृष्टिविहीन) |
| रुकुम | १. सरस्वती नि.मा.वि. सल्ले खलङ्गा (बहिरा तथा सुस्त श्रवण) २. ने.रा. प्रा.वि. आठबीस डाँडागाउँ (बहिरा तथा सुस्त श्रवण) ३. प्रभात मा.वि. रुकुम ( बहिरा तथा सुस्त श्रवण) ४. कोट नि.मा.वि. रुमालबाडा (दृष्टिविहीन) ५. चन्दननाथ प्रा.वि. डाँग्रीचौर (सुस्त मनःस्थिति) ६. नि.मा.वि. छिप्रीदह शोभा |

| | |
|---|---|
| | रुकुम (सुस्त मनःस्थिति) |
| बाँके | १. नि.मा.वि. लग्दहवा , कारकादो (बहिरा तथा सुस्त श्रवण) २. ने.रा. आदर्श प्रा.वि. डीगाँउ (बहिरा तथा सुस्त श्रवण) ३. त्रि.मा.वि. कोहलपुर ( दृष्टिविहीन) ४. सरस्वती प्रा.वि. बाँकेगाँउ (सुस्त मनःस्थिति) |
| सुर्खेत | १. सिद्ध बहिरा बालकका स्कुल (स्रोत कक्षा) (बहिरा तथा सुस्त श्रवण) २. श्री जन ज्ञान भण्डार मा. वि. कोटखोला (बहिरा तथा सुस्त श्रवण) ३. जनज्योति मा.वि.बड्डीचौर (बहिरा तथा सुस्त श्रवण) ४. जीवनज्योति उ.मा.वि. गुटु (बहिरा तथा सुस्त श्रवण) ५. ने.रा.प्रा.वि. नयाँगाउँ (बहिरा तथा सुस्त श्रवण) ६. शिखर मा.वि. रामघाट (दृष्टिविहीन) ७. विद्याज्योति मा.वि. बाबियाचौर (सुस्त मनःस्थिति) ८. ने.रा.मा.वि.कुहिनेपानी (सुस्त मनःस्थिति) ९. जनसेवा मा.वि. धुस्रा लाटिकोइली (सुस्त मनःस्थिति) |
| बर्दिया | १. ने.रा.मा.वि.ढोडरी (बहिरा तथा सुस्त श्रवण) २. ने.रा.मा.वि. बाँसगढी (दृष्टिविहीन) ३. भवानी मा.वि. सेमरा (सुस्त मनःस्थिति) |
| दैलेख | १. रेडक्रस मा.वि. भुर्ती (दृष्टिविहीन), २. राष्ट्रिय नि.मा. वि. कीर्तिखम्ब (बहिरा तथा सुस्त श्रवण) |
| जाजरकोट | |
| जुम्ला | १. कर्णाली नि.मा.वि. अनामनगर (बहिरा तथा सुस्त श्रवण) २. ऋणमोक्ष मा. वि. डिल्लीचौर (सुस्त मनःस्थिति) ३. मालिका नि.मा. वि. आचार्यवाडा (सुस्त मनःस्थिति) ४. जनता मा.वि महतगाउँ (बहिरा तथा सुस्त श्रवण) ५. भैरव उ.मा.वि. नाराकोट (दृष्टिविहीन) |
| कालीकोट | १. नन्दादेवी मा.वि. कोटबाडा (बहिरा तथा सुस्त श्रवण) २. कालिका मा.वि. गोला (बहिरा तथा सुस्त श्रवण) ३. जनज्योति मा.वि. पाखा (सुस्त मनःस्थिति) ४. बडीमालिका मा.वि. रास्कोट (सुस्त मनःस्थिति), ५. सत्यदेवी मा.वि., जुविथा (दृष्टिविहीन) |
| डोल्पा | १. बालमन्दिर प्रा.वि. दुनै (बहिरा तथा सुस्त श्रवण) |
| मुगु | १. नेपाल राष्ट्रिय प्रा.वि. बालमन्दिर, चैन (दृष्टिविहीन) २. महाकाली उ.मा.वि गमगढी (बहिरा तथा सुस्त श्रवण) |
(ठ) प्रत्येक मुलुक र खासगरी विकासोन्मुख मुलुकहरूमा अपाङ्गता भएका व्यक्तिहरूको जीवनावस्थामा सुधार गर्न अन्तर्राष्ट्रिय सहयोगको महत्वलाई स्वीकार गर्दै ;

(ड) अपाङ्गता भएका व्यक्तिहरूले उनीहरूको समुदायको सर्वाङ्गीण हित र विविधतामा पुऱ्याएको वा पुऱ्याउन सक्ने अमूल्य योगदानलाई तथा अपाङ्गता भएका व्यक्तिहरूको सबै मानवअधिकार तथा आधारभूत स्वतन्त्रताहरूको पूर्ण उपभोगको प्रवर्द्धनले तथा अपाङ्गता भएका व्यक्तिहरूको पूर्ण सहभागिताले उनीहरूको स्वामित्वको अनुभूतिमा अभिवृद्धि तथा समाजको मानवीय, सामाजिक र आर्थिक विकास एवं गरिबी निवारणमा अर्थपूर्ण प्रगति ल्याउने कुरालाई मान्यता दिँदै;

(ढ) अपाङ्गता भएका व्यक्तिहरूले आफ्नो लागि आफैँले छनौट गर्न पाउने स्वतन्त्रतालगायत उनीहरूको व्यक्तिगत स्वायत्तता र स्वतन्त्रताको महत्वलाई स्वीकार गर्दै;

(ण) अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूको प्रत्येक्ष सरोकार हुनेलगायतका अन्य नीति र कार्यक्रमहरूको निर्णय गर्ने प्रक्रियामा सक्रिय रुपमा संलग्न हुन पाउने अवसर उपलब्ध हुनुपर्छ भन्ने कुरामा विचार गर्दै;

(त) जाति, रंग, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय, जातीय, आदिवासी वा सामाजिक उत्पति, सम्पत्ति, जन्म, उमेर वा अन्य हैसियतको आधारमा विविध वा गम्भीर प्रकारका भेदभावका भागीदार भएका अपाङ्गता भएका व्यक्तिहरूले सामना गर्नु परेको कठिन अवस्थाबारे चासो राख्दै;

(थ) अपाङ्गता भएका महिला वा बालिकाहरू प्रायः घरभित्र र बाहिर दुवै स्थानमा अक्सर हिंसा, चोट वा दुर्व्यवहार, तिरस्कार वा तिरस्कारजन्य व्यवहार, गलत व्यवहार वा शोषणको उच्च जोखिममा भएको स्वीकार गर्दै;

(द) अपाङ्गता भएका बालबालिकाले अन्य बालबालिकासरह समान आधारमा सबै मानव अधिकार तथा आधारभूत स्वतन्त्रताहरूको पूर्ण उपभोग गर्नु पाउनु पर्ने कुरा स्वीकार गर्दै तथा यस उद्देश्य प्राप्तिका लागि पक्ष राष्ट्रहरूले बालअधिकार सम्बन्धी महासन्धि अन्तर्गत वहन गर्न कबुल गरेका जिम्मेवारीहरूको स्मरण गर्दै ;

(ध) अपाङ्गता भएका व्यक्तिहरूको लागि सबै मानव अधिकार तथा आधारभूत स्वतन्त्रताहरूको पूर्ण उपभोग प्रवर्द्धन गर्ने सम्पूर्ण प्रयासहरूमा लैङ्गिक दृष्टिकोण समाहित गर्नुपर्ने आवश्यकतामा जोड दिँदै ;

(न) अपाङ्गता भएका बहुसंख्यक व्यक्तिहरू गरिबीको अवस्थामा जीवन यापन गरेको तथ्यलाई उजागर गर्दै तथा यस सम्बन्धमा अपाङ्गता भएका व्यक्तिहरूमा गरिबीले पारेको नकारात्मक प्रभाव सम्बोधन गर्नुपर्ने गम्भीर आवश्यकतालाई मान्यता दिँदै ;

(प) संयुक्त राष्ट्रसंघको बडापत्रमा उल्लिखित उद्देश्य तथा सिद्धान्तको पूर्ण सम्मानमा आधारित शान्ति र सुरक्षाका अवस्थाहरू तथा लागू हुने मानवअधिकार सम्बन्धी लिखतहरूको परिपालना अपाङ्गता भएका व्यक्तिहरू तथा खासगरी सशस्त्र द्वन्द्व र विदेशी कब्जामा रहेका व्यक्तिहरूको पूर्ण संरक्षणका लागि अपरिहार्य भएको कुरा दृष्टिगत गर्दै ;

(फ) अपाङ्गता भएका व्यक्तिहरूलाई सबै मानवअधिकार तथा आधारभूत स्वतन्त्रताहरूको उपभोग गर्नमा सक्षम तुल्याउन भौतिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण, स्वास्थ्य र शिक्षा एवं सूचना र सञ्चारमा पहुँचको महत्वलाई स्वीकार गर्दै ;

(ब) अन्य व्यक्ति तथा आफू रहेको समुदायप्रति कर्तव्य रहेको प्रत्येक व्यक्तिमा मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानुन (International Bill of Rights) मा व्यवस्था गरिएका अधिकारहरूको सम्बर्द्धन र पालनाको लागि प्रयत्नरत रहने जिम्मेवारी रहेको कुरालाई महसुस गर्दै ;

(भ) परिवार समाजको प्राकृतिक र आधारभूत समूहगत इकाइ हो तथा समाज र राज्यबाट संरक्षण प्राप्त गर्न हकदार छ एवं अपाङ्गता भएका व्यक्तिहरूको अधिकारहरूको पूर्ण र समान उपभोगका लागि योगदान दिन परिवारलाई सक्षम तुल्याउन अपाङ्गता भएका व्यक्तिहरू तथा उनीहरूको परिवारले आवश्यक संरक्षण र सहयोग प्राप्त गर्नुपर्छ भनी आश्वस्त हुदैं;

(म) अपाङ्गता भएका व्यक्तिहरूको अधिकार र मर्यादाको सम्वर्द्धन र संरक्षण गर्ने विस्तृत तथा एकीकृत अन्तर्राष्ट्रिय महासन्धिले अपाङ्गता भएका व्यक्तिहरूको गम्भीर सामाजिक असुविधालाई पुनः सम्बोधन गर्न तथा विकासोन्मुख र विकसित दुवै मुलुकहरूमा नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक क्षेत्रहरूमा समान अवसरहरूका साथै उनीहरूको सहभागितालाई सम्वर्द्धन गर्न महत्वपूर्ण योगदान दिनेछ भन्ने कुरामा विश्वस्त हुँदै;

देहायबमोजिम सहमत भएका छन् :-

**धारा १ : उद्देश्य**

प्रस्तुत महासन्धिको उद्देश्य अपाङ्गता भएका सबै व्यक्तिहरूबाट हुने सम्पूर्ण मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरूको पूर्ण र समान उपभोग सम्बर्द्धन, संरक्षण एवं सुनिश्चित गर्नु तथा उनीहरूको नैसर्गिक मर्यादाको सम्मान संवर्द्धन गर्नु हो ।

अपाङ्गता भएका व्यक्ति भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रीयसम्बन्धी दीर्घकालीन अशक्तताद्वारा सिर्जित विभिन्न अवरोधहरूसँगको अन्तरक्रियाका कारणले समाजमा अन्य व्यक्तिहरूसरह समान आधारमा पूर्ण र प्रभावकारी ढंगमा सहभागी हुन बाधा भएको व्यक्तिसमेतलाई जनाउँछ ।

**धारा २: परिभाषा**

प्रस्तुत महासन्धिको प्रयोजनका लागि :-

**"संचार"** भन्नाले भाषा, पाठको प्रस्तुति, ब्रेल, स्पर्श सञ्चार, ठूलो छापा, पहुँचयोग्य बहुमाध्यमलगायत पहुँचयोग्य सूचना र सञ्चार प्रविधिको साथै लेख्य, श्रव्य, सामान्य भाषा, मानववाचक, तथा सञ्चारका प्रवर्द्धनात्मक र वैकल्पिक माध्यम, तरिका, साधन र ढाँचासमेतलाई जनाउँछ ।

**" भाषा"** भन्नाले बोली र सांकेतिक भाषा तथा अन्य प्रकारका ध्वनिरहित भाषासमेतलाई जनाउँछ ।

**"अपाङ्गताको आधारमा हुने विभेद"** भन्नाले अन्य व्यक्तिहरूसरह समान आधारमा राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक वा अन्य क्षेत्रहरूमा सम्पूर्ण मानवअधिकार तथा आधारभूत स्वतन्त्रताहरूको स्वीकार्यता, उपभोग वा प्रयोगमा व्यवधान पार्ने वा शून्यीकरण गर्ने उद्देश्यले वा त्यस्तो प्रभाव भएको अपाङ्गताको आधारमा हुने कुनै पनि भेदभाव, उपेक्षा वा प्रतिबन्ध सम्झनुपर्छ । सो शब्दले उपयुक्त अनुकूलताको अस्वीकारलगायतका सबै प्रकारका विभेदहरूसमेतलाई जनाउँछ ।

**"उपयुक्त अनुकूलता"** भन्नाले अपाङ्गता भएका व्यक्तिहरूलाई अन्य व्यक्तिहरूसरह समान आधारमा सम्पूर्ण मानवअधिकार तथा आधारभूत स्वतन्त्रताहरूको उपभोग वा प्रयोगको सुनिश्चितता कुनै निश्चित अवस्थामा आवश्यक भएकोमा, कुनै पनि असमानुपातिक वा अनुचित भार नपारी प्रदान गरिएको आवश्यक र उपयुक्त सुधार वा अनुकूलता सम्झनुपर्छ ।

**"सर्वमान्य संरचना"** भन्नाले उच्चतम सम्भव हदसम्म, विशिष्टीकृत संरचना वा ग्रहणशीलताबिना सबै मानिसहरूले प्रयोग गर्न सक्ने उत्पादन, वातावरण, कार्यक्रम र सेवाहरूको संरचना सम्झनुपर्छ । "सर्वमान्य संरचना" ले अपाङ्गता भएका व्यक्तिहरूको निश्चित वर्गको लागि आवश्यक भएको बखत प्रयोग गरिने सहायक उपकरणलाई अलग गर्नेछैन ।

**धारा ३: सामान्य सिद्धान्तहरू**

प्रस्तुत महासन्धिका सिद्धान्तहरू देहायबमोजिम हुनेछन् :-

(क) नैसर्गिक मर्यादाको सम्मान, आफ्नो लागि आफैं छनौट गर्न पाउने स्वतन्त्रतालगायतका वैयक्तिक स्वायत्तता तथा व्यक्तिको स्वतन्त्रताको सम्मान;

(ख) गैरभेदभाव;

(ग) समाजमा पूर्ण र प्रभावकारी सहभागिता तथा समावेशीकरण;

(घ) मानव विविधता एवं मानवीयताको अंगकारूपमा अपाङ्गता भएका व्यक्तिको भिन्नताको स्वीकार्यता;

(ङ) अवसरहरूमा समानता

(च) पहुँचयोग्यता;

(छ) पुरुष र महिलाबीच समानता;

ज) अपाङ्गता भएका बालबालिकाको विकासोन्मुख क्षमताको सम्मान तथा अपाङ्गता भएका बालबालिकाको आफ्नो पहिचानको संरक्षण गर्न पाउने अधिकारको सम्मान ।

**धारा ४: सामान्य दायित्वहरू**

१. पक्ष राष्ट्रहरू अपाङ्गताको आधारमा हुने कुनै पनि प्रकारको भेदभाव नगरी अपाङ्गता भएका सबै व्यक्तिहरूलाई सबै मानवअधिकार तथा आधारभूत स्वतन्त्रताहरूको पूर्ण उपभोग सुनिश्चित र प्रवर्द्धन गर्ने कबुल गर्दछन् । यस उद्देश्य प्राप्तिका लागि पक्ष राष्ट्रहरूले देहायबमोजिमका कार्यहरू गर्ने कबुल गर्दछन् :

(क) प्रस्तुत महासन्धिमा स्वीकार गरिएका अधिकारहरूको कार्यान्वयनको लागि सम्पूर्ण उपयुक्त व्यवस्थापकीय, प्रशासनिक तथा अन्य उपायहरू ग्रहण गर्ने;

(ख) अपाङ्गता भएका व्यक्तिहरूविरुद्ध भेदभाव सिर्जना गर्ने विद्यमान कानुन, नियम, प्रथा तथा प्रचलनलाई संशोधन वा उन्मूलन गर्न कानुन बनाउनेलगायतका सबै उपयुक्त उपायहरू अवलम्बन गर्ने;

(ग) अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकारको संरक्षण तथा प्रवर्द्धन गर्न सबै नीति तथा कार्यक्रमहरूलाई ध्यान दिने;

(घ) यस महासन्धिसँग बाझिने कुनै पनि कार्य वा प्रचलनमा संलग्न नहुने तथा सार्वजनिक निकाय तथा संस्थाहरूले प्रस्तुत महासन्धिअनुरुप कार्य गरेको सुनिश्चित गर्ने;

(ङ) कुनै पनि व्यक्ति, संस्था वा निजी उद्यमबाट अपाङ्गताको आधारमा हुने विभेद अन्त्य गर्न सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्ने ;

(च) अपाङ्गता भएका व्यक्तिहरूको खास आवश्यकता परिपूर्ति गर्न न्यूनतम संभावित ग्रहणशीलता भएका र न्यूनतम खर्च लाग्ने गरी यस महासन्धिको धारा २ मा परिभाषित विश्वव्यापी रुपमा डिजाइन गरिएको वस्तु, सेवा, उपकरण र सुविधाहरूको अनुसन्धान तथा विकास गर्ने वा सोको लागि प्रोत्साहित गर्ने, त्यस्ता वस्तु, सेवा, उपकरण र सुविधाहरूको उपलब्धता र प्रयोग प्रवर्द्धन गर्ने र मापदण्ड तथा मार्ग निर्देशिकाहरूको विकास गर्न विश्वव्यापी रुपमा डिजाइन प्रवर्द्धन गर्ने ;

(छ) धान्न सक्ने मूल्यका प्रविधिहरूलाई प्राथमिकता दिँदै अपाङ्गता भएका व्यक्तिहरूलाई सुहाउँदो सूचना र संचार प्रविधि, गमनशील सहायक सामग्री, उपकरण, सहयोगात्मक प्रविधिहरूलगायत अन्य नयाँ प्रविधिहरूको अनुसन्धान, विकास गर्ने वा सोका लागि प्रोत्साहित गर्ने तथा त्यस्ता प्रविधिहरूको उपलब्धता र प्रयोगको प्रवर्द्धन गर्ने;

ज) अपाङ्गता भएका व्यक्तिहरूलाई नयाँ प्रविधिका साथै अन्य प्रकारको सहयोग, आधार सेवा र सुविधालगायतका अन्य गमनशील सहायक सामग्री, उपकरण तथा सहयोगात्मक प्रविधिहरूबारे पहुँचयोग्य जानकारी उपलब्ध गराउने;

झ) प्रस्तुत महासन्धिमा प्रत्याभूत गरिएका सहयोग र सुविधाहरू अझ राम्ररी उपलब्ध गराउन अपाङ्गता भएका व्यक्तिहरूसँग काम गर्ने पेसाकर्मी तथा कर्मचारीलाई तालिम, प्रशिक्षण प्रवर्द्धन गर्ने ।

२. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको सम्बन्धमा प्रत्येक पक्ष राष्ट्रले अन्तर्राष्ट्रिय सहयोगको संरचनाभित्र अन्तर्राष्ट्रिय कानुनबमोजिम प्रस्तुत महासन्धिमा उल्लिखित तत्काल लागू हुने जिम्मेवारीहरूमा प्रतिकूल प्रभाव नपार्ने गरी आफूसँग उपलब्ध स्रोतहरूको अधिकतम हदसम्म र आवश्यकताअनुसार त्यस्ता अधिकारहरूको प्रगतिशील ढंगले पूर्ण प्राप्ति गर्ने उद्देश्यले उपायहरू अवलम्बन गर्ने कबुल गर्दछ ।

३. पक्ष राष्ट्रहरूले प्रस्तुत महासन्धि कार्यान्वयन गर्ने कानुन तथा नीतिहरूको निर्माण र कार्यान्वयनमा तथा अपाङ्गता भएका व्यक्तिहरूसंग सम्बन्धित विषयहरूसग सम्बन्धित अन्य निर्णय गर्ने प्रक्रियाहरूमा अपाङ्गता भएका बालबालिका लगायत अपाङ्गता भएका व्यक्तिहरूसंग उनीहरूका प्रतिनिधी संस्थाहरूमार्फत निकट रुपमा परामर्श गर्ने तथा निजहरूलाई सक्रिय रुपमा संलग्न गराउनेछन् ।

४. कुनै पक्ष राष्ट्रको कानुन वा त्यस्तो राष्ट्रलाई लागू हुने अन्तर्राष्ट्रिय कानुनमा अपाङ्गता भएका व्यक्तिहरूका अधिकारको प्राप्तिका लागि थप अनुकूल व्यवस्थाहरू गरिएका भए प्रस्तुत महासन्धिमा लेखिएको कुनै पनि कुराले त्यस्ता व्यवस्थाहरूलाई प्रभाव पार्ने छैन । कानुन, परम्परा, नियम वा प्रथाबमोजिम कुनै पक्ष राष्ट्रहरूको इलाकामा स्वीकार गरिएका वा विद्यामान रहेका मानवअधिकार र आधारभूत स्वतन्त्रताहरू उपर प्रस्तुत महासंधीले त्यस्ता अधिकार वा स्वतन्त्रताहरू स्वीकार नगरेको वा कम हदमा स्वीकार गरेको बहानामा कुनै पनि प्रतिबन्ध लगाईने वा त्यस्तो अधिकार र स्वतन्त्रताहरूलाई न्यूनीकरण गरिनेछैन ।

५. प्रस्तुत महासन्धिका व्यवस्थाहरू कुनै सीमा वा अपवाद विना संघिय राज्यका सबै भागहरूमा लागू हुनेछ ।

**धारा ५:समानता र गैर भेदभाव**

१. पक्ष राष्ट्रहरू कानुनको अगाडि तथा अन्तर्गत सबै व्यक्तिहरू समान भएको तथा कुनै पनि भेदभाव विना कानुनको समान संरक्षण र समान सुविधाको हकदार भएको स्वीकार गर्छन् ।

२. पक्ष राष्ट्रहरूले अपाङ्गताको आधारमा हुने सबै भेदभावहरू निषेध गर्नेछन् तथा अपाङ्गता भएका व्यक्तिहरूलाई कुनै पनि आधारमा हुने भेदभाव विरुद्ध समान तथा प्रभावकारी कानुनी संरक्षण प्रत्याभूत गर्नेछन् ।

३. समानता प्रवर्द्धन तथा भेदभाव उन्मूलन गर्नका लागि पक्ष राष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरूलाई उचित अनुकूलता प्रदान गरिएको सुनिश्चित गर्न सम्पूर्ण उपयुक्त कदमहरू चाल्नेछन् ।

४. प्रस्तुत महासन्धिका शर्तहरू अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरूको वास्तविक समानताको गति बढाउन वा प्राप्त गर्न आवश्यक पर्ने विशेष उपायहरूलाई भेदभाव मानिने छैन ।

**धारा ६:अपाङ्गता भएका महिला**

१. पक्ष राष्ट्रहरू अपाङ्गता भएका महिला तथा बालिकाहरू विविध भेदभावको भागीदार भएको छन् भनी स्वीकार गर्छन तथा यस सम्बन्धमा उनीहरूले सबै मानवअधिकार तथा आधारभूत स्वतन्त्रताहरूको पूर्ण र समान उपभोग गरेको सुनिश्चित गर्न उपायहरू अवलम्बन गर्नेछन् ।

२. महिलाहरूको लागि प्रस्तुत महासन्धिमा व्यवस्था गरिएका मानव अधिकार तथा आधारभूत स्वतन्त्रताहरूको अभ्यास तथा उपभोगको प्रत्याभूति गर्ने उद्देश्यले उनीहरूको पूर्ण विकास, प्रगति तथा सशक्तिकरण सुनिश्चित गर्न पक्ष राष्ट्रहरूले सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् ।

**धारा ७ :अपाङ्गता भएका बालबालिका**

१. पक्ष राष्ट्रहरूले अन्य बालबालिका सरह समान आधारमा अपाङ्गता भएका बालबालिकाले सबै मानव अधिकार तथा आधारभूत स्वतन्त्रताहरूको पूर्ण उपभोग गरेको सुनिश्चित गर्न सम्पूर्ण आवश्यक उपायहरू अवलम्बन गर्नेछन् ।

२. अपाङ्गता भएका बालबालिकासंग सम्बन्धित सबै काम कारबाहीहरूमा बालबालिकाको सर्वोत्तम हित नै प्राथमिक विषय हुनेछ ।

३. पक्ष राष्ट्रहरूले अन्य बालबालिका सरह समान आधारमा अपाङ्गता भएका बालबालिकाले उनीहरूलाई प्रभाव पार्ने सबै विषयहरूमा आफ्नो धारणा व्यक्ति गर्ने अधिकार तथा उमेर र परिपक्वता अनुसार उनीहरूको धारणालाई उचित सम्मान दिईने तथा त्यस्ता अधिकारको उपयोगका लागि अपाङ्गता तथा उमेर अनुसार उपयुक्त हुने सहयोगहरू प्रदान गर्ने कुरा सुनिश्चित गर्नेछन् ।

**धारा ८:सचेतना अभिवृद्धि**

१. पक्ष राष्ट्रहरूले देहायका कार्यहरू गर्न तात्कालिक, प्रभावकारी तथा उपयुक्त उपायहरू अवलम्बन गर्न कबूल गर्दछन् :

(क) पारिवारिक तह लगायत सम्पूर्ण समाजमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धमा तथा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार तथा स्वाभिमानको सम्मान अभिबृद्धि गर्न सचेतना अभिबृद्धि गर्ने;

(ख) लिङ्ग र उमेरमा आधारित लगायत जीवनका सबै पक्षहरूमा अपाङ्गता भएका व्यक्तिहरूसंग सम्बन्धित पुरातन, पूर्वाग्रही तथा हानिकारक प्रचलनहरू विरुद्ध जुध्ने;

(ग) अपाङ्ग भएका व्यक्तिहरूको सामर्थ्य तथा योगदानहरूबारे सचेतना अभिबृद्धि गर्ने ।

२. यस उद्देश्य प्राप्तिका लागि देहायका उपायहरूसमेत पर्दछन् :

क) देहायका कुराहरूका लागि, डिजाइन गरिएका प्रभावकारी सार्वजनिक सचेतना अभियानहरूको थालनी गरी कायम राख्ने :

(अ) अपाङ्गता भएका व्यक्तिहरूको अधिकारप्रतिको ग्रहणशीलता संवर्द्धन गर्ने;

(आ) अपाङ्गता भएका व्यक्तिहरू प्रति सकारात्मक धारणा तथा उच्चतर सामाजिक सचेतना अभिबृद्धि गर्ने;

(इ) अपाङ्गता भएका व्यक्तिहरूको सीप, गुण र क्षमताको स्वीकार्यता तथा कार्यस्थल र श्रम बजारमा उनीहरूको योगदान प्रवर्द्धन गर्ने ;

ख) सानो उमेरदेखिका सम्पूर्ण बालबालिकामा लगायत शिक्षा प्रणालीका सम्पूर्ण तहहरूमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार प्रति सम्मानको धारणा अभिबृद्धि गर्ने; ग) प्रस्तुत महासन्धिको उद्देश्य अनुकूल हुने गरी अपाङ्गता भएका व्यक्तिहरूलाई प्रस्तुत गर्न सञ्चारका सबे अंगहरूलाइृ प्रोत्साहित गर्ने;

घ) अपाङ्गता भएका व्यक्तिहरू र अपाङ्गता भएका व्यक्तिहरूको अधिकारहरूका बारेमा चेतनामूलक प्रशिक्षण कार्यक्रमहरूलाई प्रोत्साहित गर्ने ।

**धारा ९:पहुँचयुक्तता**

१. अपाङ्गता भएका व्यक्तिहरूलाई स्वनिर्भरता पूर्वक जीवन यापन गर्न तथा जीवनका हरेक पक्षमा पूर्ण रुपमा सहभागी हुन सक्षम बनाउन पक्ष राष्ट्रहरूले अन्य व्यक्ति सरह समान आधारमा अपाङ्गता भएका व्यक्तिहरूलाई शहरी र ग्रामीण दुबै क्षेत्रहरूमा भौतिक वातावरण, यातायात, सूचना तथा सञ्चार प्रविधि र प्रणालीहरू लगायत सूचना र सञ्चार तथा सर्वसाधारणलाई खुला भएका वा प्रदान गरिका अन्य सुविधा तथा सेवाहरूमा पहुँच सुनिश्चित गर्न उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् । त्यस्ता उपायहरू, जसमा पहुँचयुक्ततामा रहेका व्यवधान र अवरोधहरूको पहिचान तथा अन्त्य समेत समाबेश हुन्छन् , अन्य कुराका अतिरिक्त देहायका कुराहरूको हकमा अवलम्बन गरिनेछन् :

क) विद्यालय, आवास, चिकित्सकीय सुविधा र कार्यस्थल लगायत भवन, सडक, यातायात तथा अन्य आन्तरिक र बाह्य सुविधाहरू;

ख) विद्युतिय सेवा तथा संकटकालिन सेवाहरू लगायत सूचना, संचार तथा अन्य सुविधाहरू ।

२. पक्ष राष्ट्रहरूले देहायका कार्यहरू गर्नको लागि समेत उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् :

(क) सर्वसाधारणलाइृ खुला भएको वा प्रदान गरिएको सुविधा र सेवाहरूमा पहुँचको लागि न्यूनतम मापदण्ड र निर्देशिकाहरू निर्माण गर्ने, जारी गर्ने तथा सोको कार्यान्वयनको अनुगमन गर्ने ;

(ख) सर्वसाधारणलाई खुला भएका वा प्रदान गरिएका सुविधा र सेवाहरू प्रदान गर्ने निजी क्षेत्रका निकायले अपाङ्गता भएका व्यक्तिहरूको पहुँचको हरेक पक्षमा ध्यान दिएको सुनिश्चित गर्ने ;

(ग) अपाङ्गता भएका व्यक्तिहरूले सामना गर्नु परेको पहुँचका सबालहरूमा सरोकारवाला पक्षहरूलाई प्रशिक्षण प्रदान गर्ने;

(घ) सर्वसाधारणलाई खुला भएको भवनभित्रका तथा अन्य सुविधाहरूमा ब्रेल तथा पढ्न र बुझ्न सरल हुने ढंगमा सांकेतिक सूचना प्रदान गर्ने ;

(ङ) भवन र सर्वसाधारणलाई खुला भएका अन्य सुविधाहरूको पहुँचमा सहजता प्रदान गर्न पथ प्रदर्शक, वाचक तथा व्यावसायिक सांकेतिक भाषा अनुवादकलगायत प्रत्यक्ष सहयोग तथा सहयोगीहरू उपलब्ध गराउने;

च) अपाङ्गता भएका व्यक्तिहरूको सूचनामा पहुँच सुनिश्चित गर्न अन्य उपयुक्त किसिमका सहायता र सहयोगको प्रवर्द्धन गर्ने;

छ) इन्टरनेटलगायत नयाँ सूचना र सञ्चार प्रविधि तथा प्रणालीहरूमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच प्रवर्द्धन गर्ने;

ज) पहुँच योग्य सूचना र सञ्चारका प्रविधि तथा प्रणालीहरू न्यूनतम मूल्यमा उपलब्ध गराउन तिनको डिजाइन, विकास, उत्पादन तथा वितरणलाई सुरुदेखि नै संवर्द्धन गर्ने ।

**धारा १०: जीवनको अधिकार**

प्रत्येक मानवलाई जीवनको नैसर्गिक अधिकार भएको कुरा पक्ष राष्ट्रहरूले पुनः पुष्टि गर्दछन् तथा अन्य व्यक्तिहरूसरह समान आधारमा अपाङ्गता भएका व्यक्तिहरूका लागि यस अधिकारको प्रभावकारी उपभोग सुनिश्चित गर्न सम्पूर्ण आवश्यक उपायहरू अवलम्बन गर्नेछन् ।

**धारा ११: जोखिमका अवस्थाहरू तथा मानवीय संकटहरू**

पक्ष राष्ट्रहरूले अन्तर्राष्ट्रिय मानवीय कानुन तथा अन्तर्राष्ट्रिय मानवअधिकार कानुनलगायत अन्तर्राष्ट्रिय कानुनहरूअन्तर्गतका जिम्मेवारीहरूअनुसार सशस्त्र द्वन्द्व, मानवीय संकट तथा प्राकृतिक प्रकोप परेका अवस्थालगायत जोखिमका अन्य अवस्थाहरूमा अपाङ्गता भएका व्यक्तिहरूको संरक्षण र सुरक्षा सुनिश्चित गर्न सम्पूर्ण आवश्यक उपायहरू अवलम्बन गर्नेछन् ।

**धारा १२ :कानुनको अगाडि समान मान्यता**

१. पक्ष राष्ट्रहरू अपाङ्गता भएका व्यक्तिहरूलाई कानुनको अगाडि व्यक्तिका रुपमा सर्वत्र मान्यता पाउने अधिकार भएको पुनः पुष्टि गर्छन् ।

२. अन्य व्यक्तिहरूसरह समान आधारमा जीवनका सबै पक्षहरूमा अपाङ्गता भएका व्यक्तिहरूले कानुनी क्षमता उपभोग गर्छन् भनी पक्ष राष्ट्रहरूले स्वीकार गर्नेछन् ।

३. अपाङ्गता भएका व्यक्तिहरूले आफ्नो कानुनी क्षमता प्रयोग गर्न आवश्यक पर्ने सहयोगमा पहुँच प्रदान गर्न पक्ष राष्ट्रहरूले उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् ।

४. पक्ष राष्ट्रहरूले कानुनी क्षमताको प्रयोगसँग सम्बन्धित सम्पूर्ण उपायहरू अन्तर्राष्ट्रिय मानव अधिकार कानुनबमोजिम उल्लघन रोक्न उपयुक्त र प्रभावकारी सुरक्षाहरू भएको सुनिश्चित गर्नेछन् । त्यस्ता सुरक्षाहरूले कानुनी क्षमताको प्रयोगसँग सम्बन्धित सम्पूर्ण उपायहरूले व्यक्तिहरूको अधिकार इच्छा र चाहनाहरूको सम्मान गर्ने, स्वार्थहरूको द्वन्द्व र अनुचित प्रभावबाट मुक्त भएको, समानुपातिक तथा व्यक्तिको अवस्थाहरूअनुरुप भएको, सम्भव भएसम्म कम समयका लागि प्रयोग हुने तथा सक्षम, स्वतन्त्र र निष्पक्ष अधिकारी वा न्यायिक निकायबाट पुनरावलोकनका भागीदार भएको सुनिश्चित गर्नेछन् । त्यस्ता सुरक्षाहरू व्यक्तिको अधिकार तथा स्वार्थहरूलाई प्रभाव पारेको उपायहरूको मात्राअनुसार समानुपातिक हुनेछन् ।

५. यस धाराको अधिनमा रही पक्ष राष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरूलाई सम्पति स्वामित्वमा लिने, अपुताली पाउने, आफ्नो आर्थिक कारोबारहरू आफैँले नियन्त्रण गर्ने र बैंक ऋण, धितो बन्धक तथा अन्य प्रकारका वित्तीय ऋणमा समान पहुँच सुनिश्चित गर्न सम्पूर्ण उपयुक्त र प्रभावकारी उपायहरू अवलम्बन गर्ने तथा अपाङ्गता भएका व्यक्तिहरू आफ्नो सम्पत्तिबाट स्वेच्छाचारी ढंगमा वञ्चित नगरिने सुनिश्चित गर्नेछन् ।

**धारा १३ : न्यायमा पहुँच**

१. साक्षीलगायत प्रत्यक्ष वा अप्रत्यक्ष सहभागीको रुपमा अनुसन्धानात्मक तथा अन्य प्रारम्भिक चरणहरूमा अपाङ्गता भएका व्यक्तिहरूको प्रभावकारी भूमिकामा सहजता प्रदान गर्ने उद्देश्यले पक्ष राष्ट्रहरूले कार्यविधिगत तथा उमेरअनुसारका अनुकुलताहरूको माध्यमबाटसमेत अन्य व्यक्तिहरू सरह समान आधारमा अपाङ्गता भएका व्यक्तिहरूलाई न्यायमा प्रभावकारी पहुँच सुनिश्चित गर्नेछन् ।

२. अपाङ्गता भएका व्यक्तिहरूको न्यायमा प्रभावकारी पहुँच सुनिश्चित गर्न सघाउने उद्देश्यले पक्ष राष्ट्रहरूले प्रहरी, कारागारका कर्मचारीलगायत न्याय प्रशासनको क्षेत्रमा काम गर्ने व्यक्तिहरूका लागि उपयुक्त प्रशिक्षण प्रवर्द्धन गर्नेछन् ।

**धारा १४ : व्यक्तिको स्वतन्त्रता तथा सुरक्षा**

१. अन्य व्यक्तिहरूसरह समान आधारमा,

(क) अपाङ्गता भएका व्यक्तिहरूले व्यक्तिको स्वतन्त्रता र सुरक्षाको अधिकार उपभोग गरेको;

(ख) गैरकानुनी वा स्वेच्छाचारी ढंगमा अपाङ्गता भएका व्यक्तिहरू स्वतन्त्रताबाट वञ्चित नगरिएका र स्वतन्त्रता वञ्चित गर्ने कुनै पनि कार्य कानुनअनुरुप भएको तथा अपाङ्गताको विद्यमानताले कुनै पनि अवस्थामा स्वतन्त्रता वञ्चित गर्ने कार्यलाई न्यायोचित नठहराउने कुरा पक्ष राष्ट्रहरूले सुनिश्चित गर्नेछन् ।

२) पक्ष राष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरू कुनै पनि प्रक्रियाद्वारा आफ्नो स्वतन्त्रताबाट वञ्चित भएमा उनीहरू अन्य व्यक्तिहरूसरह समान आधारमा अन्तर्राष्ट्रिय मानवअधिकार कानुनबमोजिमका प्रत्याभूतिहरूका हकदार भएको तथा उनीहरूलाई यस महासन्धिका उपयुक्त अनुकूलताका व्यवस्थाहरूलगायत उद्देश्य तथा सिद्धान्तहरूको परिपालना हुनेगरी व्यवहार गरिएको सुनिश्चित गर्नेछन् ।

**धारा १५ : यातना वा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायबाट स्वतन्त्रता**

१. कुनै पनि व्यक्तिलाई यातना दिइने वा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय गरिनेछैन । खासगरी कसैलाई पनि निजको स्वतन्त्र सहमतिबिना चिकित्सकीय वा वैज्ञानिक प्रयोग भोग्न लगाइने छैन ।

२. अन्य व्यक्तिहरू सरह समान आधारमा अपाङ्गता भएका व्यक्तिहरूलाई यातना वा क्रूर, अपमानजनक व्यवहार वा सजायको भागीदार हुनबाट रोक्न पक्ष राष्ट्रहरूले सम्पूर्ण प्रभावकारी व्यवस्थापकीय, प्रशासनिक, न्यायिक वा अन्य उपायहरू अवलम्बन गर्नेछन् ।

**धारा १६ : शोषण, हिंसा र दुर्व्यवहारबाट स्वतन्त्रता**

१. अपाङ्गता भएका व्यक्तिहरूलाई घरभित्र र बाहिर दुवै ठाउँमा लैंगिक पक्षहरूमा आधारितलगायत सबै प्रकारका शोषण, हिंसा तथा दुर्व्यवहारबाट संरक्षण गर्न पक्ष राष्ट्रहरूले उपयुक्त व्यवस्थापकीय प्रशासनिक, सामाजिक, शैक्षिक तथा अन्य सम्पूर्ण उपायहरू अवलम्बन गर्नेछन् ।

२. पक्ष राष्ट्रहरूले शोषण, हिंसा र दुरुपयोगका घटनाह रोक्ने, पहिचान गर्ने र सोको प्रतिवेदन दिने कुराको सूचना र शिक्षाको व्यवस्थामार्फत लगायत, अन्य कुराको अतिरिक्त, अपाङ्गता भएका व्यक्ति, तिनीहरूको परिवार र परिचारकका लागि उपयुक्त लिङ्ग र उमेर संवेदनशील सहयोग सुनिश्चित गरेर सबै प्रकारका शोषण, हिंसा तथा दुरुपयोग रोक्नसमेत सबै उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् । पक्ष राष्ट्रहरूले संरक्षण सेवाहरू उमेर, लिङ्ग र अपाङ्गता संवेदनशील भएको पक्ष राष्ट्रहरूले सुनिश्चित गर्नेछन् ।

३. सम्पूर्ण प्रकारका शोषण, हिंसा तथा दुर्व्यवहारका घटना रोक्नका लागि पक्ष राष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरूको सेवाका लागि तयार गरिएको सम्पूर्ण सुविधा तथा कार्यक्रमहरू स्वतन्त्र निकायहरूबाट प्रभावकारी ढंगमा अनुगमन गरिएको सुनिश्चित गर्नेछन् ।

४. कुनै पनि प्रकारको शोषण, हिंसा वा दुर्व्यवहारको सिकार भएका अपाङ्गता भएका व्यक्तिहरूको शारीरिक, मानसिक र मनोवैज्ञानिक पुनर्प्राप्ति, पुनर्स्थापन तथा सामाजिक पुनः एकीकरणको प्रवर्द्धन गर्न पक्ष राष्ट्रहरूले संरक्षण सेवाहरूको व्यवस्था लगायत अन्य सम्पूर्ण आवश्यक उपायहरू अवलम्बन गर्नेछन् । स्वास्थ्य, कल्याण, आत्मसम्मान, स्वाभिमान र स्वायत्तता अभिबृद्धि गर्ने तथा लिङ्ग र उमेरको उचित आवश्यकताहरूलाई ध्यान दिने वातावरणमा यस्तो पुनर्प्राप्ति र पुनःएकीकरण सञ्चालन हुनेछ ।

५. अपाङ्गता भएका व्यक्तिहरूविरुद्ध हुने शोषण, हिंसा र दुर्व्यवहारका घटनाहरूको पहिचान, अनुसन्धान तथा उपयुक्त भएकोमा अभियोजन गरिएको सुनिश्चित गर्न पक्ष राष्ट्रहरूले महिला र बालबालिका केन्द्रित कानुन तथा नीतिहरूलगायत अन्य प्रभावकारी कानुन तथा नीति निर्माण गर्नेछन् ।

**धारा १७ : व्यक्तिको अखण्डताको संरक्षण गर्ने**

अन्य व्यक्तिहरू सरह समान आधारमा अपाङ्गता भएको प्रत्येक व्यक्तिलाई निजको शारीरिक र मानसिक अखण्डताको लागि सम्मानको अधिकार छ ।

**धारा १८ः आवतजावत र राष्ट्रियतासम्बन्धी स्वतन्त्रता**

१. पक्ष राष्ट्रहरूले देहाय बमोजिमका कुराहरूसमेत सुनिश्चित गरी अपाङ्गता भएका व्यक्तिहरूलाई अन्य व्यक्तिहरू सरह आवतजावत गर्ने स्वतन्त्रता, आफ्नो वासस्थान र राष्ट्रियता रोज्न पाउने स्वतन्त्रताको अधिकार स्वीकार गर्नेछन् :

(क) राष्ट्रियता प्राप्त र परिवर्तन गर्ने अधिकार भएको तथा स्वेच्छाचारी ढंगमा वा अपाङ्गताको आधारमा आफ्नो राष्ट्रियताबाट वञ्चित नगरिएको;

(ख) अपाङ्गताको आधारमा आफ्नो राष्ट्रियताको वा अन्य परिचयका कागजातहरू प्राप्त गर्ने, राख्ने वा उपयोग गर्ने क्षमताबाट वा आवतजावतको स्वतन्त्रताको प्रयोगमा सहजता प्रदान गर्न अवश्यक पर्ने अध्यागमन कारबाहीजस्ता सम्बन्धित प्रक्रियाहरूको उपयोग गर्नबाट वञ्चित नगरिएको;

(ग) आफ्नो देशलगायत कुनै पनि देश छोड्न स्वतन्त्र रहेको;

(घ) स्वेच्छाचारी ढंगमा वा अपाङ्गताको आधारमा आफ्नो देशमा प्रवेश गर्न पाउने अधिकारबाट वञ्चित नगरिएको ।

२. जन्म भएलगत्तै अपाङ्गता भएका बालबालिकाको दर्ता गरिनेछ र निजहरूलाई जन्मनासाथ नाम पाउने अधिकार, राष्ट्रियता प्राप्त गर्ने अधिकार तथा सम्भव भएसम्म आफ्नो बुवाआमा पहिचान गर्ने र निजहरूबाट स्याहार, सुसार पाउने अधिकार हुनेछ ।

**धारा १९ : स्वतन्त्रतापूर्वक बस्न पाउने तथा समुदायमा समावेश गरिने**

यस महासन्धिका पक्ष राष्ट्रहरूले अन्य व्यक्तिहरू सरहको छनौटसहितको अपाङ्गता भएका व्यक्तिहरूलाई समुदायमा बस्न पाउने समान अधिकार भएको स्वीकार गर्छन् तथा देहाय बमोजिमका कुराहरूसमेत सुनिश्चित गरी अपाङ्गता भएका व्यक्तिहरूलाई यस अधिकारको पूर्ण उपभोग गर्न तथा निजहरूको समुदायमा पूर्ण समावेश र सहभागितामा सहजता प्रदान गर्न प्रभावकारी उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् :

(क) अपाङ्गता भएका व्यक्तिहरूलाई अन्य व्यक्तिहरू सरह समान आधारमा आफ्नो बासस्थान र कहाँ र कस्को साथमा बस्ने भनी छनौट गर्ने अवसर हुन्छ र कुनै खास तोकिएको बसोवास व्यवस्थामा बस्नका लागि उनीहरूलाई बाध्य बनाइँदैन;

(ख) अपाङ्गता भएका व्यक्तिहरूलाई बस्न र समुदायमा समावेश हुन तथा समुदायबाट एक्ल्याउने र अलग्याउने कार्य हुनबाट रोक्न आवश्यक पर्ने व्यक्तिगत सहयोगलगायत विभिन्न स्तरका घरभित्रको, आवासीय र अन्य सामुदायिक सहयोग सेवाहरूमा पहुँच हुन्छ;

(ग) सर्वसाधारणलाई उपलब्ध सामुदायिक सेवा तथा सुविधाहरू अपाङ्गता भएका व्यक्तिहरूलाई समान आधारमा उपलब्ध छन् तथा निजहरूको आवश्यकताहरू प्रति उत्तरदायी छन् ।

**धारा २० : व्यक्तिगत गमनशीलता**

पक्ष राष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरूलाई देहायका कुराहरूको माध्यमबाट समेत अधिकतम सम्भावित स्वनिर्भरतासहित व्यक्तिगत गमनशीलता सुनिश्चित गर्न प्रभावकारी उपायहरू अवलम्बन गर्नेछन् :

(क) अपाङ्गता भएका व्यक्तिहरूलाई निजहरूले रोजको तरिका र समयमा तथा धान्नसक्ने मूल्यमा व्यक्तिगत गमनशीलता सहज बनाउने;

(ख) गुणस्तरीय गमनशीलता सेवा, उपकरण, सहयोगात्मक प्रविधि तथा प्राणीबाट हुने प्रत्यक्ष सहयोग र माध्यम सेवा धान्न सक्ने मूल्यमा उपलब्ध गराई पहुँच सहज बनाउने;

(ग) अपाङ्गता भएका व्यक्तिहरू तथा अपाङ्गता भएका व्यक्तिहरूको साथमा काम गर्ने विशेषज्ञ कर्मचारीहरूलाई गमनशीलता सीपसम्बन्धी तालिम प्रदान गर्ने;

(घ) गमनशीलता सेवा, उपकरण, सहयोगात्मक प्रविधि उत्पादन गर्ने निकायहरूलाई अपाङ्गता भएका व्यक्तिहरूको लागि गमनशीलताका सम्पूर्ण पक्षहरूमा ध्यान दिन प्रोत्साहन गर्ने ।

**धारा २१ : विचार र अभिव्यक्तिको स्वतन्त्रता तथा सूचनामा पहुँच**

यस महासन्धिको धारा २ मा परिभाषा भएबमोजिमका आफूले रोजेको सबै प्रकारका सञ्चारका माध्यमहरूमार्फत अन्य व्यक्तिहरूसरह अपाङ्गता भएका व्यक्तिहरूले समान आधारमा सूचना र मत माग गर्ने, प्राप्त गर्ने र प्रदान गर्नेलगायतका विचार र अभिव्यक्तिको स्वतन्त्रता उपभोग गर्न पाउने कुरा सुनिश्चित गर्न पक्ष राष्ट्रहरूले देहायका कार्यहरूसमेत गरी सबै उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् :

(क) अपाङ्गता भएका व्यक्तिहरूलाई सर्वसाधारणका लागि लक्षित गरिएका सूचनालाई विभिन्न प्रकारका अपाङ्गतालाई उपयुक्त हुने गरी पहुँचयोग्य ढाँचा र प्रविधिमा समयमा नै र अतिरिक्त खर्चबिना उपलब्ध गराउने;

(ख) अपाङ्गता भएका व्यक्तिहरूले कार्यालयीय अन्तर्रक्रियाहरूमा आफूले रोजेको सांकेतिक भाषा, ब्रेल, प्रवर्द्धनात्मक र वैकल्पिक संचार एवं संचारका अरु सबै प्रकारका पहुँचयोग्य साधन, तरिका र ढाँचा प्रयोग गर्न पाउने कुरालाई स्वीकार गरेर एवं त्यस्तो प्रयोगलाई सहज बनाउने;

(ग) सर्वसाधारणलाई इन्टरनेटलगायतका सेवा प्रदान गर्ने निजी क्षेत्रका संस्थाहरूलाई त्यस्तो सूचना र सेवा अपाङ्गता भएका व्यक्तिहरूले पहुँच गर्न र प्रयोग गर्न सक्ने ढाँचामा प्रदान गर्न आह्वान गर्ने;

(घ) इन्टरनेटको माध्यमबाट सूचना प्रदान गर्ने सूचना प्रदायकहरूलगायत जनसंचारलाई उनीहरूको सेवा अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयोग्य बनाउनका लागि प्रोत्साहित गर्ने;

ङ) सांकेतिक भाषाको प्रयोगलाई मान्यता दिने तथा प्रवर्द्धन गर्ने ।

**धारा २२ : गोपनीयताको सम्मान**

१. अपाङ्गता भएका कुनै पनि व्यक्तिलाई निजको वासस्थान वा बसोवासको प्रबन्ध मिलाइएको स्थान जहाँ भए तापनि तिनको गोपनीयता, परिवार, घर वा पत्राचार वा अन्य प्रकारका संचारहरूलाई स्वेच्छाचारी वा गैरकानुनी हस्तक्षेप वा निजको सम्मान र प्रतिष्ठालाई गैरकानुनी आक्रमणको विषय बनाइनेछैन । अपाङ्गता भएका व्यक्तिहरूलाई त्यस्ता हस्तक्षेप वा आक्रमणविरुद्ध कानुनको संरक्षण पाउने अधिकार हुनेछ ।

२. पक्ष राष्ट्रहरूले अन्य व्यक्तिहरूसरह समान आधारमा अपाङ्गता भएका व्यक्तिहरूको वैयक्तिक, स्वास्थ्य तथा पुनर्स्थापनासम्बन्धी सूचनाको गोपनीयताको संरक्षण गर्नेछन् ।

**धारा २३ : घर तथा परिवारको सम्मान**

पक्ष राष्ट्रहरूले देहायका कुराहरू सुनिश्चित गर्न लागि विवाह, परिवार, पितृत्व वा मातृत्व र नाता सम्बन्धहरूसँग सम्बन्धित सबै कुराहरूमा अन्य व्यक्तिहरू सरह समान आधारमा अपाङ्गता भएका व्यक्तिहरूविरुद्धका भेदभाव उन्मूलन गर्ने प्रभावकारी र उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् :

(क) विवाह योग्य उमेर भएका अपाङ्गता भएका व्यक्तिहरूले आफ्नो चाहनाअनुसारको जीवन साथीसँग स्वतन्त्र र पूर्ण सहमतिको आधारमा विवाह गर्ने र परिवार बसाउने अधिकार स्वीकार गरिएको;

(ख) आफ्ना सन्तानहरूको संख्या तथा जन्मान्तरको बारेमा स्वतन्त्रता तथा जिम्मेवारीपूर्वक निर्णय गर्ने तथा उमेर सुहाउँदो जानकारी, प्रजननसम्बन्धी तथा परिवार नियोजन शिक्षामा पहुँच पाउने अपाङ्गता भएका व्यक्तिहरूको अधिकारलाई स्वीकार गरिएको छ तथा निजहरूलाई त्यस्ता अधिकारहरू प्रयोग गर्न सक्षम बनाउने साधनहरू उपलब्ध गराइएको;

(ग) अन्य व्यक्तिहरू सरह समान आधारमा अपाङ्गता भएका बालबालिकालगायत अपाङ्गता भएका व्यक्तिहरूले प्रजनन क्षमतालाई कायम गर्न राखेको ।

२. पक्ष राष्ट्रहरूले संरक्षकत्व, अभिभावकत्व, ट्रस्टिसिप, धर्मपुत्र वा धर्मपुत्रीको रुपमा ग्रहण गर्ने वा यस्तै अन्य संस्थाहरूसम्बन्धी अवधारणा राष्ट्रिय कानुनमा विद्यमान भएमा त्यस सम्बन्धमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार र जिम्मेवारीहरूलाई सुनिश्चित गर्नेछन्; सबै अवस्थामा बालबालिकाको सर्वोत्तम हित सर्वोपरी हुनुपर्नेछ । आफ्नो बालबच्चाको पालनपोषण गर्ने जिम्मेवारी निर्वाह गर्नका लागि पक्ष राष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरूलाई उपयुक्त सहयोगहरू प्रदान गर्नेछन् ।

३. पक्ष राष्ट्रहरूले पारिवारिक जीवनको सम्बन्धमा अपाङ्गता भएका बालबालिकाको समान अधिकार भएको सुनिश्चित गर्नेछन् । त्यस्ता अधिकारहरूको उपभोगका लागि तथा अप्रकाशन, परित्याग, बेवास्ता र पृथकीकरण गर्ने करालाई रोक्न पक्ष राष्ट्रहरूले अपाङ्गता भएका बालबालिका तथा निजका परिवारहरूलाई समयमै विस्तृत जानकारी, सेवा र सहयोग उपलब्ध गराउने कबुल गर्नेछन् ।

४. पक्ष राष्ट्रहरूले अधिकार प्राप्त अधिकारीहरूले लागू गर्ने कानुन र कार्यविधिबमोजिम पृथकीकरण कार्य बालबालिकाको सर्वोत्तम हितको लागि आवश्यक भएको भनी न्यायिक पुरावलोकनको अधिनमा रही निर्णय गरेबमोजिम बाहेक आफ्नो इच्छाविरुद्ध कुनै पनि बालबलिका निजको बाबुआमाबाट अलग गरिँदैनन् भनी सुनिश्चित गर्नेछन् । बालबालिका वा बावुआमा मध्ये कुनै एक जना वा दुवैमा अपाङ्गता भएको आधारमा कुनै पनि अवस्थामा कुनै पनि बालबालिकालाई पृथक गरिनेछैन ।

५. पक्ष राष्ट्रहरूले अपाङ्गता भएका बालबालिकालाई सबैभन्दा नजिकको परिवारले पालनपोषण गर्न असमर्थ भएको अवस्थामा त्यस्ता बालबालिकालाई वैकल्पिक रुपमा स्याहारसम्भार गर्न विस्तृत नाता सम्बन्धमा तथा त्यस्तो हुन नसकेमा समुदायभित्र नै पारिवारिक वातावरणमा स्याहारसम्भार गर्ने व्यवस्था गर्न हरसम्भव प्रयास गर्नेछन् ।

**धारा २४ : शिक्षा**

१. पक्ष राष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरूको शिक्षाको अधिकार स्वीकार गर्छन् । बिनाकुनै भेदभाव र समान अवसरको आधारमा यस अधिकारलाई हासिल गर्नका लागि पक्ष राष्ट्रहरूले देहायका कुराहरूतर्फ निर्देशित हुने गरी सबै तह र जीवनपर्यन्त सिकाइमा समावेशी शिक्षा प्रणाली सुनिश्चित गर्नेछन् :

(क) मानवको अन्तर्निहित क्षमताका साथै स्वाभिमानको बोध तथा आत्ममूल्यको पूर्ण विकास एवं मानवअधिकार, आधारभूत स्वतन्त्रता र मानव विविधताको अभिवृद्धि गर्ने;

(ख) अपाङ्गता भएका व्यक्तिहरूले आफ्नो व्यक्तित्व, क्षमता र सिर्जनशीलताका साथै निजहरूको मानसिक र भौतिक क्षमतालाई अधिकतम हदसम्म विकास गर्ने;

(ग) अपाङ्गता भएका व्यक्तिहरूलाई प्रभावकारी ढंगमा स्वतन्त्र समाजमा सहभागी हुन सक्षम गराउने

२. यस अधिकार प्राप्तिका लागि पक्ष राष्ट्रहरूले देहायका कुराहरू सुनिश्चित गर्नेछन् :

(क) अपाङ्गताको आधारमा अपाङ्गता भएका व्यक्तिहरू साधारण शैक्षिक प्रणालीबाट उपेक्षित नभएका तथा अपाङ्गताको आधारमा अपाङ्गता भएका बालिबालिका निःशुल्क तथा अनिवार्य प्राथमिक शिक्षा वा माध्यमिक शिक्षाबाट उपेक्षित नभएका;

(ख) आफू बसेको समुदायमा अन्य व्यक्तिहरू सरह समान आधारमा अपाङ्गता भएका व्यक्तिहरूको समावेशी, स्तरीय र निःशुल्क प्राथमिक तथा माध्यमिक शिक्षामा पहुँच भएको;

(ग) व्यक्तिको आवश्यकताअनुसारको उपयुक्त अनुकूलता उपलब्ध गराइएको;

(घ) अपाङ्गता भएका व्यक्तिहरूलाई प्रभावकारी शिक्षा सहज बनाउन प्रचलित शिक्षा प्रणालीअन्तर्गत उनीहरूले सहयोग प्राप्त गरेका;

(ङ) पूर्ण समावेशीपनको लक्ष्यसँग मेल खाने गरी प्राज्ञिक तथा सामाजिक विकास अधिकतम हुने वातावरणमा प्रभावकारी वैयक्तिक सहयोगका उपायहरू प्रदान गरिएका ।

३. पक्ष राष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरूलाई शिक्षामा निजहरूको पूर्ण र समान सहभागितालाई सहज बनाउन र समुदायको एक सदस्यका रुपमा जीवन र सामाजिक विकासका सीपहरू सिक्न सक्षम बनाउनेछन् । यस उद्देश्य प्राप्तिका लागि पक्ष राष्ट्रहरूले देहायका उपायहरू लगायतका उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् :-

(क) ब्रेल, वैकल्पिक लिपी, सञ्चारका सम्बर्द्धनात्मक तथा वैकल्पिक तरिका साधन र ढाँचा तथा पूर्वाभ्यास र गमनशील सीप सिक्न सहज तुल्याउने साथै दौँतरीबाट सिक्ने कला र परामर्श सहज बनाउने;

(ख) सांकेतिक भाषा सिक्न र बहिरा समुदायको भाषिक पहिचानको प्रवर्द्धनलाई सहज बनाउने;

(ग) दृष्टिविहीन, बहिरा वा श्रवण दृष्टिविहीन व्यक्ति खासगरी बालबालिकालाई त्यस्ता व्यक्तिहरूका लागि सबैभन्दा उपयुक्त भाषा र तरिका तथा सञ्चार माध्यमबाट एवं प्राज्ञिक र सामाजिक विकासलाई अधिकतम बनाउने वातावरणहरूमा शिक्षा प्रदान गरिएको सुनिश्चित गर्ने ।

४. यस अधिकारको प्राप्ति सुनिश्चित गर्न सहयोग पुऱ्याउने उद्देश्यले पक्ष राष्ट्रहरूले सांकेतिक भाषा र ब्रेलमा योग्य अपाङ्गता भएका शिक्षकहरूलगायत अन्य शिक्षकहरू नियुक्त गर्न तथा शिक्षाका सबै तहहरूमा कार्य गर्ने विशेषज्ञ र कर्मचारीहरूलाई प्रशिक्षित गर्न उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् । त्यस्तो प्रशिक्षणमा अपाङ्गता बारेको सचेतना र अपाङ्गता भएका व्यक्तिहरूलाई सहयोग गर्न सञ्चारका उपयुक्त संबर्द्धनात्मक एवं वैकल्पिक उपाय, सञ्चारको माध्यम तथा ढाँचा शैक्षिक प्रविधि र सामग्री समाहित भएको हुनुपर्नेछ ।

५. पक्ष राष्ट्रहरूले भेदभावबिना र अन्य व्यक्तिहरू सरह समान आधारमा अपाङ्गता भएका व्यक्तिहरू सामान्य शिक्षा, व्यावसायिक प्रशिक्षण, प्रौढ शिक्षा तथा आजीवन अध्ययनमा पहुँच प्राप्त गर्न सक्षम भएको सुनिश्चित गर्नेछन् । यस उद्देश्य प्राप्तिका लागि पक्ष राष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरूलाई उपयुक्त अनुकूलता प्रदान गरिएको सुनिश्चित गर्नेछन् ।

**धारा २५ : स्वास्थ्य**

पक्ष राष्ट्रहरूले अपाङ्गताको आधारमा हुने भेदभावबिना अपाङ्गता भएका व्यक्तिहरूलाई उच्चतम प्राप्यस्तरको स्वास्थ्य प्राप्त गर्ने अधिकार भएको स्वीकार गर्छन् । पक्ष राष्ट्रहरूले स्वास्थ्यसँग सम्बन्धित पुनर्स्थापनालगायत लैङ्गिक संवेदनशील भएका स्वास्थ्य सेवाहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई पहुँच भएको सुनिश्चित गर्न सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् । पक्ष राष्ट्रहरूले खासगरी देहायका कुराहरू गर्नेछन् :-

(क) अपाङ्गता भएको व्यक्तिहरूलाई पनि अन्य व्यक्तिहरूलाई प्रदान गरिएअनुसारकै तह, गुण र स्तरको निःशुल्क वा धान्न सकिने यौनजन्य र प्रजनन स्वास्थ्य तथा जनसंख्यामा आधारित सार्वजनिक स्वास्थ्य कार्यक्रमका क्षेत्रहरूमालगायत अन्य स्वास्थ्य उपचार र कार्यक्रमहरू प्रदान गर्ने;

(ख) अपाङ्गता भएका व्यक्तिहरूलाई विशेष गरी निजहरूको अपाङ्गताको कारणले आवश्यक पर्ने उपयुक्तताअनुसार यथासमय अपाङ्गता पहिचान तथा हस्तक्षेप गर्ने एवं बच्चा तथा वृद्ध व्यक्तिहरूलगायत अन्य व्यक्तिहरूमा थप अपाङ्गता न्यूनीकरण वा रोकथाम गर्न तयार गरिएका सेवालगायतका स्वास्थ्य सेवाहरू प्रदान गर्ने;

(ग) ग्रामीण क्षेत्रहरूलगायत मानिसहरूको आफ्नो समुदायको सम्भव भएसम्म नजिक हुने गरी त्यस्ता स्वास्थ्य सेवाहरू प्रदान गर्ने;

(घ) तालिम एवं सार्वजनिक र निजी स्वास्थ्य उपचारका लागि नैतिक मापदण्डहरूको कार्यान्वयनको माध्यमबाट मानवअधिकार, मर्यादा, स्वायत्तता र अपाङ्गता भएको व्यक्तिहरूका आवश्यकतालगायतका विषयहरूमा सचेतना अभिवृद्धि गरी स्वतन्त्र तथा सूचित सहमतिका आधारमा समेत अन्य व्यक्ति सरहको स्तरीय उपचार अपाङ्गता भएको व्यक्तिहरूलाई प्रदान गर्न स्वास्थ्य व्यवसायीहरूलाई लगाउने;

(ङ) राष्ट्रिय कानुनले स्वास्थ्य बिमा र जीवन बिमालाई अनुमति दिएको अवस्थामा त्यस्तो बिमाको व्यवस्थामा अपाङ्गता भएको व्यक्तिहरूविरुद्धको भेदभावलाई निषेध गर्ने तथा त्यस्तो बिमा स्वच्छ र उचित ढंगमा प्रदान गरिने;

च) अपाङ्गताको आधारमा स्वास्थ्य उपचार वा स्वास्थ्य सेवा वा खाद्यान्न वा पेय पदार्थको भेदभावकारी अस्वीकृतिलाई रोक्ने ।

**धारा २६ : वासस्थान र पुनर्स्थापना**

१. पक्ष राष्ट्रहरूले अपाङ्गता भएको व्यक्तिहरूलाई अधिकतम स्वतन्त्रता, पूर्ण  शारीरिक, मानसिक, सामाजिक र व्यावसायिक सक्षमता हासिल गर्न एवं कायम राख्न तथा जीवनका सबै पक्षहरूमा पूर्ण रुपले समावेश हुन सक्षम तुल्याउन दौंतरीको सहयोग मार्फतलगायत अन्य प्रभावकारी र उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् । यस उद्देश्य प्राप्तिका लागि, पक्ष राष्ट्रहरूले खासगरी स्वास्थ्य, रोजगारी, शिक्षा र सामाजिक सेवाका क्षेत्रहरूमा विस्तृत वासस्थान र पुनर्स्थानासम्बन्धी सेवा र कार्यक्रमहरू देहाय अनुसार आयोजना, सुदृढीकरण तथा विस्तार गर्नेछन् :

(क) त्यस्ता सेवा र कार्यक्रमहरू सकेसम्म प्रारम्भिक अवस्थामा नै सुरु गरिने तथा व्यक्तिको आवश्यकता र क्षमताको बहुआयामिक मूल्याङ्कनमा आधारित हुनेछन्;

ख) त्यस्ता सेवा र कार्यक्रमहरूले समुदायमा र समाजका सबै पक्षहरूमा सहभागिता र समावेशीलाई सघाउ पुऱ्याउने छन् र स्वेच्छिक हुनेछन् तथा अपाङ्गता भएका व्यक्तिहरूलाई ग्रामीण क्षेत्रहरूलगायत अन्य क्षेत्रहरूमा सकेसम्म उनीहरूको समुदायको नजिक हुनेगरी उपलब्ध गराइनेछन् ।

२. पक्ष राष्ट्रहरूले  वासस्थान र पुनर्स्थापनासम्बन्धी सेवामा कार्यरत कर्मचारी र पेसाकर्मीहरूका लागि प्रारम्भिक एवं निरन्तर प्रशिक्षणको विकासलाई प्रवर्द्धन गर्नेछन् ।

३. पक्ष राष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरूका लागि तयार गरिएका वासस्थान र पुनर्स्थापनासँग सम्बन्धित सहयोगी उपकरण तथा प्रविधिका उपलब्धता, ज्ञान र प्रयोगलाई प्रवर्द्धन गर्नेछन् ।

**धारा २७ : काम र रोजगार**

१. पक्ष राष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरूको अन्य व्यक्तिहरू सरह समान आधारमा काम गर्न पाउने अधिकारलाई स्वीकार गर्छन्; त्यस्तो अधिकारमा श्रम बजारमा अपाङ्गता भएका व्यक्तिहरूले स्वतन्त्रपूर्वक छनौट र स्वीकार गरेको काम गरी जीवन निर्वाह गर्न पाउने अवसर तथा खुल्ला, समावेशी तथा पहुँचयोग्य वातावरणमा काम गर्ने अधिकारसमेत समावेश छ । पक्ष राष्ट्रहरूले, अन्य कुराका अतिरिक्त, देहायका कार्यहरू गर्नको लागि कानुन निर्माणलगायत उपयुक्त उपायहरू अवलम्बन गरी रोजगारीको क्रममा अपाङ्गता बेहोरेका व्यक्तिहरूलगायत अपाङ्गता भएका अन्य व्यक्तिहरूको कामको अधिकार उपभोगको संरक्षण र प्रवर्द्धन गर्नेछन्;

(क) भर्ना, छनौट र नियुक्तिका सर्तहरू, सेवाको निरन्तरता, वृत्ति विकास र सुरक्षित एवं स्वस्थ्यकर कार्य अवस्थालगायत सबै प्रकारका रोजगारीहरूसँग सम्बन्धित अपाङ्गताको आधारमा हुने भेदभावलाई निषेध गर्ने;

(ख) अन्य व्यक्तिहरू सरह अपाङ्गता भएका व्यक्तिहरूको समान अवसर तथा समान कामको लागि समान ज्याला, सुरक्षित र स्वस्थकर कार्यअवस्था, दुर्व्यवहारबाट संरक्षणसमेत तथा गुनासोको सुनुवाइलगायतका काम गर्नका लागि चाहिने न्यायपूर्ण र अनुकूल वातावरण पाउने अधिकारको संरक्षण गर्ने;

(ग) अन्य व्यक्तिहरू सरह समान आधारमा अपाङ्गता भएका व्यक्तिहरूले पनि निजहरूको श्रम तथा ट्रेड युनियनसम्बन्धी अधिकार प्रयोग गर्न पाएको सुनिश्चित गर्ने;

(घ) साधारण प्राविधिक एवं पेसागत निर्देशन कार्यक्रम, पदस्थापन सेवा एवं पेसागत तथा निरन्तर तालिममा प्रभावकारीरूपमा पहुँच प्राप्त गर्न अपाङ्गता भएका व्यक्तिहरूलाई सक्षम बनाउने;

(ङ) अपाङ्गता भएका व्यक्तिहरूलाई काम खोज्ने, काम पाउने, काममा बहाल रहने र काममा फर्कने एवं श्रम बजारमा रोजगारी र वृत्ति विकासका अवसरहरूको प्रवर्द्धन गर्ने;

(च) अपाङ्गता भएका व्यक्तिहरूका लागि स्वरोजगार, उद्यमशीलता, सहकारिताको विकास र आफै व्यवसाय सुरु गर्ने अवसरहरूको प्रवर्द्धन गर्ने;
(छ) अपाङ्गता भएका व्यक्तिहरूलाई सार्वजनिक क्षेत्रमा रोजगारी प्रदान गर्ने;
(ज) सकारात्मक कार्य योजना, प्रोत्साहन तथा अन्य उपायहरू समाविष्ट उपयुक्त नीति र उपायहरूको माध्यमद्वारा अपाङ्गता भएका व्यक्तिहरूको निजी क्षेत्रमा रोजगारी प्रवर्द्धन गर्ने;
(झ) अपाङ्गता भएका व्यक्तिहरूलाई कार्यस्थलमा उपयुक्त अनुकूलता उपलब्ध गराइएको सुनिश्चित गर्ने;
(ञ) अपाङ्गता भएका व्यक्तिहरूले खुला श्रम बजारमा कार्यअनुभव प्राप्त गर्ने कुरालाई प्रवर्द्धन गर्ने;
(ट) अपाङ्गता भएका व्यक्तिहरूको लागि व्यावसायिक तथा पेसागत पुनर्स्थापना, रोजगारीको निरन्तरता तथा काममा फर्कने कार्यक्रमहरूको प्रवर्द्धन गर्ने ।

२. पक्ष राष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरू दास वा बाँधा नबनाइएको तथा उनीहरूले अन्य व्यक्तिहरू सरह समान आधारमा बलपूर्वक वा अनिवार्य श्रमबाट संरक्षण पाएको सुनिश्चित गर्नेछन् ।

**धारा २८ : पर्याप्त जीवनस्तर र सामाजिक संरक्षण**

१. पक्ष राष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरू आफैँलाई र तिनका परिवारका लागिसमेत पर्याप्त खाद्यान्न, लुगा एवं आवाससमेतको पर्याप्त जीवनस्तरको तथा जीवन निर्वाहका अवस्थाहरूको निरन्तर सुधारको अधिकार भएको स्वीकार गर्छन् तथा अपाङ्गताको आधारमा गरिने कुनै पनि भेदभावबिना त्यस्तो अधिकारको उपभोग, संरक्षण र प्रवर्द्धन गर्न उपयुक्त कदमहरू चाल्नेछन् ।

२. पक्ष राष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरूलाई सामाजिक सुरक्षा तथा अपाङ्गताको आधारमा गरिने कुनै पनि भेदभावबिना त्यस्तो अधिकारको उपभोग गर्न पाउने अधिकार भएको स्वीकार गर्छन् तथा त्यस्तो अधिकारको उपभोग, संरक्षण र प्रवर्द्धन गर्न देहायका उपायहरूलगायत अन्य उपयुक्त कदमहरू चाल्नेछन् :

(क) स्वच्छ पानीको आपूर्तिमा अपाङ्गता भएका व्यक्तिहरूको समान पहुँच सुनिश्चित गर्ने तथा उपयुक्त र धान्न सकिने मूल्यमा सेवा, उपकरण र अपाङ्गतासँग सम्बन्धित आवश्यकताहरूको लागि अन्य सहयोगहरूमा निजहरूको पहुँच सुनिश्चित गर्ने;
(ख) अपाङ्गता भएका व्यक्तिहरू खासगरी अपाङ्गता भएका महिला र वृद्धवृद्धाहरूको लागि सामाजिक सुरक्षा कार्यक्रम तथा गरिबी न्यूनीकरण कार्यक्रमहरूमा पहुँच सुनिश्चित गर्ने;
(ग) गरिबीको अवस्थामा जीवनयापन गरिरहेका अपाङ्गता भएका व्यक्तिहरू र उनीहरूका परिवारलाई पर्याप्त तालिम, परामर्श, आर्थिक सहयोग एवं सहायता सेवालगायत अपाङ्गतासम्बन्धी खर्चहरूमा राज्यबाट प्रदान गरिने सहयोगमा पहुँच सुनिश्चित गर्ने;
(घ) सार्वजनिक आवास कार्यक्रममा अपाङ्गता भएका व्यक्तिहरूको पहुँचलाई सुनिश्चित गर्ने;
(ङ) अवकाशपछिको सुविधा तथा कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच सुनिश्चित गर्ने ।

**धारा २९ : राजनीतिक तथा सार्वजनिक जीवनमा सहभागिता**

पक्ष राष्ट्रहरूले अन्य व्यक्तिहरू सरह समान आधारमा अपाङ्गता भएका व्यक्तिहरूलाई राजनीतिक अधिकार तथा त्यस्ता अधिकारहरूको उपभोग गर्ने अवसरको प्रत्याभूति दिनेछन् र देहायका कुराहरू गर्ने कबुल गर्नेछन् :

(क) अन्य व्यक्तिहरू सरह अपाङ्गता भएका व्यक्तिहरूलाई मतदान गर्ने तथा निर्वाचित हुनेलगायत प्रत्यक्ष वा स्वतन्त्र रुपमा चुनिएका प्रतिनिधीहरूमार्फत राजनीतिक तथा सार्वजनिक जीवनमा प्रभावकारी एवं पूर्ण रुपमा सहभागी हुन सकेका छन् भनी अरू कुराका अतिरिक्त देहायका कुराहरूबाट सुनिश्चित गर्ने :

(अ) मतदानका प्रक्रिया, सुविधा र सामग्रीहरू उपयुक्त, पहुँचयोग्य तथा बुझ्न एवं प्रयोग गर्न सहज भएको सुनिश्चित गर्ने;
(आ) अपाङ्गता भएका व्यक्तिहरूले भयमुक्त वातावरणमा निर्वाचन र सार्वजनिक जनमत संग्रहहरूमा गोप्य मतदान प्रक्रियाद्वारा मतदान गर्ने तथा निर्वाचनमा उम्मेदवार हुने, सरकारका सबै तहहरू र सार्वजनिक कार्यहरूमा पद धारण गर्न र कार्य सम्पादन गर्न पाउने अधिकारको संरक्षण गर्ने तथा उपयुक्त भएको अवस्थामा सहयोगात्मक र नयाँ प्रविधिहरूको प्रयोगलाई सहज बनाउने;

(इ) अपाङ्गता भएका व्यक्तिहरूलाई मतदाताका रुपमा आफ्नो इच्छा स्वतन्त्र रुपमा अभिव्यक्त गर्नसक्ने अधिकार प्रत्याभूत गर्ने तथा यस उद्देश्य प्राप्तिका लागि उनीहरूको अनुरोधमा मतदान गर्न उनीहरूले रोजेको व्यक्तिको सहयोग प्राप्त गर्न अनुमति दिने ।

(ख) अपाङ्गता भएका व्यक्तिहरूले अन्य व्यक्तिहरूसरह समान आधारमा बिनाभेदभाव सार्वजनिक क्रियाकलापहरूको सञ्चालनमा प्रभावकारी तथा पूर्ण रुपमा सहभागी हुनसक्ने वातावरणको सक्रिय रुपले प्रवर्द्धन गर्ने तथा देहायका कुराहरूलगायत सार्वजनिक क्रियाकलापहरूमा उनीहरूको सहभागितालाई प्रोत्साहित गर्ने;

(अ) मुलुकको सार्वजनिक तथा राजनीतिक जीवनसँग सम्बन्धित गैरसरकारी संघसंस्थामा तथा राजनीतिक दलहरूको गतिविधी र सञ्चालनमा सहभागिता;

(आ) अन्तर्राष्ट्रिय, राष्ट्रिय, क्षेत्रीय र स्थानीयस्तरमा अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व गर्न अपाङ्गता भएका व्यक्तिहरूको संगठन खोल्ने र त्यस्तो संगठनको सदस्य बन्ने ।

**धारा ३० : सांस्कृतिक जीवन, मनोरञ्जन, विश्राम तथा खेलकुदमा सहभागिता**

१. पक्ष राष्ट्रहरू अन्य व्यक्तिहरू सरह समान आधारमा अपाङ्गता भएका व्यक्तिहरूलाई सांस्कृतिक जीवनमा सहभागी हुने अधिकार भएको स्वीकार गर्छन् र पक्ष राष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरूले देहाय बमोजिमका कुराहरू गर्न पाएको सुनिश्चित गर्न सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् :

(क) पहुँचयोग्य ढाँचाहरूमा सांस्कृतिक सामग्रीहरूमा पहुँच उपभोग गर्ने;

(ख) पहुँचयोग्य ढाँचाहरूमा टेलिभिजन कार्यक्रम, चलचित्र, नाटक र अन्य सांस्कृतिक क्रियाकलापहरूमा पहुँच उपभोग गर्ने;

(ग) नाट्यशाला, संग्रहालय, सिनेमा हल, पुस्तकालय, पर्यटकीय सेवाजस्ता सांस्कृतिक कार्यक्रम वा सेवाहरू सञ्चालन गर्ने स्थानहरूमा पहुँच उपभोग गर्ने तथा सम्भव भएको हदसम्म राष्ट्रिय सांस्कृतिक महत्वका स्मारक र स्थलहरूमा पहुँच उपभोग गर्ने ।

२. अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूको व्यक्तिगत फाइदाको लागिमात्र नभई समाजको वैभवका लागि समेत उनीहरूको सिर्जनशील, कलात्मक तथा बौद्धिक आन्तरिक क्षमताको विकास तथा उपभोग गर्ने अवसर प्राप्त गर्न सक्षम बनाउन पक्ष राष्ट्रहरूले उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् ।

३. बौद्धिक सम्पत्तिसम्बन्धी अधिकार संरक्षण गर्ने कानुनले अपाङ्गता भएका व्यक्तिहरूलाई सांस्कृतिक सामग्रीहरूमा पहुँच गर्न अनुचित वा विभेदकारी अवरोधहरू सिर्जना नगरेको सुनिश्चित गर्न पक्ष राष्ट्रहरूले अन्तर्राष्ट्रिय कानुनबमोजिम उपयुक्त सम्पूर्ण कदमहरू चाल्नेछन् ।

४. अन्य व्यक्तिहरू सरह समान आधारमा अपाङ्गता भएका व्यक्तिहरू पनि सांकेतिक भाषा तथा बहिरा संस्कृतिलगायत विशेष सांस्कृतिक तथा भाषिक पहिचानको मान्यता र सहायता पाउने हक राख्नेछन् ।

५. अपाङ्गता भएका व्यक्तिहरूलाई अन्य व्यक्तिहरू सरह समान आधारमा मनोरञ्जनात्मक, विश्राम तथा खेलकुदका क्रियाकलापहरूमा सहभागी हुन सक्षम बनाउने अभिप्रायले भएको देहायका उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् :

(क) सम्पूर्ण तहहरूमा मूलप्रवाहका खेलकुद क्रियाकलापमा अपाङ्गता भएका व्यक्तिहरूको सम्भव भएको हदसम्म सहभागितालाई प्रोत्साहित तथा प्रवर्द्धन गर्ने;

ख) अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गता विशेष खेलकुद तथा मनोरञ्जनात्मक क्रियाकलापहरू आयोजना गर्ने, विकास गर्ने तथा त्यसमा सहभागी हुन पाउने अवसर उपलब्ध भएको सुनिश्चित गर्ने तथा यस उद्देश्य प्राप्तिका लागि अन्य व्यक्तिहरू सरह समान आधारमा उपयुक्त प्रशिक्षण, तालिम र स्रोतहरूको व्यवस्थालाई प्रोत्साहित गर्ने;

ग) अपाङ्गता भएका व्यक्तिहरूको खेलकुद, मनोरञ्जनात्मक र पर्यटकीय स्थानहरूमा पहुँच भएको सुनिश्चित गर्ने;

(घ) विद्यालय प्रणालीभित्रका क्रियाकलापहरूलगायत अन्य नाटक, मनोरञ्जन र विश्राम र खेलकुद क्रियाकलापहरूमा अन्य बालबालिका सरह अपाङ्गता भएका बालबालिकाको पहुँच भएको सुनिश्चित गर्ने;

(ङ) मनोरञ्जनात्मक, पर्यटकीय, विश्राम वा खेलकुद क्रियाकलापका संस्थाहरूमा संलग्न व्यक्तिहरूबाट अपाङ्गता भएका व्यक्तिहरूले सेवामा पहुँच पाएको सुनिश्चित गर्ने ।

**धारा ३१: तथ्याङ्क तथा आँकडा संकलन**

१. यस महासन्धिलाई कार्यान्वयन गर्नका लागि नीति तर्जुमा तथा कार्यान्वयन गर्न आफूलाई सक्षम बनाउन पक्ष राष्ट्रहरूले तथ्याङ्क तथा अनुसन्धानात्मक आँकडालगायतका उपयक्त सूचना संकलन गर्ने कबुल गर्दछन् । त्यस्तो सूचना संकलन गर्ने तथा राख्ने प्रक्रिया देहायबमोजिम हुनेछ :

(क) अपाङ्गता भएका व्यक्तिहरूको विश्वसनीयता र गोपनीयताको सम्मान सुनिश्चित गर्न सूचना/तथ्याङ्क संरक्षणसम्बन्धी कानुनलगायतका कानुनी रुपमा स्थापित सुरक्षा व्यवस्थाको पालना गर्ने;

(ख) आँकडाहरूको संकलन तथा प्रयोगमा मानवअधिकार र आधारभूत स्वतन्त्रता संरक्षण गर्न अन्तर्राष्ट्रिय रुपमा मान्य अन्य मापदण्ड र नैतिक नियमहरूको पालना गर्ने ।

(२) यस धाराबमोजिम संकलित सूचनाहरू उपयक्तता अनुसार केलाइनेछ तथा यस महासन्धिअन्तर्गत पक्ष राष्ट्रहरूको जिम्मेवारीको कार्यान्वयन मूल्यांकनमा सहयोग गर्न तथा अपाङ्गता भएका व्यक्तिहरूले उनीहरूको अधिकार प्रयोग गर्दा सामना गर्नुपरेका अवरोधहरूको पहिचान तथा सम्बोधन गर्न प्रयोग गरिनेछन् ।

(३) पक्ष राष्ट्रहरूले त्यस्ता तथ्याङ्कको सम्प्रेषण गर्ने तथा अपाङ्गता भएका व्यक्तिहरू र अन्य व्यक्तिहरूको त्यस्ता तथ्याङ्कमा पहुँच सुनिश्चित गर्ने जिम्मेवारी ग्रहण गर्नेछन् ।

**धारा ३२ : अन्तर्राष्ट्रिय सहयोग**

१. पक्ष राष्ट्रहरूले यस महासन्धिका लक्ष्य तथा उद्देश्य हासिल गर्नका लागि राष्ट्रय प्रयासहरूको समर्थनमा अन्तर्राष्ट्रिय सहयोग र यसको प्रवर्द्धनको महत्वलाई स्वीकार गर्छन् तथा यस सम्बन्धमा उपयुक्ततानुसार राष्ट्रहरूबीच तथा सम्बन्धित अन्तर्राष्ट्रिय र क्षेत्रीय संगठन र नागरिक समाज खासगरी अपाङ्गता भएका व्यक्तिहरूको संगठनको साझेदारीमा उपयुक्त र प्रभावकारी उपायहरू अवलम्बन गर्नेछन् । त्यस्ता उपायहरूमा अरु कुराहरूको अतिरिक्त देहायका कुराहरू समेत समावेश हुन सक्नेछन् :

(क) अन्तर्राष्ट्रिय विकास कार्यक्रमलगायतका अन्तर्राष्ट्रिय सहयोग कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गर्ने तथा निजहरूको लागि पहुँचयोग्य भएको सुनिश्चित गर्ने;

(ख) सूचना, अनुभव, प्रशिक्षण कार्यक्रम तथा सर्वोत्तम अभ्यासहरूको आदानप्रदान तथा हिस्सादारीसमेतको माध्यमबाट सक्षमता विकासलाई सहज बनाउने तथा समर्थन गर्ने;

(ग) अनुसन्धान तथा वैज्ञानिक र प्राविधिक ज्ञानको पहुँचमा सहयोग सहज बनाउने;

(घ) पहुँचयोग्य तथा सहयोगात्मक प्रविधिहरूमा पहुँच र हिस्सेदारीद्वारा तथा प्रविधि हस्तान्तरणमार्फत उपयक्तताअनुसार प्राविधिक तथा आर्थिक सहयोग प्रदान गर्ने;

२. यस धाराका व्यवस्थाहरूले प्रस्तुत महासन्धिअन्तर्गत प्रत्येक पक्ष राष्ट्रले वहन गर्नुपर्ने दायित्वमा प्रतिकूल प्रभाव पार्नेछैनन् ।

**धारा ३३ : राष्ट्रिय स्तरमा कार्यान्वयन तथा अनुगमन**

१. प्रस्तुत महासन्धिको कार्यान्वयनसँग सम्बन्धित कुराहरूका लागि आफ्नो संगठनको प्रणालीअनुसार सरकारी संरचनाभित्र एक वा एकभन्दा बढी सर्म्पक विन्दुहरू तोक्ने तथा विभिन्न क्षेत्र तथा तहहरूमा भएका सम्बन्धित कामहरू सहज तुल्याउन सरकारी संरचनाभित्र एक समन्वयकारी निकाय स्थापना गर्न वा तोक्ने काममा उचित ध्यान दिनेछन् ।

२. पक्ष राष्ट्रहरूले यस महासन्धिको कार्यान्वयनको प्रवर्द्धन, संरक्षण तथा अनुगमन गर्न उपयुक्तताअनुसार आफ्नो कानुनी तथा प्रशासनिक प्रणालीबमोजिम आफ्नो मुलुकमा एक वा सोभन्दा बढी स्वतन्त्र संयन्त्रहरूसमेतको एक कार्य संरचना तोक्ने वा स्थापित गर्नेछन् । पक्ष राष्ट्रहरूले त्यस्तो संयन्त्र तोक्दा वा स्थापना गर्दा मानवअधिकारको संरक्षण र संवर्द्धनका लागि गठन भएको राष्ट्रिय संस्थाको हैसियत र कार्य प्रणालीसँग सम्बन्धित सिद्धान्तहरूलाई दृष्टिगत गर्नेछन् ।

३. अनुगमन प्रक्रियामा नागरिक समाज खासगरी अपाङ्गता भएका व्यक्तिहरू र तिनीहरूका प्रतिनिधि संस्थाहरूलाई पूर्ण रुपमा संलग्न तथा सहभागी गराइनेछ ।

**धारा ३४ : अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी समिति**

१. अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी समिति (यसपछि "समिति" भनिएको) को स्थापना गरिनेछ, जसले यसपछि व्यवस्था गरिएका कामहरू गर्नेछ ।

२. प्रस्तुत महासन्धि लागू हुँदाका बखतमा यस समितिमा बाह्र वटा विशेषज्ञहरू रहनेछन् । महासन्धिमा थप साठी अनुमोदन वा सम्मिलनहरू भएपछि बढीमा अठार जना सदस्य रहने गरी समितिको सदस्यता संख्यामा छ जनासम्मले थप गर्न सकिनेछ ।

३. समितिका सदस्यहरूले आफ्नो व्यक्तिगत क्षमतामा कार्य गर्नेछन् र निजहरू उच्च नैतिक चरित्र तथा यस महासन्धिले समेटेका क्षेत्रमा उत्कृष्ट क्षमता र अनुभव भएका व्यक्तिहरू हुनेछन् । सदस्यहरूको मनोनयन गर्दा प्रस्तुत महासन्धिको धारा ४ (३) मा उल्लिखित व्यवस्थाउपर उचित ध्यान दिन आह्वान गरिनेछ ।

४. समन्यायिक भौगोलिक वितरण, विभिन्न प्रकारका सभ्यता तथा प्रमुख कानुनी प्रणालीहरूको प्रतिनिधित्व, सन्तुलित लैंगिक प्रतिनिधित्व तथा अपाङ्गता भएका विशेषज्ञ व्यक्तिहरूको सहभागितालाई विचार गर्दै पक्ष राष्ट्रहरूले समितिका सदस्यहरू निर्वाचित गर्नेछन् ।

५. पक्ष राष्ट्रहरूको सम्मेलनको बैठकबाट यस महासन्धिका पक्ष राष्ट्रहरूले आफ्ना नागरिकहरूमध्येबाट मनोनयन गरेका व्यक्तिहरूको सूचीबाट गोप्य मतदानद्वारा समितिका सदस्यहरू निर्वाचित हुनेछन् । दुई तिहाइ पक्ष राष्ट्रहरू उपस्थित भए गणपूरक संख्या पुगेको मानिने छ र त्यस्तो बैठकमा उपस्थित तथा मतदान गर्ने पक्ष राष्ट्रहरूका प्रतिनिधिहरूको सर्वाधिक मत तथा पूर्ण बहुमत प्राप्त गर्ने व्यक्तिहरू समितिमा निर्वाचित हुनेछन् ।

६. प्रस्तुत महासन्धि लागू भएको छ महिनाभित्रै प्रारम्भिक निर्वाचन हुनेछ । प्रत्येक निर्वाचनको कम्तीमा चार महिना अगावै संयुक्त राष्ट्रसंघका महासचिवले पक्ष राष्ट्रहरूलाई सदस्यताका लागि दुई महिनाभित्र मनोनयन पेस गर्न आह्वान गर्दै पत्र पठाउनेछन् । तत्पश्चात् महासचिवले मनोनयन गर्ने पक्ष राष्ट्रहरूसमेत खुलाई त्यसरी मनोनयन गरिएका सबै व्यक्तिहरूको वर्णनुक्रममा नामको सूची तयार गर्नेछन् तथा त्यस्तो सूची यस महासन्धिका पक्ष राष्ट्रहरूलाई पेस गर्नेछन् ।

७. समितिका सदस्यहरू चार वर्षका लागि निर्वाचित हुनेछन् । एक पटकका लागि उनीहरू पुनः निर्वाचित हुन योग्य हुनेछन् । तर प्रथम निर्वाचिनमा निर्वाचित छ सदस्यको कार्यकाल दुई वर्षपूरा भएपछि समाप्त हुनेछ, प्रथम निर्वाचन सम्पन्न भएलगतै त्यस्ता छ सदस्यहरूको नाम यस धाराको प्रकरण ५ मा उल्लेख गरिएको बैठकको अध्यक्षद्वारा गोला हालेर छानिनेछ ।

८. समितिका थप छ सदस्यहरूको निर्वाचन यस धाराका सम्बन्धित व्यवस्थाहरूबमोजिम नियमित निर्वाचनको समयमा हुनेछ ।

९. समितिका सदस्यको मृत्यु भएमा वा निजले राजीनामा दिएमा वा अन्य कारणले निजले आफ्नो जिम्मेवारी पूरा गर्न नसक्ने घोषणा गरेमा, मनोनयन गर्ने पक्ष राष्ट्रले यस धाराको सम्बन्धित व्यवस्थामा गरिएको योग्यता भएको र सर्त पूरा गर्ने विशेषज्ञ व्यक्तिलाई बाँकी कार्यकालका लागि सेवा गर्न नियुक्त गर्नेछन् ।

१०. समितिले आफ्नो कार्यविधिको नियम बनाउनेछ ।

११. प्रस्तुत महासन्धिअन्तर्गतको समितिको कार्यको प्रभावकारी सम्पादनको लागि संयुक्त राष्ट्रसंघका महासचिवले आवश्यक कर्मचारी तथा सुविधा उपलब्ध गराउनेछन् र समितिको प्रारम्भिक बैठक बोलाउनेछन् ।

१२. समितिका जिम्मेवारीहरूको महत्वलाई ध्यानमा राख्दै महासभाले निर्णय गरेको सर्त तथा बन्देजका अधिनमा रही प्रस्तुत महासन्धिअन्तर्गत स्थापित समितिका सदस्यहरूले संयुक्त राष्ट्र संघको स्रोतबाट पारिश्रमिक पाउनेछन् ।

१३. समितिका सदस्यहरूलाई संयुक्त राष्ट्र संघको विशेषधिकार तथा उन्मुक्तिसम्बन्धी महासन्धिका सम्बन्धित दफाहरूमा व्यवस्था गरिएअनुसार राष्ट्रहरू, संघको मिसनमा कार्यरत विशेषज्ञहरूको सुविधा, विशेषाधिकार तथा उन्मुक्ति प्राप्त हुनेछ ।

**धारा ३५ : पक्ष राष्ट्रहरूको प्रतिवेदन**

१. सम्बन्धित पक्ष राष्ट्रका लागि प्रस्तुत महासन्धि लागू भएको मितिले दुई वर्षभित्र प्रत्येक पक्ष राष्ट्रले यस महासन्धिअन्तर्गतका आफ्ना जिम्मेवारीहरू पूरा गर्न अवलम्बन गरेका उपयाहरू तथा त्यस सम्बन्धमा हासिल गरेको प्रगतिसम्बन्धी विस्तृत प्रतिवेदन संयुक्त राष्ट्रसंघका महासचिवमार्फत समितिसमक्ष पेस गर्नेछन् ।

२. पक्ष राष्ट्रहरूले तत्पश्चात् कम्तीमा प्रत्येक चार वर्षमा र समितिले अनुरोध गरेको जुनसुकै बखत पछिल्ला प्रतिवेदनहरू पेस गर्नुपर्नेछ ।

३. समितिले प्रतिवेदनको विषय वस्तुका सम्बन्धमा लागू हुने कुनै पनि निर्देशिका सम्बन्धमा निर्णय गर्न सक्नेछ ।

४. समितिसमक्ष विस्तृत प्रारम्भिक प्रतिवेदन पेस गरेको पक्ष राष्ट्रले आफ्ना पछिल्ला प्रतिवेदनहरूमा अगाडि नै उपलब्ध गराइएका जानकारीहरू दोहोऱ्याउन आवश्यक हुनेछैन । त्यसरी समितिसमक्ष पेस गर्नुपर्ने प्रतिवेदनहरू तयार गर्दा, सो कार्य खुला र पारदर्शी रुपमा गर्नेतर्फ ध्यान दिन तथा प्रस्तुत महासन्धिको धारा ४ (३) मा गरिएको व्यवस्थामा उचित ध्यान पुऱ्याउन पक्ष राष्ट्रहरूलाई आह्वान गरिन्छ ।

५. प्रस्तुत महासन्धि अन्तर्गतका जिम्मेवारीहरू निर्वाह गर्ने मात्रा, प्रभाव पार्ने तत्वहरू र कठिनाइहरूको बारेमा प्रतिवेदनहरूले औँल्याउन सक्नेछन् ।

**धारा ३६ : प्रतिवेदन उपर विचार**

१. समितिले प्रत्येक प्रतिवेदन उपर विचार गर्नेछ, सो प्रतिवेदनकासम्बन्धमा आफूले उपयुक्त ठानेको कुनै पनि सुझाव र सामान्य सिफारिस गरी त्यस्ता सुझाव र सिफारिसहरू पक्ष राष्ट्रलाई पठाउनेछ । पक्ष राष्ट्रले आफूले उपयुक्त ठानेको कुनै पनि जानकारी बारे समितिलाई जबाफ दिनसक्नेछ । समितिले प्रस्तुत महासन्धिको कार्यान्वयनसँग सम्बन्धित थप जानकारी पक्ष राष्ट्रसँग अनुरोध गर्न सक्नेछ ।

२. कुनै पक्ष राष्ट्रहरूले लामो समयदेखि प्रतिवेदन पेस नगरेको भए, सूचना गरेको तीन महिनाभित्र पनि त्यस्तो सम्बन्धित प्रतिवेदन पेस नगरिएमा आफूलाई उपलब्ध भरपर्दो जानकारीको आधारमा समितिले त्यस्तो सम्बन्धित राज्यपक्षलाई त्यस पक्ष राष्ट्रहरूमा प्रस्तुत महासन्धिको कार्यान्वयनको जाँचबुझको आवश्यकता बारे सूचित गर्न सक्नेछ । समितिले त्यस्तो जाँचबुझमा सहभागी हुन सम्बन्धित पक्ष राष्ट्रलाई आह्वान गर्नेछ । पक्ष राष्ट्रले सम्बन्धित प्रतिवेदन पेस गरी जबाफ दिएमा, यस धाराको प्रकरण १ को व्यवस्था लागू हुनेछ ।

३. संयुक्त राष्ट्र संघको महासचिवले सबै पक्ष राष्ट्रहरूलाई प्रतिवेदनहरू उपलब्ध गराउनेछन् ।

४. पक्ष राष्ट्रहरूले आआफ्ना मुलुकहरूमा आफ्ना प्रतिवेदनहरू सर्वसाधारणलाई व्यापक रुपमा उपलब्ध गराउने छन् तथा त्यस्ता प्रतिवेदनहरूसँग सम्बन्धित सुझाब र सामान्य सिफारिसहरूमा पहुँच सहज बनाउनेछन् ।

५. पक्ष राष्ट्रहरूबाट प्राप्त प्रतिवेदनहरूमा प्राविधिक सहयोग र सल्लाहका लागि अनुरोध भएको वा आवश्यकता दर्शाइएको भए समितिले उपयुक्त ठानेको अवस्थामा सोको सम्बोधन गर्न त्यस्ता अनुरोध तथा संकेतहरूको सम्बन्धमा समितिको आफ्नो भनाइ वा सिफारिसहरू भए सोसहित राष्ट्रसंघको विशिष्टीकृत निकाय, कोष र कार्यक्रमहरू तथा सक्षम निकायहरूलाई पठाउनेछ ।

**धारा ३७ : पक्ष राष्ट्रहरू तथा समितिबीच सहयोग**

१. प्रत्येक पक्ष राष्ट्रले समितिलाई सहयोग गर्न तथा आफ्नो कार्यादेश पूरा गर्न समितिका सदस्यहरूलाई सहयोग गर्नेछ ।

२. पक्ष राष्ट्रहरूसँगको आफ्नो सम्बन्धमा, प्रस्तुत महासन्धिको कार्यान्वयनका लागि समितिले राष्ट्रिय क्षमता अभिवृद्धि गर्न अन्तर्राष्ट्रिय सहयोगमार्फत लगायत अन्य उपाय र माध्यमहरू उपर उचित ध्यान दिनेछ ।

**धारा ३८ : समितिको अन्य निकायहरूसँगको सम्बन्ध**

प्रस्तुत महासन्धिको प्रभावकारी कार्यान्वयन अभिवृद्धि गर्न तथा प्रस्तुत महासन्धिले समेटेको क्षेत्रमा अन्तर्राष्ट्रिय सहयोग प्रोत्साहित गर्न :

(क) विशिष्टीकृत निकायहरू र संयुक्त राष्ट्रसंघका अन्य अंगहरूलाई उनीहरूको अधिकार क्षेत्रभित्र पर्ने यस महासन्धिका व्यवस्थाहरूको कार्यान्वयनका सम्बन्धमा विचार विमर्श गरिँदा प्रतिनिधित्व गर्ने अधिकार हुनेछ । आआफ्नो सम्बन्धित अधिकार क्षेत्रभित्र पर्ने महासन्धिको कार्यान्वयनका विषयमा समितिले उचित ठानेको अवस्थामा त्यस्ता विशिष्टीकृत निकायहरू र अन्य सक्षम संस्थाहरूलाई विशेषज्ञ परामर्श प्रदान गर्न आमन्त्रण गर्न सक्नेछ । समितिले विशिष्टीकृत निकायहरू र संयुक्त राष्ट्रसंघका अन्य अंगहरूलाई उनीहरूको कार्यक्षेत्रभित्र पर्ने विषयहरूबारे महासन्धिको कार्यान्वयनसम्बन्धी प्रतिवेदन पेस गर्नको लागि आह्वान गर्न सक्नेछ ;

(ख) आआफ्नो प्रतिवेदन तयार गर्ने निर्देशिका, सुझाव र साधारण सिफारिसहरूमा एकरुपता सुनिश्चिता गर्ने तथा आआफ्नो कार्यसम्पादनमा दोहोरोपन र अतिक्रमण हटाउने उद्देश्यले समितिले आफ्नो कार्यादेश पूरा गर्दा उपयुक्त ठानेको अवस्थामा मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिहरूबाट स्थापित अन्य सम्बद्ध नियकायहरूसँग परामर्श गर्नेछ ।

**धारा ३९ : समितिको प्रतिवेदन**

समितिले आफ्ना क्रियाकलापको बारेमा महासभा र आर्थिक तथा सामाजिक परिषद समक्ष प्रत्येक दुई वर्षमा प्रतिवेदन पेस गर्नेछ तथा पक्ष राज्यहरूबाट प्राप्त भएका प्रतिवेदन र सूचनाको जाँचबुझको आधारमा सुझाव र साधारण सिफारिसहरू गर्न सक्नेछ । त्यस्ता सुझाव र साधारण सिफारिसहरूमा पक्ष राष्ट्रहरूबाट कुनै टिप्पणी गरिएको भए सो समेत समितिको प्रतिवेदनमा समावेश गरिनेछ ।

**धारा ४० : पक्ष राष्ट्रहरूको सम्मेलन**

१. पक्ष राष्ट्रहरू प्रस्तुत महासन्धिको कार्यान्वयनसँग सम्बन्धित विषयहरूमा विचार विमर्श गर्न पक्ष राष्ट्रहरूको सम्मेलनमा नियमित रुपमा सहभागी हुनेछन् ।

२. प्रस्तुत महासन्धि लागू भएको छ महिनाभित्रै संयुक्त राष्ट्रसंघका महासचिवद्वारा पक्ष राष्ट्रहरूको सम्मेलन बोलाइनेछ । त्यसपछिका बैठकहरू संयुक्त राष्ट्र संघका महासचिवद्वारा दुई वर्षमा एक पटक वा पक्ष राष्ट्रहरूको सम्मेलनले निर्णय गरेअनुसार बोलाइनेछ ।

**धारा ४१: अभिलेख अधिकारी**

संयुक्त राष्ट्र संघका महासचिव प्रस्तुत महासन्धिको अभिलेख अधिकारी हुनेछन् ।

**धारा ४२ : हस्ताक्षर**

सबै पक्ष राष्ट्रहरू तथा क्षेत्रीय एकीकृत संगठनबाट हस्ताक्षरको लागि प्रस्तुत महासन्धि ३० मार्च २००७ देखि संयुक्त राष्ट्र संघको न्युयोर्क स्थित प्रधान कार्यालयमा खुला हुनेछ ।

**धारा ४३ : बन्धित हुने सहमति**

प्रस्तुत महासन्धि हस्ताक्षरकारी राष्ट्रहरूबाट अनुमोदन तथा हस्ताक्षरकारी क्षेत्रीय एकीकृत संगठनबाट हस्ताक्षरको औपचारिक पुष्टि हुनु पर्नेछ । महासन्धिमा हस्ताक्षर नगरेको कुनै राष्ट्र वा क्षेत्रीय एकीकृत संगठनबाट सम्मिलन हुनको लागि प्रस्तुत महासन्धि खुला रहनेछ ।

**धारा ४४ : क्षेत्रीय एकीकृत संगठन**

१. "क्षेत्रीय एकीकृत संगठन" भन्नाले कुनै निश्चित क्षेत्रका सार्वभौम राष्ट्रहरूले महासन्धिले निर्देशित गर्ने विषयहरूका सम्बन्धमा त्यस्तो संगठनका सदस्य राष्ट्रहरूले आफ्नो सक्षमता हस्तान्तरण गरी गठन गरेको कुनै पनि संगठन सम्झनुपर्छ । त्यस्ता संगठनहरूले तिनीहरूको औपचारिक पुष्टि वा सम्मेलनको दस्तावेजमा महासन्धिले निर्देशित गरेका विषयहरूको सम्बन्धमा आफ्नो सक्षमताको सीमाको घोषणा गर्नेछन् । आफ्नो सक्षमताको सीमामा कुनै आधारभूत परिवर्तन भएपछि त्यस्ता संगठनहरूले अभिलेख अधिकारीलाई सोको जानकारी गराउनुपर्नेछ ।

२. यस महासन्धिको "पक्ष राष्ट्रहरू" भन्ने सन्दर्भ आफ्नो सक्षमताको सीमाभित्र त्यस्ता संगठनहरूका हकमा पनि लागू हुनेछ ।

३. धारा ४५ को प्रकारण १ र धारा ४७ को प्रकरण २ र ३ को प्रयोजनको लागि, क्षेत्रीय एकीकृत संगठनले दाखिला गरेको लिखतको गणना गरिनेछैन ।

४. आफ्नो सक्षमताभित्र रहेका विषयहरूमा क्षेत्रीय एकीकृत संगठनहरूले पक्ष राष्ट्रहरूको सम्मेलनमा प्रस्तुत महासन्धिको पक्ष भएका आफ्नो सदस्य राष्ट्रहरूको संख्या बराबरको मताधिकार प्रयोग गर्न सक्नेछन् । कुनै सदस्य राष्ट्रले आफ्नो मताधिकार प्रयोग गरेमा त्यस्तो संगठनले आफ्नो मताधिकार प्रयोग गर्न पाउनेछैन वा त्यस्तो संगठनले आफ्नो मताधिकार प्रयोग गरेमा सदस्य राष्ट्रले आफ्नो मताधिकार प्रयोग गर्न पाउनेछैन ।

**धारा ४५ : लागू हुने**

१. अनुमोदन वा सम्मिलनको बीसौं लिखत दाखिला भएको मितिले तीसौं दिनदेखि प्रस्तुत महासन्धि लागू हुनेछ ।

२. अनुमोदन वा सम्मिलनको बीसौं लिखत दाखिला भएपछि महासन्धि अनुमोदन गर्ने वा यसमा सम्मिलित हुने प्रत्येक राष्ट्र वा क्षेत्रीय एकीकृत संगठनको हकमा अनुमोदन, औपचारिक पुष्टि वा सम्मिलनको आफ्नो लिखत दाखिला गरेको मितिले तीसौं दिनदेखि प्रस्तुत महासन्धि लागू हुनेछ ।

**धारा ४६ :आरक्षण**

१. प्रस्तुत महासन्धिको उद्देश्य र प्रयोजनसँग मेल नखाने आरक्षण राख्न पाइने छैन ।

२. जुनसुकै समयमा पनि आरक्षणहरू फिर्ता लिन सकिनेछ ।

**धारा ४७ :संशोधन**

१. कुनै पनि पक्ष राष्ट्रले प्रस्तुत महासन्धिमा संशोधन प्रस्ताव गर्न र संयुक्त राष्ट्र संघका महासचिव समक्ष सो प्रस्ताव पेस गर्न सक्नेछ । त्यसपछि महासचिवले त्यस्तो प्रस्तावमा विचार वा निर्णय गर्नका लागि उनीहरू पक्ष राष्ट्रहरूको सम्मेलनको पक्षमा भए वा नभएको कुरा उनीहरूलाई सूचित गर्ने अनुरोध सहित प्रस्तावित संशोधनहरू पक्ष राष्ट्रहरूलाई पठाउने छन् । त्यस्तो सम्मेलनको जानकारी दिएको चार महिनाभित्र कम्तीमा एक तिहाइ पक्ष राष्ट्रहरू त्यस्तो सम्मेलनको पक्षमा भएको अवस्थामा महासचिवले संयुक्त राष्ट्र संघको तत्वावधानमा सम्मेलन बोलाउने छन् । महासचिवले पक्ष राष्ट्रहरूको दुई तिहाई बहुमतबाट पारित भएको कुनै पनि संशोधन महासभामा अनुमोदनका लागि पेस गर्ने र तत्पश्चात् सबै पक्ष राष्ट्रहरू समक्ष स्वीकृतका लागि पेस गर्नेछन् ।

२. यस धाराको प्रकरण १ अनुसार ग्रहण र स्वीकृत गरिएको संशोधन ग्रहण गरिएको मितिमा कायम रहेका पक्ष राष्ट्रहरूमध्ये स्वीकृतिको लिखत दाखिला गर्नेको संख्या दुई तिहाइ पुगेको मितिले तीसौं दिनदेखि सो संशोधन लागू हुनेछ । त्यसपछि सो संशोधन कुनै पक्ष राष्ट्रले स्वीकृतिको लिखत दाखिला गरेको मितिले तीसौं दिनदेखि सो राष्ट्रको हकमा लागू हुनेछ । स्वीकृति गरेको पक्ष राष्ट्रको हकमा मात्रै संशोधन लागू हुनेछ ।

३. पक्ष राष्ट्रहरूको सम्मेलनबाट सर्वसम्मतिबाट निर्णय गरिएको भए धारा ३४,३८,३९ तथा ४० सँगमात्र सम्बन्धित यस महासन्धिको प्रकरण १ बमोजिम पारित ता स्वीकृत कुनै पनि संशोधन त्यस्तो संशोधन पारित गरेको मितिमा दाखिल गरेको स्वीकृतिको लिखत पक्ष राष्ट्रहरूको संख्याको दुई तिहाई पुगेको तीसौं दिनदेखि सबै पक्ष राष्ट्रहरूको हकमा लागू हुनेछ।

**धारा ४८ : परित्याग**

संयुक्त राष्ट्रसंघका महासचिवलाई लिखित सूचना दिएर कुनै पनि पक्ष राष्ट्रले प्रस्तुत महासन्धिलाई परित्याग गर्न सक्नेछ। महासचिवले सूचना प्राप्त गरेको मितिले एक वर्षपछि परित्याग प्रभावकारी हुनेछ।

**धारा ४९ : पहुँचयोग्य स्वरुप**

प्रस्तुत महासन्धिको पाठ पहुँचयोग्य स्वरुपमा उपलब्ध गराइनेछ।

**धारा ५० : प्रामाणिक पाठहरू**

प्रस्तुत महासन्धिका अरबी, चिनीयाँ, अंग्रेजी, फ्रान्सेली, रसियाली तथा स्पेनेली भाषाका पाठहरू समान रुपमा प्रमाणिक हुनेछन्।

जसको प्रमाणस्वरुप, सम्बन्धित सरकारहरूबाट पूर्ण अख्तियार पाएका देहायका हस्ताक्षरकारी अधिकार सम्पन्न प्रतिनिधिहरूले प्रस्तुत महासन्धिमा हस्ताक्षर गरेका छन्।

**अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिको स्वेच्छिक प्रोटोकल, २००६**

**प्रस्तुत प्रोटोकलका पक्ष राष्ट्रहरू देहायबमोजिम गर्न सहमत भएका छन् :**

**धारा - १ :** १. प्रस्तुत प्रोटोकलको कुनै पनि पक्ष राष्ट्रले महासन्धिका व्यवस्थाहरूको उल्लंघन भएबाट पीडित भएको भनी दाबी गर्ने त्यस्तो पक्ष राष्ट्रको क्षेत्राधिकार भित्रका व्यक्तिहरू वा त्यस्ता व्यक्तिहरूको समूहबाट वा तर्फबाट सूचना प्राप्त गर्ने र सो सम्बन्धमा विचार गर्ने सक्षमता अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी समिति ("समिति") मा भएको स्वीकार गर्दछ।

२. प्रस्तुत प्रोटोकलको पक्ष नभएको महासन्धिको कुनै पक्ष राष्ट्रसँग सम्बन्धित कुनै पनि सूचना समितिले ग्रहण गर्नेछैन।

**धारा - २ :** समतिले देहायका अवस्थाहरूमा कुनै सूचना अग्राह्य मान्नेछ :

(क) त्यस्तो सूचना बेनामी भएमा;

(ख) त्यस्तो सूचनाले सो सूचना पेस गर्ने अधिकारको दुरुपयोग गर्ने भएमा वा महासन्धिका व्यवस्थाहरूसँग मेल नखाने भएमा;

(ग) सोही कुरा समितिले अगाडि नै जाँचबुझ गरिसकेको भए वा अन्तर्राष्ट्रिय अनुसन्धान वा निरोपणको अन्य कुनै कार्यविधि अन्तर्गत जाँचबुझ भइसकेको वा जाँचबुझ भइरहेको भए;

(घ) उपलब्ध सम्पूर्ण घरेलु उपचारको उपयोग गरी नसकिएको भए। उपचारको लागि दिइएको निवेदनको कारबाही अनुचित रुपमा त्यस्तो सूचना स्पष्टतः दुराशयमा आधारित रहेको वा पर्याप्त रुपमा स्थापित नगरिएको भए, वा

(च) प्रस्तुत प्रोटोकल लागू भएको मितिपछि पनि त्यस्तो सूचनाका विषयवस्तुहरू निरन्तर कायम रहेको अवस्थामा बाहेक त्यस्ता सूचनाका विषयवस्तुहरू सम्बन्धित पक्ष राष्ट्रको लागि प्रस्तुत प्रोटोकल लागू हुनुभन्दा अगावै भएको भए।

**धारा - ३ :** प्रस्तुत प्रोटोकलको धारा २ मा गरिएको व्यवस्थाको अधिनमा रही आफू समक्ष पेस गरिएको कुनै पनि सूचना समितिले गोप्य ढंगमा पक्ष राष्ट्रहरूको जानकारीमा ल्याउने छ। प्रापक पक्ष राष्ट्रले त्यस्तो विषय र सो सम्बन्धमा आफूले कुनै उपचार अवलम्बन गरेको भए सो कुराहरू स्पष्ट गर्दै छ महिनाभित्र समिति समक्ष लिखित रुपमा स्पष्टीकरण वा विवरणहरू पेस गर्नु पर्नेछ।

**धारा - ४:** १. सूचना प्राप्त भएपछि र तथ्यमा प्रवेश गरी निर्णयमा पुग्नु अगावै कुनै पनि समयमा, पक्ष राष्ट्रले आरोपित उल्लंघनका पीडित वा पीडितहरूलाई सम्भावित अपुरणीय क्षति हुनबाट रोक्न आवश्यक पर्ने अन्तरिम उपायहरू अवलम्बन गर्ने भनी समितिले सम्वन्धित पक्ष राष्ट्रलाई अविलम्ब विचारका लागि अनुरोध गरी पठाउन सक्नेछ।

२. यस धाराको प्रकरण १ अन्तर्गत समितिले आफ्नो स्वविवेक प्रयोग गरेको अवस्थामा सो कुरालाई सूचनाको ग्राह्यता वा सूचनाको तथ्य उपर निर्णय भएको मानिनेछैन।

**धारा - ५:** प्रस्तुत प्रोटोकल अन्तर्गतका सूचनाहरूको छानबिन गर्दा समितिले गोप्य बैठक गर्नेछ । सूचना उपर छानबिन गरेपछि आफ्नो कुनै सुझाब वा सिफारिसहरू भए समितिले सम्बन्धित पक्ष राष्ट्र तथा सूचना दिने व्यक्तिलाई पठाउनेछ ।

**धारा - ६ :** १. कुनै पक्ष राष्ट्रले महासन्धिमा व्यवस्था गरिएका अधिकारहरूको गम्भीर वा सिलसिलाबद्ध उल्लंघन गरेको भरपर्दो सूचना समितिले प्राप्त गरेमा, त्यस्तो सूचनाको छानबिनमा सहयोग गर्न र यस उद्देश्यका लागि सम्बन्धित सूचनाका सम्बन्धमा आफ्नो भनाइ पेस गर्न त्यस्तो पक्ष राष्ट्रलाई आह्वान गर्नेछ ।

२. सम्बन्धित पक्ष राष्ट्रबाट पेस हुनसक्ने भनाइ तथा आफूलाई उपलब्ध अन्य कुनै भरपर्दो सूचनालाई ध्यानमा राखेर, समितिले छानबिन गर्न र अविलम्ब समितिलाई सो सम्बन्धमा जानकारी गराउन आफ्नो एक वा एकभन्दा बढी सदस्यहरूलाई खटाउन सक्नेछ । आवश्यक भएमा र सम्बन्धित पक्ष राष्ट्रको सहमतिमा त्यस्तो छानबिन अन्तर्गत सो पक्ष राष्ट्रको स्थलगत भ्रमण गर्ने कुरासमेत पर्न सक्नेछ ।

३. त्यस्तो छानबिनका ठहरहरू परीक्षण गरेपछि समितिले टिप्पणी र सिफारिसहरू समेत संलग्न गरी त्यस्ता ठहरहरूसहित सम्बन्धित पक्ष राष्ट्रलाई पठाउने छ ।

४. समितिले पठाएका त्यस्ता ठहर, टिप्पणी र सिफारिसहरू प्राप्त गरेको छ महिनाभित्र सम्बन्धित पक्ष राष्ट्रले आफ्नो भनाइ समिति समक्ष पेस गर्नु पर्नेछ ।

५. त्यस्तो छानबिन गोप्य ढंगमा संचालन गरिने छ तथा कारबाहीका सम्पूर्ण चरणहरूमा पक्ष राष्ट्रको  सहयोग खोजिनेछ ।

**धारा - ७ :** १. समितिले प्रस्तुत प्रोटोकलको धारा ६ अन्तर्गत संचालन गरिएको छानबिनको जबाफमा सम्बन्धित पक्ष राष्ट्रले अवलम्बन गरेका उपायहरूको विवरण महासन्धिको धारा ३५ अन्तर्गतको आफ्नो प्रतिवेदनमा समावेश गर्नका लागि आह्वान गर्न सक्नेछ ।

२. धारा ६.४ मा उल्लिखित छ महिनाको अवधि समाप्त भएपछि आवश्यक भएमा समितिले सम्बन्धित पक्ष राष्ट्रलाई त्यस्तो छानबिनको जबाफमा अवलम्बन गरिएका उपायहरू बारे आफूलाई जानकारी गराउन आह्वान गर्न सक्नेछ ।

**धारा - ८ :** प्रत्येक पक्ष राष्ट्रले प्रसतुत प्रोटोकलमा हस्ताक्षर वा अनुमोदन गर्दाको बखतमा वा त्यसमा सम्मिलन गर्दा धारा ६ र ७ मा व्यवस्था भएबमोजिमको समितिको सक्षमता आफूले स्वीकार नगर्ने भनी घोषण गर्न सक्नेछ ।

**धारा - ९ :** संयुक्त राष्ट्रसंघका महासचिव प्रस्तुत प्रोटोकलको अभिलेख अधिकारी हुनेछन् ।

**धारा - १० :** प्रस्तुत प्रोटोकल महासन्धिको हस्ताक्षरकारी राष्ट्र तथा क्षेत्रीय एकीकृत संगठनबाट हस्ताक्षरका लागि ३० मार्च २००७ देखि न्यूयोर्कस्थित संयुक्त राष्ट्रसंघको प्रधान कार्यालयमा खुला हुनेछ ।

**धारा - ११ :** प्रस्तुत प्रोटोकल महासन्धिको अनुमोदन वा सम्मिलन गरेका हस्ताक्षरकारी राष्ट्रहरूबाट हस्ताक्षर हुनु पर्नेछ । प्रस्तुत प्रोटोकल महासन्धिबाट औपचारिक रुपमा पुष्टि गरेका वा त्यसमा सम्मिलित भएका हस्ताक्षरकारी क्षेत्रीय एकीकृत संगठनबाट औपचारिक पुष्टि हुनु पर्नेछ । महासन्धि अनुमोदन गरेको, औपचारिक रुपमा पुष्टि वा सम्मिलन गरेको र प्रस्तुत प्रोटोकलमा हस्ताक्षर नगरेको कुनै पनि राष्ट्र वा क्षेत्रीय एकीकृत संगठनबाट सम्मिलन हुनको लागि प्रस्तुत प्रोटोकल खुला रहनेछ ।

**धारा - १२ :** १. **"क्षेत्रीय एकीकृत संगठन"** भन्नाले कुनै निश्चित क्षेत्रका सार्वभौम राष्ट्रहरूले महासन्धि र प्रस्तुत प्रोटोकलले निर्देशित गर्ने विषयहरूका सम्बन्धमा त्यस्तो संगठनका सदस्य राष्ट्रहरूले आफ्नो सक्षमता हस्तान्तरण गरी गठन गरेको कुनै संगठन सम्झनु पर्छ । त्यस्ता संगठनहरूले तिनीहरूको औपचारिक पुष्टि वा सम्मेलनको लिखतमा महासन्धि र प्रस्तुत प्रोटोकलले निर्देशित गरेका विषयहरूको सम्बन्धमा आफ्नो सक्षमताको सीमाको घोषण गर्दछन् । आफ्नो सक्षमताको सीमामा कुनै आधारभूत परिवर्तन भएपछि त्यस्ता संगठनहरूले अभिलेख अधिकारीलाई जानकारी गराउनु पर्नेछ ।

२. प्रस्तुत प्रोटोकलका "पक्ष राष्ट्रहरू" भन्ने सन्दर्भ आफ्नो सक्षमताको सीमाभित्र त्यस्ता संगठनहरूका हकमा समेत लागू हुनेछ ।

३. धारा १३ को प्रकरण १ र धारा १५ को प्रकरण २ को प्रयोजनको लागि क्षेत्रीय एकीकृत संगठनले दाखिल गरेको कुनै पनि लिखतको गणना गरिनेछैन ।

४. आफ्नो सक्षमताभित्र रहेका विषयहरूमा क्षेत्रीय एकीकृत संगठनहरूले पक्ष राष्ट्रहरूको सम्मेलनमा प्रस्तुत प्रोटोकलको पक्ष भएका आफ्नो सदस्य राष्ट्रहरूको संख्या बराबरको मताधिकार प्रयोग गर्न सक्नेछन् । कुनै सदस्य राष्ट्रले आफ्नो मताधिकार प्रयोग गरेमा त्यस्तो संगठनले आफ्नो मताधिकार प्रयोग गर्न पाउनेछैन वा त्यस्तो संगठनले आफ्नो मताधिकार प्रयोग गरेमा सदस्य राष्ट्रले आफ्नो मताधिकार प्रयोग गर्न पाउनेछैन ।

**धारा - १३ :** १. महासन्धि लागू भएको कुराको अधिनमा रही, अनुमोदन वा सम्मिलनको दसौं लिखत दाखिल गरेको तीसौं दिन देखि प्रस्तुत प्रोटोकल लागू हुनेछ ।

२. दश वटा लिखतहरू दाखिल भएपछि अनुमोदन गर्ने, औपचारिक  रुपमा पुष्टि गर्ने वा सम्मिलन गर्ने प्रत्येक राष्ट्र वा क्षेत्रीय एकीकृत संगठनको हकमा यो प्रोटोकल त्यस्तो दस्तावेज दाखिला गरेको तीसौं दिनदेखि लागू हुनेछ ।

**धारा - १४ :** १. प्रस्तुत प्रोटोकलको उद्देश्य र प्रयोजनसँग मेल नखाने आरक्षण राख्न पाइनेछैन ।

२. जुनसुकै समयमा पनि आरक्षणहरू फिर्ता लिन सकिनेछ ।

**धारा - १५ :** १. कुनै पनि पक्ष राष्ट्रले प्रस्तुत प्रोटोकलमा संशोधन प्रस्ताव गर्न र संयुक्त राष्ट्रसंघका महासचिव समक्ष सो प्रस्ताव पेस गर्न सक्नेछ । त्यसपछि, महासचिवले त्यस्तो प्रस्तावमा विचार वा निर्णय गर्नका लागि उनीहरू पक्ष राष्ट्रहरूको सम्मेलनको पक्षमा भए वा नभएको सूचित गर्ने अनुरोधसहित प्रस्तावित संशोधनहरू पक्ष राष्ट्रहरूलाई पठाउनेछन् । त्यस्तो सम्मेलनको जानकारी दिएको चार महिनाभित्र कम्तीमा एक तिहाइ पक्ष राष्ट्रहरूले त्यस्तो सम्मेलनको पक्षमा भएको अवस्थामा महासचिवले संयुक्त राष्ट्रसंघको तत्वावधानमा सम्मेलन बोलाउने छन् । महासचिवले पक्ष राष्ट्रहरूको दुई तिहाइ बहुमतबाट पारित भएको कुनै पनि संशोधन महासभामा अनुमोदनका लागि पेस गर्ने र तत्पश्चात् सबै पक्ष राष्ट्रहरू समक्ष स्वीकृतिका लागि पेस गर्नेछन् ।

२. यस धाराको प्रकरण १ अनुसार ग्रहण र स्वीकृति गरिएको संशोधन ग्रहण गरेको मितिमा कायम रहेका पक्ष राष्ट्रहरूमध्ये स्वीकृतिको लिखत दाखिला गर्नेको संख्या दुई तिहाइ पुगेको मितिले तीसौं दिनदेखि लागू हुनेछ । त्यसपछि सो संशोधन कुनै पक्ष राष्ट्रले स्वीकृतिको लिखित दाखिला गरेको मितिले तीसौं दिनेदेखि सो राष्ट्रको हकमा लागू हुनेछ । स्वीकृति गरेको राष्ट्रको हकमा मात्रै संशोधन बाध्यात्मक हुनेछ ।

**धारा - १६ :** संयुक्त राष्ट्रसंघका महासचिवलाई लिखित सूचना दिएर कुनै पनि पक्ष राष्ट्रले प्रस्तुत प्रोटोकललाई परित्याग गर्न सक्नेछ । महासचिवले सूचना प्राप्त गरेको मितिले एक वर्षपछि परित्याग प्रभावकारी हुनेछ ।

**धारा - १७ :** प्रस्तुत प्रोटोकलको पाठ पहुँचयोग्य स्व रुपमा उपलब्ध गराइनेछ ।

**धारा - १८ :** प्रस्ततु प्रोटोकलको अरबी, चिनियाँ, अंग्रेजी, फ्रान्सेली, रसियाली ता स्पेनेली भाषाका पाठहरू समान रुपमा प्रामाणिक हुनेछन् । जसको  प्रमाणस्वरुप, सम्बन्धित सरकारहरूबाट पूर्ण अख्तियार पाएका देहायका अधिकार सम्पन्न हस्ताक्षरकारी प्रतिनिधिहरूले प्रसतुत प्रोटोकलमा हस्ताक्षर गरेका छन् ।

## अनुसूची १० : नेपालमा अपाङ्गताको सबालमा कार्यरत केही सरकारी तथा गैरसरकारी अन्तर्राष्ट्रिय निकायहरू ।

| S.N. | Name of EDPs | Work area in terms of Disability | Contact Person & Phone Number | Remarks |
|---|---|---|---|---|
| 1. | Action Aid Nepal | Supporting to include disability issues in the existing community development work of local development partners, policy advocacy work, local self help organization, CBR program, NFD/N | Mr. Bimal Funyal<br>4410929<br>4419115 | |
| 2. | ADRA Nepal | Running hospital for cleft leap and palate, club feet etc | Mr. Yelan Castro<br>5520464<br>5555913 | |
| 3. | Christopher Blinden Mission, Germany | Supporting in prevention and rehabilitation of Visual impairment organization in Nepal | Dr. Albrecht Henning<br>4261921 | |
| 4. | DANIDA | Supporting Government of Nepal and NGOs to develop the capacity to address the disability issues in the education sector e.g. | | |

| | | | | |
|---|---|---|---|---|
| | | developing and strengthening inclusive education | | |
| 5. | Department for International Development (DFID) UK | Supporting different projects to work on disability issues e.g. Handicap International | | |
| 6. | European Commission | Supporting self help organization for the advocacy of human rights and disability rights | | |
| 7. | FFO Norway | Supporting NFD to strengthen and promote self help movement in Nepal | | |
| 8. | Handicap International | Supporting for inclusion of disability issues in development work of I/NGOs | 4378482<br>4374609 | |
| 9. | Hellen Keller International | Supporting in rehabilitation and education of persons with visual impairment in Nepal | Mr. David Spiro<br>5547359 | |
| 10. | Impact Foundation UK | Supporting in prevention and early detection and early intervention program on disability and specifically prevention and care of Hearing Impairment in Nepal | | |
| 11. | International Nepal Fellowship Worldwide (INF worldwide) | Supporting in prevention and rehabilitation of leprosy effected persons in Western Development Regions and also started working with CBOs/NGO and self help organization to strengthen local initiatives | Dr. Deependra K. Gautam<br>061-520111 | |
| 12. | Interplast Germany | Running Hospital for burn cases, clef leap and palate and other various cases of plastic surgery | Dr. Andreas Settje<br>4450826<br>4450304 | |
| 13. | Japan International Cooperation Agency (JICA) | Supporting NGOs by providing volunteers and various training and learning opportunities for self help organization and Government officials in disability issues | | |
| 14. | NORAD Norway | Supporting Save the children Norway | | |
| 15. | Norwegian Church Aid (NCA) | Supporting NGOs on disability issue / service in the field of eye health care | | |
| 16. | Netherlands Leprosy Relief, Netherlands | Supporting prevention and rehabilitation of leprosy in Eastern Development Region | Dr. K.P. Dhakal<br>5950500<br>6680823 | |
| 17. | Plan Nepal | Supporting inclusion of disability issues in community development program of local partners in Morang, Bara and Rautahut | Mr. David Keane<br>5535580 | |
| 18. | Save the Children | Supporting Community Based Rehabilitation of Children with | Mr. Dirgha Narayan | |

| | | | | |
|---|---|---|---|---|
| | | disabilities in Bhaktapur, Patan, Palpa, Morang, supporting RCRD and mainstreaming disability issues in all development programs National level advocacy to strengthen inclusive education, inclusion of disability issues in essential health service of Government | Shrestha<br>4258519<br>4229592<br>4258140 | |
| 19. | Swedish Organization's of Disabled persons International Dev't Association (SHIA) Sweden | Supporting CBR programs and self help organization | Ms. Sujana Shakya<br>4258615 | |
| 20. | Terres Des Homes | Supporting in developing medical support system (Hospital and Rehabilitation of Disabled Children) for children with orthopedic problem | Mr. Joseph Louis<br>5532558 | |
| 21 | United Mission to Nepal | Supporting medical rehabilitation of disabilities in various districts and capacity building of local CBOs and NGOs | Ms. Jennifer Collins<br>4228118<br>4268900 | |
| 22. | VSO UK | Supporting by providing volunteers in NGOs, self help organizations to develop and strengthen their capacity | | |
| 23. | World Health Organization | Supporting in prevention of Deafness and Blindness in Nepal | | |
| 24. | World Vision International | Supporting Area Development Program in various district to include disability issues as a cross cutting issue | Mr. Michale Joseph Frank<br>5548877 | |
| 25. | Karuna Foundation Nepal | Supporting Community Based Rehabilitation of Children with disabilities in Sunsari, Rasuwa, Kavre and supporting RCRD for promotion of CBR | Mr Deepak Raj Sapkota<br>4413340<br>4413719 | |
| 26. | Latter – Day Saint Charities USA | | Mr. Randall K. Bosland<br>4371748<br>4420563 | |
| 27. | Norwegian Association for Person with Dev't Disability - Norway | | Ms. Helene Holland<br>4416473 | |
| 28. | The Norwegian Association of the Blind and partially Sighted – Norway | | Mr. Terje B. Iversen<br>4721190<br>2080105 | |
| 29. | Stitching People's Trust Netherlands | | Mr. Raj Kumar Kunwar<br>2021097 | |

| | | | | |
|---|---|---|---|---|
| | | | 4284802 | |
| 30. | FIDA International - Finland | | Mr. Prem Dangi<br>5522553 | |
| 31. | The Esther Benjamin's Trust (EBT) | | Mr. James Philip Holmes<br>5523642 | |

## अनुसूची ११ : अपाङ्गता परिचयपत्र प्राप्त गर्नको लागि भर्नुपर्ने आवेदन फारमको नमुना ।

अपाङ्गता भएका व्यक्तिको परिचयपत्र आवेदन फारम

फोटो

मिति :................. ............... ........

श्री समाजकल्याण अधिकृत ज्यू
मार्फत ..................... ................गा.वि.स./न.पा.

विषय : अपाङ्गता भएका व्यक्तिको परिचयपत्र पाउँ

महोदय,
म निम्नलिखित कारणले अपाङ्गता भएका व्यक्तिको परिचयपत्र पाउन योग्य भएकोले सो आधारमा उक्त परिचयपत्र पाउन अनुरोध गर्दछु। मैले पेस गरेको विवरण ठीक साँचो छ, झुट्टा ठहरेमा मेरो परिचयपत्र रद्द गरेमा वा भविष्यमा समेत परिचयपत्र नपाउने गरी अयोग्य ठहऱ्याएमा वा प्रचलित कानुनबमोजिम अन्य सजाय भोग्नुपरेमा भोग्न मञ्जुर छु।

१. नाम थर .................... ................... उमेर ................. ......... लिङ्ग ............ .........
२. ठेगाना :
क) स्थायी ठेगाना : नगरपालिका/गा.वि.स. .................. .................. ..............वडा नं............... टोल ............. .................... .....
ख) अस्थायी ठेगाना : नगरपालिका/गा.वि.स. .................. .................. ..............वडा नं............... टोल ............. ..................... .....
ग) सम्पर्क टेलिफोन वा मोबाइल नं. .............. ................. ................
३. संरक्षक/अभिभावकको नाम थर .................... ................ .................. निवेदकको नाता .............. ................... ......
४. संरक्षक/अभिभावकको टेलिफोन वा मोबाइल नं. ............. .................. .............
५. नेपाल सरकारको परिभाषा र वर्गीकरणअनुसार अपाङ्गताको प्रकार ..................... ....................... ........................... ......................
६. नेपाल सरकारको परिभाषा र वर्गीकरणअनुसार मात्राको आधारमा अपाङ्गताको प्रकार .............. .................. ..................
७. अपाङ्गपन भएको शरीरको अङ्ग वा भागको नाम ................ ....................... ....................... ..........................
८. अपाङ्गपन भएपछि सो भाग वा अङ्गको अवस्था ......................... ................................. ............................ ........................... ......................... .............
९. अपाङ्गताको कारण (उपयुक्त स्थानमा चिनो लगाउनुहोस् )
क) रोगको दीर्घ असर ख) दुर्घटना ग) जन्मजात घ) सशस्त्र द्वन्द्व ङ) वंशानुगत च) अन्य ............. ............... .............. ................. ....
१०. अपाङ्गता भएपछि शारीरिक रूपमा देखापरेको समस्या वा अप्ठेरो

...................... ........................ ........................ ............................ ............................ ............................. ......................... .........................  ..
११ सहायक  सामग्री प्रयोग गर्नुपर्ने आवश्यकता भएको वा नभएको (उपयुक्त स्थानमा  चिनो लगाउनुहोस् )
क) भएको                    ख) नभएको
१२. आवश्यकता भएको भए कस्तो प्रकारको सहायक सामग्रीको प्रयोग गर्नुपर्ने हुन्छ ?
............... .............................. ....................... ......................... ............................... ................................. ......................... ............
१३. सहायक सामग्री प्रयोग गर्ने गरेको/नगरेको (उपयुक्त स्थानमा चिनो लगाउनुहोस् )
क) गर्ने गरेको               ख) गर्ने नगरेको
१४. सहायक सामग्री प्रयोग गर्ने गरेको भए सामग्रीको नाम : ........................ ............................... ................................
१५. अन्य व्यक्तिको सहाराबिना आफ्ना कस्ता कस्ता दैनिक कार्य गर्न सक्नुहुन्छ ?
क) ....................... ..............................
ख)........................... ...............................
ग) ......................... ................................
घ) ........................ .................................
ङ) ............................ ..............................
च) .......................... ................................
१६. अन्य व्यक्तिको सहारा लिनुहुन्छ भने कुन कुन कामको लागि लिनु हुन्छ ?
क) ....................... ..............................
ख)........................... ...............................
ग) ......................... ................................
घ) ........................ .................................
ङ) ............................ ..............................
च) .......................... ................................
१७. पछिल्लो शैक्षिक योग्यता (उपयुक्त स्थानमा चिनो लगाउनुहोस)
क) निरक्षर      ख) साक्षर      ग) प्राथमिक तह   घ) निम्न माध्यमिक तह      ङ) माध्यमिक तह  च) उच्च माध्यमिक तह      छ) स्नातक तह    ज) स्नातकोत्तर तह
झ) विद्यावारिधी तह
१८. कुनै तालिम प्राप्त गर्नुभएको भए :
क) ....................... ..............................
ख)........................... ...............................
ग) ......................... ................................
घ) ........................ .................................
१९. हालको पेसा :
क) अध्ययन      ख) खेती किसानी  ग) स्वरोजगार     घ) सीप सिर्जना   ङ) अध्ययन        च) सरकारी नोकरी          छ) निजी क्षेत्रमा नोकरी      ज) केही नगरेको   झ) अन्य ..... .......

निवेदक

नाम ......... .............. ..............

................ ................. ...........
दस्तखत

## अनुसूची १२ : सरकारी अस्पतालहरुमा अपाङ्गता भएका व्यक्तिहरुको लागि निःशुल्क रुपमा पाइने औषधीहरुको सूची

| S.N. | Name of Medicine | Type | S.N. | Name of Medicine | Type |
|---|---|---|---|---|---|
| 1 | Albendazole 400 mg. | Tab. | 21 | Erythromycin 250 mg. / 500 mg. | Tab. |
| 2 | Alpraxolam 0.25 mg. | Tab. | 22 | Ferrous Sulphate 200mg. | Cap. |
| 3 | Aminophyllin | Tab. | 23 | Folic Acid 5mg. | Tab. |
| 4 | Amitriptyline 25 mg. | Tab. | 24 | Frusmide 40mg. | Tab. |
| 5 | Amoxycillin 250 mg. D.T./500 mg. | cap./ Susp. | 25 | Gentamicin | Inj. |
| 6 | Antacid | Tab. | 26 | Hyosine Butybromide 10mg. | Tab. |
| 7 | Aspirin 150 mg. /300 mg. | Tab. | 27 | Ibuprofen 200mg./400mg. | Tab. |
| 8 | Atenolol 25 Mg. / 50 mg. | Tab. | 28 | Metoclopramide 10mg | Tab |
| 9 | Betamethasone | Tab. | 29 | Metronidazole 200mg. / 400mg. | Tab./Inj./Susp. |
| 10 | Bejyl Penicillin | Inj. | 30 | Miconazole Ointment | Ont. |
| 11 | Chlordiazepoxide | Tab. | 31 | Nifedipine 5mg./10mg. | Cap. |
| 12 | Chlorniramine Maleate | Tab. | 32 | Omeprazole 20mg. | Cap. |
| 13 | Cholramphenicol 250 mg. / 500 mg. | Cap./ Susp. | 33 | ORS | Pocket |
| 14 | Ciproflaxacin Eye/Ear Drops | Drop | 34 | Pracentamol 500mg. | Tab. |
| 15 | Ciprofloxacin 250 mg. / 500 mg. | Tab. / Inj. | 45 | Paracentamol + Ibuprofen 500mg. | Tab. |
| 16 | Clotrimazole Ointment 1% 15g. | Ont. | 36 | Prenisolone | Tab. |
| 17 | Clotrimoxazole | Tab. / Susp. | 37 | Ranitidine 150mg. | Tab. |
| 18 | Cloxacillin 250 mg. / 500 mg. | Tab. | 38 | Spironolactone | Tab. |
| 19 | Dexamethasone | Tab. | 39 | Tetracycline | Tab. |
| 20 | Doxycycline 100 mg. | Cap. | 40 | Tinidazole 500mg. | Tab. |
| | | | 41 | Vitamin B 12 | Tab./ Cap. |